नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसा

अध्ययन प्रतिवेदन–२०८२

दलित महिला संघ (फेडो)
कुपण्डोल, ललितपुर

नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसा

प्रकाशक	: दलित महिला संघ (फेडो)
प्रकाशन मिति	: २०८२
सर्वाधिकार	: दलित महिला संघ (फेडो)
प्रकाशन सहयोग	: Dan Church Aid , KIOS Foundation, FJS
अध्ययन/संकलन	: टिकाराम सुनार
मुद्रक	: wps Dhobighat, Lalitpur Tel 5450289, 5455989

यस संस्थाको पूर्वस्वीकृतिबिना यस प्रतिवेदन वा यसको कुनै अंशलाई व्यापारिक वा अन्य प्रयोजनका लागि पुनःउत्पादन एवम् मुद्रण गर्न र कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंश साभार गरी प्रयोगमा ल्याउन भने सकिन्छ।

संस्थागत भनाइ

दलित महिला संघ (फेडो) ले हरेक वर्ष 'लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान'को सन्दर्भ पारेर महिलामाथि हुने हिंसाका बहुपक्षीय तथ्य र तथ्याङ्क समेटेर प्रतिवेदन सार्वजनिक गर्दै आएको छ। यसमा जातीय र लैङ्गिक समानताको वकालत, महिला तथा बालिका अधिकारको पैरवी गर्ने तथा हिंसा विरोधी अभियानमा क्रियाशील विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका दस्ताबेजका साथै मिडियाका विषयवस्तुको विश्लेषण गर्ने गरिन्छ। यो अभ्यास हामीले विगत पाँच वर्षदेखि गर्दै आएका छौं। अध्ययनको मुख्य ध्येय दलित महिला तथा बालिकामाथि हुने हिंसाका घटनाहरूसम्बन्धी एकीकृत दस्ताबेज तयार गरी तथ्य र तथ्याङ्कका आधारमा आवश्यक नीति पैरवी, तिनको प्रभावकारी कार्यान्वयन, सुधार र परिमार्जन, राज्यका निकाय र आमसरोकारवालालाई हिंसा न्यूनीकरणका लागि नयाँ रणनीतिका साथ काम गर्न आवश्यक दिशानिर्देशका लागि पैरवी गर्नु हो। त्यसैक्रममा यसपटक पनि 'नेपालमा जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसा अध्ययन प्रतिवेदन २०८२' प्रकाशन गरेका छौं।

यस प्रतिवेदनमा हामीले सरकारी निकायतर्फ आर्थिक वर्ष २०८१/८२ र गैरसरकारी संस्थातर्फ सन् २०२४ को सेप्टेम्बरदेखि चालु वर्ष २०२५ को अक्टोबरसम्मका उजुरीमा आधारित अभिलेख तथा अध्ययन प्रतिवेनका हकमा हाम्रो उद्देश्यसँग मेलखाने त्यसअघिका अध्ययन निष्कर्षलाई समेत समेटेका छौं। यस अध्ययनमा सरकारका तीन वटा संवैधानिक आयोग, एउटा/एउटा सुरक्षा निकाय र बालअधिकारका क्षेत्रमा काम गर्ने निकायसहित पाँच वटा र गैरसरकारी संस्थातर्फ फेडोसहित छ वटा संघसंस्थाका अभिलेख/दस्ताबेजको विश्लेषण (Document Review) गरेका छौं। यस्तै, मिडियातर्फ 'गुगल सर्च' मा आधारित रहेर २० वटा मिडियाका ४६ वटा विषयवस्तुको विश्लेषण (Content Analysis) समेटेका छौं। यसपटक हामीले सूचना र प्रविधिको तिब्रत्तर विकासपछि बढिरहेका प्रविधिमा आधारित हिंसा (Technology Facilitated GBV) बारेमा गरिएका तथ्य र अध्ययनका निष्कर्ष, बालश्रमका विषय पनि यसमा समावेश गरेका छौं। यसैगरी दलितमाथि हुने हिंसाको बदलिँदो स्वरुप 'कोठा र कोटा' मा आधारित विषयको विश्लेषण पनि गरिएको छ।

यसर्थ यो प्रतिवेदन परम्परागत हिंसा र त्यसको विश्लेषणको अभ्यासभन्दा फरक छ। यसले दलित महिला र बालिका मात्रै होइन समग्र महिला तथा बालिकाले भोगिरहेका हिंसाका सन्दर्भमा एउटा उपयोगी र बृहत दस्ताबेज तथा सन्दर्भ सामग्रीको काम गर्ने विश्वाससहित अध्ययनको दायरालाई

केही फराकिलो बनाउने प्रयास गरिएको छ। आगामी दिनमा यसका तथ्य, तथ्याङ्क, निष्कर्ष र सिफारिसहरूले हिंसाविरुद्धका सोच, दृष्टिकोण, नीति निर्माण तथा आवश्यक रणनीति बनाउन पनि महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास रोखेका छौँ। प्रतिवेदनले नीति निर्माता, कार्यान्वयनकर्ता, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रका नेतृत्व, नागरिक समाज, महिला तथा दलित अधिकारकर्मीहरूबीच आवश्यक बसहको सिर्जना र राज्यलाई यस क्षेत्रमा प्रभावकारी कार्यसम्पादनका लागि दबाब सिर्जना गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अन्त्यमा, प्रतिवेदन प्रकाशनमा सहयोग गर्ने डिसिए (DCA), KIOS Foundation र FJS प्रति विशेष कृतज्ञता व्यक्त गर्दछौँ। अध्यता पत्रकार टिकाराम सुनारका साथै यस कार्यमा सहयोग गर्ने दलित महिला संघ (फेडो) जिल्ला, प्रदेश र केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य एवं कर्मचारी र सहज रूपमा सूचना प्रदान गर्ने सरकारी तथा गैरसरकारी निकायका तथा अध्ययनलाई यो स्वरुपमा सम्पन्न गर्न सघाउ पुर्‍याउने सबै सरोकारवाला, विज्ञ र सम्बद्ध पक्षलाई हार्दिक आभारसहित धन्यवाद दिन चाहन्छौँ।

विषयसूची

अध्याय १: अध्ययनको परिचय **१**
१.१ पृष्ठभूमी १
१.२ अध्ययनको औचित्य २
१.३ अध्ययनको उद्देश्य ३
१.४ अध्ययन विधि ४
१.५ अध्ययनको सीमा ४
१.६ प्रतिवेदनको ढाँचा ५

अध्याय २ : महिला र बालिकाको अवस्था, हिंसाविरुद्धका प्रयास र प्रतिबद्धता **६**
२.१. नेपालमा महिला र बालिकाको अवस्था ६
२.२. प्रयास र प्रतिबद्धता १६

अध्याय ३: अध्ययनको सैद्धान्तिक ढाँचा वा विधि **२७**
३.१ अध्ययन विधि २७

अध्याय ४: तथ्याङ्क प्रस्तुति र विश्लेषण **२९**
४. नेपालमा महिला हिंसाको अवस्था (दस्ताबेज समीक्षा) २९
४.१ नेपाल प्रहरीको दस्ताबेज समीक्षा २९

अध्याय ५: प्राप्त तथ्य, निष्कर्ष र सुझाव **८२**
५. अध्ययनको नतिजा विश्लेषण, निष्कर्ष र सिफारिस ८२
५.१. अध्ययनको नतिजा विश्लेषण ८२
५.२. अध्ययनको निष्कर्ष ८९
५.३ सुझाव तथा सिफारिसहरू ९२

सन्दर्भ समग्री **९५**

अध्ययनको सारांश

यस अध्ययनले नेपालमा बालबालिका, महिला तथा सीमान्तकृत समुदायमाथि हुने विभिन्न रूपका हिंसाका घटनाको अवस्था, संरचनागत कारण तथा राज्य प्रणालीको प्रभावकारिताबारे चर्चा गर्दछ। अध्ययन सम्पन्न गर्ने अवधिभर देशमा देखापरेका आन्दोलन (जेनजी आन्दोलन) र स्रोतसाधनलगायत कारणले केही तथ्याङ्क संकलन र पहुँचमा चुनौती भए पनि प्राप्त विवरण, सरोकारवालासँगका परामर्श र विभिन्न अध्ययनका सन्दर्भहरूले हिंसाबारे महत्त्वपूर्ण तथ्य उजागर गरेका छन्। अध्ययनबाट देखिएको मुख्य समस्यामा कानुन कार्यान्वयन, पीडितमैत्री सेवामा पहुँच सीमितता, सामाजिक मान्यता, व्यवहार, अनलाइन प्लेटफर्ममार्फत जोखिम बढ्दै जानु, श्रम शोषण तथा बालश्रम नियन्त्रणमा कमजोरीका साथै स्थानीय सरकार र सङ्घीय निकायबीच समन्वयको अभाव रहेको छ। यस्तै, हिंसाको नयाँ माध्यमका रूपमा विकास भइरहेको डिजिटल क्षेत्रमा नियामक, प्रहरी र समुदायबीचको तालमेल अपूरो देखियो भने अभिलेख तथा प्रतिवेदन प्रणालीमा सुधार आवश्यक देखियो।

यी विश्लेषणका आधारमा अध्ययनले नीति तथा कानुनी सुधार, सेवा–प्रणाली सुदृढीकरण र सामुदायिक/सामाजिक परिवर्तनलगायत विभिन्न विषयमा सुझाव प्रस्तुत गरेको छ। सङ्घीय सरकारले प्रभावकारी कार्यान्वयनका लागि अनलाइन हिंसासम्बन्धी स्पष्ट मापदण्ड (Guideline) र प्रविधिमा आधारित वा अन्य हिंसाको एकीकृत तथ्याङ्क संकलन संयन्त्र (Integrated data reporting mechanism विकास गर्नुपर्ने, बाल संरक्षण, लैङ्गिक तथा जातीय हिंसा रोकथामका लागि स्थापित संस्थागत संरचनालाई बजेट, स्रोतसाधनसहित बलियो बनाउने, श्रम निरीक्षण प्रणाली सक्रिय गर्ने र पीडितमैत्री संरक्षण गृहको व्यवस्था गर्नुपर्ने देखिन्छ। हिंसा न्यूनीकरणका लागि स्थानीय तहको सक्रियता, संस्थागत क्षमता विकास, पारिवारिक जागरण, तत्काल उद्धार संयन्त्र र डेटा–व्यवस्थापन सुधार मुख्य प्राथमिकताका रूपमा पहिचान गरिएका छन्। साथै विद्यालय, समुदाय, मिडिया र डिजिटल प्लेटफर्ममार्फत व्यवहार सुधार, सचेतना, साइबर सुरक्षा तालिम तथा सामाजिक परम्परागत गलत प्रथा र मान्यताका कारण उत्पन्न हुने हिंसाविरुद्ध दीर्घकालीन कार्यक्रम आवश्यक देखिएको छ।

हिंसा रोकथाम र प्रतिक्रियालाई प्रभावकारी बनाउन कानुन मात्र पर्याप्त छैन, समन्वय संयन्त्र, न्याय प्रणाली, डिजिटल युगअनुकूल सुरक्षा सबलता, सामाजिक मान्यतामा परिवर्तन र नीतिगत दृढता अपरिहार्य रहेको अध्ययनको समग्र निष्कर्ष हो। थप बुँदागत सारांशः

- यो अध्ययन आर्थिक वर्ष २०८१/८२ र सेप्टेम्बर २०२४ देखि अक्टोबर २०२५ मा लैङ्गिक तथा जातीय आधारमा महिला र बालिकामाथि हुने हिंसासम्बन्धी अभिलेखको विश्लेषण गरिएको छ।
- फेडोले हरेक वर्ष नेपालमा जातीय तथा लैङ्गिक आधारमा हुने दलित महिला तथा बालिकामाथिको भेदभाव र हिंसाको अवस्था विश्लेषण गर्दै आएको छ। यसको मूल ध्येय महिला तथा बालिकामाथि हुने हिंसाको एकीकृत अभिलेख राखी तिनको विश्लेषणमार्फत समस्याको उजागर तथा समाधानका लागि सरोकारवालाको ध्यानाकर्षण गराउनु हो। यो अध्ययन पनि त्यसैको निरन्तरता हो।
- अध्ययनमा संवैधानिक आयोग, सुरक्षा निकाय (नेपाल प्रहरी) गरी पाँच सरकारी निकाय र फेडोसहित छ वटा गैरसरकारी संस्थालगायत ११ वटा संस्थाका दस्ताबेज (अभिलेख तथा अध्ययन सामग्री) समावेश गरिएका छन्।
- अध्ययनमा 'कोटा', 'कोठा' र 'अनलाइनमार्फत हुने हिंसा' गरी तीन वटा 'थिम' मा विभिन्न सञ्चारमाध्यममा प्रकाशित ४६ वटा विषयवस्तुको विश्लेषण गरिएको छ।
- दस्ताबेज समीक्षा द्वितीय र विषयवस्तु विश्लेषण तथा फेडोका अभिलेख यस अध्ययनको प्राथमिक स्रोतका रूपमा रहेका छन्।
- दस्ताबेज समीक्षाका क्रममा उपलब्ध विवरणमा लैङ्गिक आधारमा हुने हिंसामा महिलाको सङ्ख्या दुई तिहाईभन्दा बढी (नेपाल प्रहरीको अभिलेखमा ८० प्रतिशत) देखियो। यसमा बालिकासमेत जोड्ने हो भने करिब ९० प्रतिशत हुन आउँछ। हिंसामा पर्नेमा महिलातर्फ मधेशी (३५.२७ प्रतिशत) र बालिकातर्फ आदिवासी जनजाती समुदायका (३४.४६ प्रतिशत) धेरै छन्।
- दलित महिला र बालिकातर्फ नेपाल प्रहरीको विवरणमा महिला ११.९३ प्रतिशत, बालिकाको १८.८० प्रतिशत, मानव अधिकार आयोगका अभिलेखमा महिला १४.०२ र बालिका २६.९२ प्रतिशत रहेका छन्। यस्तै, राष्ट्रिय महिला आयोगमा ११.३४ प्रतिशत घटना दलित महिलासँग सम्बन्धित छन् भने राष्ट्रिय दलित आयोगका ६४ वटा उजुरीमा महिला र बालिका कुनै न कुनै रुपमा जोडिएका छन्। राष्ट्रिय बालअधिकार परिषद्को अभिलेखमा ७५८४ घटनामध्ये जातीय आधारमा सबैभन्दा बढी ३०.४८ प्रतिशत दलित बालबालिका प्रभावित छन्। नेपाल प्रहरीको साइबर ब्यूरोको अनलाइन हिंसासम्बन्धी उजुरीको जातीय विश्लेषण गरिएको छैन, तर प्रवृत्तिगत आधारमा 'डिजिटल डिभाइडका कारण साक्षरता कम भएकाहरू हिंसामा परिरहेको कुराले दलित महिला तथा बालिका जोखिममा रहेको अनुमान गर्न सकिन्छ, यद्यपि यो अध्ययनकै विषय हो।

- गैरसरकारी संस्थाका अभिलेखमा फेडोमा ४३९ घटना, इन्सेकका कूल ५८८६ उजुरी विवरणमा १७.६७%, ओरेकको अभिलेखमा २३.११%, सिविन नेपालको अभिलेखमा हिंसामा पर्ने दलित बालबालिकाको सङ्ख्या १२.८०%, सिविसको अध्ययनमा बालविवाहका कारण पढाई छोड्नेमा दलित समुदायका १७.५७%, यौन हिंसा र दुर्व्यवहार भोग्नेमा अध्ययनमा समेटिएका दलितमध्ये ८०.११%, उत्तरदातामध्ये ४८.६% ले कुनै न कुनै स्थानमा जातयि भेदभाव भोग्नुपरेको र त्यसमा दलित ९४.६२% रहेको पाइयो।
- अपाङ्गता भएका महिलासम्बन्धी एक्सेस प्लानेट संस्थाको एक अध्ययनमा २०० जनामध्ये १५८ (७९%) अपाङ्गता भएका महिलाले जीवनमा कुनै न कुनै हिंसा भोगेको, तीमध्ये ६४% ले हिंसाविरुद्ध न्याय नखोजेको बताएका छन्। यसले न्याय प्रणालीमा अझै पनि ठूलो दूरी छ भन्ने देखाउँछ । अपाङ्गताको आधारमा हुने हिंसा धेरैजसो समुदाय (९३) मा र सार्वजनिक स्थलमा (७३) हुने गरेको पाइयो।
- जातीय छुवाछूतका घटनामा नेपाल प्रहरीमा ३६, मानव अधिकार आयोगमा ९, इन्सेकमा ४४ रहेको देखिनुले सरकारी निकायको संस्थागत उपस्थिति कमजोर रहेको वा ती निकायप्रति भरोसा नहुँदा धेरैजसो न्यायका लागि नगएको जस्ता समस्या देखाउँछ।
- **मिडियाका विषयवस्तु विश्लेषण:** प्रकाशित विषयवस्तु विश्लेषण गर्दा मिडिया औपचारिकतामा सीमित रहेको पाइयो। सामाजिक न्यायका सवालमा मिडियालाई आवाजविहीनको आवाजका रूपमा विशेषण लगाइरहँदा नेपाली मिडिया यी सवालमा सीमित पात्र र संस्थाको कथावस्तुमा केन्द्रीत रहेको पाइयो। औपचारिक गतिविधिमा आधारित समाचार बढी प्रकाशन भएको पाइयो । विषयवस्तुको उठानपछि त्यसको उपचार कसरी भयो वा भएन भन्ने सवालमा ध्यान गएको पाइएन । बदलिँदो विश्वमा 'समाजको ऐना मात्रै होइन, विचार निर्माण गर्ने माध्यम पनि' (Media is not only mirror of society but idea shaper too) हो भनिन्छ, तर उल्लेखित सवालमा सकारात्मक धारणा निर्माण गर्ने विषयवस्तुमा त्यति धेरै ध्यान दिएको पाइएन ।
- हरेक निकायले खण्डीकृत तथ्याङ्क (Disaggregated Data or Cluster wise Data) राख्ने परिपाटीको विकास गरी तथ्यमा आधारित (Evidence Based) नीति, कार्यक्रम, योजना र बजेट विनियोजन तथा हिंसा न्यूनीकरणका लागि काम गर्न आवश्यक छ।

अध्याय १ (एक)

अध्ययनको परिचय

१.१ पृष्ठभूमी

सात दशक लामो सङ्घर्ष र जनचाहनापछि संविधानसभामार्फत निर्मित नेपालको संविधान (२०७२) ले जातीय, लैङ्गिक वा कुनै पनि आधारमा हुने विभेद तथा हिंसा अन्त्य गरी समानतामूलक र न्यायपूर्ण समाज बनाउने अठोट गरेको छ। 'वर्गीय, जातीय, क्षेत्री, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' भनेर संविधानको प्रस्तावनामा नै सङ्कल्प गरिएको छ। यस्तै, महिला, बालबालिका तथा दलितका मौलिक हकद्वारा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता र लैङ्गिक तथा जातीय आधारमा हुने सबै प्रकारका भेदभाव उन्मुलनका लागि दुई दर्जनभन्दा बढी सन्धि महासन्धिमा हस्ताक्षर गरी नेपालले आफ्नो दायित्व पूरा गर्ने प्रतिज्ञासमेत गरेको देखिन्छ।

राज्यले राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा गरेका प्रतिबद्धता कार्यान्वयनको स्थितिको मूल्याङ्कन गर्दै देशमा क्रियाशील सरकारी तथा गैरसरकारी निकायहरूले अवस्था सुधारका लागि आफ्नो कार्यक्षेत्र, जिम्मेवारी र उत्तरदायित्वअनुसार काम गरिरहेका छन्। यी सबै निकायले संविधानका विभिन्न धारामा महिला, दलित, बालबालिकालगायतका अधिकारको रक्षा गर्न गरिएका प्रगतिशिल व्यवस्थाबमोजिम आफूलाई रूपान्तरण गर्दै लगेका छन्। महिला वा वर्ण व्यवस्थामा आधारित जात व्यवस्थाका नाममा कसैलाई पनि कुनै पनि बहानामा भेदभाव गर्न नपाइने र समान वंशीय हक, सुरक्षित र सम्मानित जीवन, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने भनिएको छ। यी हकलाई संविधानको विभिन्न धारामार्फत व्यवस्थित गर्न खोजिएको छ। धारा २४ छुवाछुत तथा भेदभावविरुद्धको हक, धारा ३८ को महिलाको हक, धारा ३९ को बालबालिकाको हक र धारा ४० को दलितको अधिकारलगायत मौलिक हक, संविधानको धारा ४९ देखि ५५ सम्म

राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्यवस्था गरिएको छ। समग्रमा सामाजिक न्यायमा आधारित समावेशी तथा लोककल्याणकारी राज्यको व्यवस्था गर्ने र कमजोर वर्गलाई सकारात्मक विभेदको अवधारणानुसार संरक्षण र अभिभावकत्व प्रदान गर्ने संविधानको मर्म छ।

उल्लेखित व्यवस्थाको परिपालना, परिपुरण र न्यायको प्रत्याभूतिका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय महिला आयोगलगायत संवैधानिक आयोग तथा अन्य विषयगत निकाय स्थापना भएका छन्, जसले देशको समग्र मानवाधिकार र लैङ्गिक सवाललाई सम्बोधनको प्रयास गरिरहेका छन्। यसमा महिला तथा बालिकाको विकास तथा लैङ्गिक मूलप्रवाहीकरण, छुवाछूत र जातीय आधारमा हुने सबै प्रकारका हिंसा निवारण, पछाडि परेका वर्ग र समुदायको उत्थान र प्रगतिका निम्ति संरक्षणात्मक र प्रवद्र्धनात्मक अन्य निकायबाट गतिविधिहरू सञ्चालन हुँदै आएका छन्। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ, संस्था र निकायले यस्ता कार्य तथा प्रयासमा सहयोग पुर्‍याउँदै आएका छन्।

यसरी संवैधानिक, कानुनी, नीतिगत व्यवस्था र निश्चित अधिकार तथा जिम्मेवारीसहित स्थापित विविध संस्थागत संरचनामार्फत आवश्यक कार्य हुँदा नेपाली समाजमा संरचनागत जातीय तथा लैङ्गिक विभेद र हिंसाको अवस्था कायमै छ। महिला, बालिका वा दलित भएकै कारण शारीरिक, मानसिक, आर्थिक, सामाजिक र सांस्कृतिक अर्थात् बहुतहका हिंसा भोग्नु परेका घटनाहरू प्रकाशमा आइरहेकै छन्। यसर्थ यी विविध पक्षलाई समेट्दै राज्य र गैरराज्य पक्षबाट भएका प्रयासका बाबजुत हिंसाको अवस्था, त्यसको अभिलेखीकरणको विश्लेषण गर्दै आगामी दिनमा अवस्था सुधारका लागि वस्तुगत विवरणसहितको एकीकृत दस्ताबेज उपलब्ध गराउने उद्देश्यसहित यो अध्ययन गरिएको छ। यसमा महिला, बालिका र दलितवादी दृष्टिकोणबाट तथ्याङ्क र तथ्यगत अवस्थाको विश्लेषण गर्दै सरकारका दाबी र परिवार तथा समाजमा विद्यमान हिंसाको चित्र प्रस्तुत गर्ने प्रयास गरिएको छ। यस अध्ययनले हिंसाको अवस्था विश्लेषण गर्दै संवैधानिक तथा कानुनी प्रबन्ध, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरिएका प्रतिबद्धता कार्यान्यनका लागि आगामी दिनमा अपनाउनुपर्ने नीति, रणनीति र कार्यान्वयन गर्नुपर्ने कार्यक्रमलगायत विषयमा सिफारिस तथा सुझाव समेटेको छ।

१.२ अध्ययनको औचित्य

जातीय तथा लैङ्गिक आधारमा नेपाली समाजमा संरचनात्मक विभेद विद्यमान छ। यस आधारमा हुने विभेद र असमानता राष्ट्रको दिगो विकासको बाधक हो भनेर वकालत गरिए पनि असमानता, गरिबी, लैङ्गिक र जातीय आधारमा हुने हिंसा कायमै छ, जसकारण महिला तथा बालिकाको

मानवाधिकार, सामाजिक न्याय र प्रतिष्ठा तथा समग्र वृत्ति विकासमा असर परिरहेको छ। यसले सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक विकासमा असमानताको खाडललाई बढाउन मलजल गरिरहेको अवस्था छ। त्यसमा पनि दलित महिला र बालिकाले असमानता र विभेदको दोहोरो, तेहेरो मार खेप्नुपरेको छ। पितृसत्तात्मक सोच, जात व्यवस्थामा आधारित व्यवहार, धार्मिक–सांस्कृतिक अन्धविश्वास, गलत प्रथा र परम्परामा आधारित संरचनागत असमानताले महिलाको शारीरिक, मानसिक, सामाजिक र शैक्षिक विकासमा गम्भीर असर पारिरहेको छ । यस्ता समस्याको जड संरचनागत भएको र उनीहरूको जीवनको प्रत्येक आयाममा प्रभाव पारिरहेको हुँदा ठोस प्रमाण, तथ्याङ्क र विश्लेषणसहितको अध्ययन आवश्यक छ।

यद्यपि राज्यले विभेद अन्त्यका कानुनी र नीतिगत व्यवस्था तथा कार्यक्रमहरू अघि सारेको छ, ती सबैको प्रभावकारिता, कार्यान्वयनको अवस्था र वास्तविक परिणाम कति छ भन्ने पक्ष स्पष्ट छैन। विशेषगरी महिला र दलित महिलासम्बन्धी घटनाका तथ्याङ्कहरू संस्थागत रूपमा छरिएर रहेका कारण एकीकृत विश्लेषण अभाव रहँदै आएको छ। यसले नीति बनाउने तहमा प्रमाणमा आधारित हस्तक्षेप कमजोर बनाउने जोखिम बढाएको छ। त्यसैकारण, यो अध्ययनले विभिन्न सरकारी–गैरसरकारी संस्थाबाट प्राप्त तथ्याङ्कलाई एकीकृत गरी हिंसाको स्वरूप, प्रवृत्ति, संरचनागत कारण, दलित तथा अन्य सीमान्तकृत समुदायको भोगाइ, राज्यका पहलहरूको प्रभाव, चुनौती र सुधारका क्षेत्रहरू स्पष्ट पार्ने उद्देश्य राखेको छ। साथै, १६ दिने हिंसाविरुद्धको अभियानलाई आधार बनाएर गरिएको अध्ययनको निष्कर्ष र तथ्यले राष्ट्रिय बहस, मिडिया एजेन्डा, नीति निर्माण तथा न्याय सुनिश्चितताका लागि आवश्यक सिफारिस तयार गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ।

१.३ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्य निम्नानुसार प्रस्तुत गरिएका छन्:

- दलित महिला तथा बालिकामाथि हुने हिंसाका घटनाको एकीकृत विवरण तयार गर्ने।
- सरकारी निकाय तथा गैरसरकारी संघसंस्थाले दलित महिला तथा बालिकामाथि हुने हिंसाका घटनाबारे संकलन गरेका तथ्याङ्क, अध्ययन र प्रतिवेदनलाई संकलन गरी तिनको समीक्षा र विश्लेषणसहित बृहत् दृष्टिकोण निर्माण गर्ने।
- दलित महिला तथा बालिकाले सामना गर्नुपरेका अवरोधहरू पहिचान गरी तिनको समाधानका लागि सिफारिस गर्ने।
- नेपाली मिडियामा जातीय तथा लैङ्गिक विभेद तथा हिंसाका सन्दर्भमा प्रकाशन हुने विषयवस्तुको विश्लेषण गर्ने।

- लैङ्गिक र जातीय आधारमा हुने हिंसाको प्रवृत्ति विश्लेषण गरी तिनले औंल्याएका समस्याको उजागर र समाधानका लागि पहल तथा नीतिगत सुधार गर्न आवश्यक सुझाव दिने।

१.४ अध्ययन विधि

यस अध्ययनमा महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणका लागि क्रियाशील सरकारी तथा गैरसरकारी संघसंस्थाका अध्ययन, तथ्य, तथ्याङ्कलाई पछ्याउँदै सूचना तथा जानकारी प्रस्तुत गरिएको छ। यसमा नेपाल सरकारका विभिन्न निकाय, जस्तैः संवैधानिक निकाय, नेपाल प्रहरी, साइबर ब्यूरो, राष्ट्रिय बालअधिकार परिषद्, राष्ट्रिय तथ्याङ्क कार्यालय तथा गैरसरकारी संघ संस्थाहरूबाट खण्डीकृत तथ्य, तथ्याङ्क संकलन गर्नुका साथै आमसञ्चारमाध्यम (अनलाइन तथा पत्रपत्रिकाका अनलाइन संस्करण) का विषयवस्तुसमेत विश्लेषण गरिएका छन्।

अध्ययनलाई वस्तुगत, व्यवहारिक र विश्वसनीय बनाउन सङ्ख्यात्मक र गुणात्मक अध्ययन विधिलाई अनुसरण गरिएको छ। अध्ययनमा मुख्य गरी दस्ताबेज समीक्षा (Desk/Document Review), मिडियाका विषयवस्तु विश्लेषण(Content Analysis), विषयविज्ञहरूसँग छलफल तथा परामर्शका साथै समसामयिक लैङ्गिक तथा जातीय सवाल उजागर गर्न केही नमूना घटनाविवरण प्रस्तुत गर्दै अध्ययनलाई थप प्रभावकारी बनाउन खोजिएको छ।

१.५ अध्ययनको सीमा

अध्ययनका क्रममा जातीय तथा लैङ्गिक आधारमा महिला तथा बालिकामाथि हुने हिंसासम्बन्धी बृहत्त् जानकारी समेट्न खोजिएको छ। तथापि, अध्ययनको उद्देश्य पूरा गर्ने सवालमा कतिपय सूचना र तथ्याङ्क प्राप्त नहुँदा बृहत्त रूपमा स्थिति चित्रण गर्न सकिएको छैन। यसमा सरोकारवाला निकायले उपलब्ध गराएका तथ्याङ्कअनुसार अवस्था विश्लेषण गरिएको छ। खासगरी सरकारी निकायबाट नेपाली आर्थिक वर्ष र गैरसरकारी संस्थाबाट अङ्ग्रेजी वर्षअनुसार पछिल्लो एक वर्षको अवधिमा दर्ता भएका विवरण तथा विषयवस्तुसँग जोडिएका अन्य समयका अध्ययन प्रतिवेदनका निष्कर्षहरू समेत यसमा समेटिएका छन् । अध्ययनका सीमा निम्नानुसार रहेका छन्ः

- तथ्याङ्क विवरण सङ्कलन गरिसक्नुपर्ने सीमित समयसीमा (२५ दिन) का कारण केही संस्थाहरूका अभिलेखको मात्रै विश्लेषण गरिएकाले यस अध्ययनले समग्र महिला हिंसाका घटना र त्यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय, सङ्घ, संस्था सबैको प्रतिनिधित्व गर्दैन।

- अध्ययनमा सरकारी निकायका आव २०८१/८२ का तथ्याङ्क र गैरसरकारी संस्थाका सेप्टेम्बर २०२४ देखि अक्टोबर २०२५ सम्मका विवरण प्रस्तुत गरिएका छन्। दस्ताबेज समीक्षाका लागि लिइएका द्वितीय स्रोतमा आधारित विवरणको वैधता (Validity) र पुष्ट्याइँ (Verification) सम्बन्धित निकायसँगै हुनेछ।
- सीमित स्रोतसाधन र समयका कारण केही समाचार तथा विचारलाई नमूना मानेर विश्लेषण गरिएको छ। हिंसा र विभेदको बदलिँदो प्रवृत्ति विश्लेषणका लागि कोठा (डेरा), कोटा (आरक्षण) र इन्टरनेटमा आधारित हिंसाका घटनालाई 'गुगल सर्च' गरेर विश्लेषण गरिएको छ। यही 'थिम' मा रहेर नमूना घटना अध्ययन प्रस्तुत गरिएका छन्। यसले पनि समग्र मिडियाको वस्तुस्थितिलाई समावेश गर्दैन।
- यसमा जति विवरण सङ्कलन तथा प्रस्तुत गरिएका छन्, तिनले मोटामोटी रूपमा दलित महिला र बालिकामाथि हुने हिंसाको प्रवृत्ति झल्काउन सहयोग पुग्नेछ। यो अध्ययन थप अध्ययन एवं समीक्षाका लागि सन्दर्भ सामग्रीका रूपमा उपयोगी हुने विश्वास गरिएको छ।

१.६ प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनलाई पाँच अध्यायमा विभाजन गरिएको छ। अध्याय—१ मा अध्ययनको परिचय, अध्ययन विधि, उद्देश्य, सीमा र औचित्यलगायत विषय समावेश छन्। अध्याय—२ नेपालले जातीय तथा लैङ्गिक हिंसा अन्त्य र समानताका लागि गरेका प्रयास र प्रतिबद्धताका विषयमा केन्द्रीत छ। अध्याय—३ मा अध्ययनको सैद्धान्तिक ढाँचा र अपनाइका विधिबारे चर्चा गरिएको छ। यसमा मिडियाका विषयवस्तुको विश्लेषणका लागि मिडिया छनोटलगायत विषय समावेश छन्। अध्याय—४ मा विभिन्न निकायबाट प्राप्त तथ्याङ्क र मिडिया विषयवस्तुबारे तथ्य, तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ। अध्याय—५ मा निष्कर्ष र सुझाव छन्, जसले आगामी दिनमा हिंसा न्यूनीकरण र अभिलेखीकरणका लागि गर्नुपर्ने कामबारे थप रणनीति बनाउन सघाउ पुग्ने अपेक्षा छ।

अध्याय २ (दुई)

महिला र बालिकाको अवस्था, हिंसाविरुद्धका प्रयास र प्रतिबद्धता

२.१. नेपालमा महिला र बालिकाको अवस्था

क) समग्र जनसाङ्ख्यीक अवस्था

जनसङ्ख्याको हिसाबले महिलाहरू सधैँ बहुमतमा छन् । सबै प्रदेशमा महिलाको सङ्ख्या परुषको भन्दा बढी छ । नेपालमा सन् १९६८ देखि हरेक १०/१० वर्षमा राष्ट्रिय जनगणना हुँदै आएकामा विसं २०४८ देखिको पछिल्ला चार जनगणनामा परुषको तुलनामा महिलाको सङ्ख्या बढी छ । यसको मख्य कारणमा परुषहरूको आप्रवासन भए पनि सुरक्षित मातृत्व र महिला तथा बालिकाहरूका लागि उपलब्ध स्वास्थ्य सेवामा आएका सुधारलाई पनि अन्य कारणका रूपमा हेरिएका छन् । विसं २०७८ को नतिजाअनुसार पनि नेपालको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७८ हुँदा महिलाको सङ्ख्या १ करोड ४९ लाख ११ हजार २७ (५१.१३) छ । नेपालमा लैङ्गिक समानता प्रतिवेदन—२०८१ अनुसार लैङ्गिक अनुपात ९५.६ रहेको छ। सुरुदेखि हालसम्मको अनुपात र प्रदेशअनुसार महिलाको हिस्सा यहाँ प्रस्तुत गरिएको छ:[१]

१ https://giwmscdnone.gov.np/media/pdf_upload

जनसंख्या र लैङ्गिक अनुपात, १९६८-२०७८



स्रोत: पपुलेसन मोनोग्राफ अफ नेपाल सन् २०१४, खण्ड १ पृष्ठ ११, र राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

कुल जनसंख्यामा पुरुष र महिलाको हिस्सा (प्रतिशतमा), २०७८



स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

महिला र बालिकासम्बन्धी केही सूचक[२]

क्र.सं	महिलाको अवस्था	तथ्य	कैफियत
१.	जनसङ्ख्या	५१.१३ प्रतिशत	
२.	औसत आयु	६७.९ वर्ष	
३.	मातृ मृत्युदर	१५१	प्रति एक लाख
४.	बालिकाको सङ्ख्या	१९१८४२	२१९३१७ बालक
५.	औसत प्रजनन दर	२.१	
६.	१५—४९ वर्ष उमेरका आधा महिलाको विवाहको उमेर	१८.३	
७.	महिनाबारीमा रगत सोस्ने आधुनिक प्याड प्रयोगकर्ता	६० प्रतिशत	
८.	स्वास्थ्य संस्थामा जीवित बच्चा जन्माउने	७९ प्रतिशत (स्वास्थ्य संस्थामा ६२, घरमै १९, अप्रेसनबाट १८ प्रतिशत)	
९.	पाठेघर मुखको क्यान्सर परीक्षण गर्ने	६ प्रतिशत	
१०.	स्तन क्यान्सर परीक्षण गर्ने	४ प्रतिशत	
११.	उच्च रक्तचाप भएका	१३	
१२.	१५—४९ उमेर समूहका मानसिक अस्वास्थ्य देखिएका	२२ प्रतिशत	
१३.	अस्वास्थ्यकर खाना खाने महिलाहरूको सङ्ख्या	५४ प्रतिशत	
१४.	न्यूनतम ५ प्रकारका खाद्य आहार खान पाउने	५६ प्रतिशत	
१५.	अपाङ्गता भएकामध्ये महिला	४५.८	
१६.	काम गर्ने उमेरका महिलामध्ये कुनै न कुनै रोजगारीमा र बेरोजगारी दर[३]	२२.९ र १३.१	

२ राष्ट्रिय महिला आयोग अठारौं वार्षिक प्रतिवेदन

३ नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५, केन्द्रीय तथ्याङ्क विभाग

महिला सशक्तीकरण सूचक

क्र.सं	महिलाको अवस्था	तथ्य	कैफियत
१.	साक्षरता दर	६९.४ प्रतिशत	७६.२
२.	घरजग्गामा स्वामित्व	२३.८ प्रतिशत	
	घरमुली	२७.८५ प्रतिशत	
३.	रोजगारीमा सहभागी महिला	४० प्रतिशत	
४.	कमाएको खर्च गर्दा आफैं र पुरुष साथीसँग मिलेर निर्णय गर्ने	९३ प्रतिशत	
५.	श्रीमानभन्दा बढी कमाउने	८ प्रतिशत	
६.	श्रीमान बराबर कमाउने	१८ प्रतिशत	
७.	जग्गिनमा स्वामित्व	११ प्रतिशत	
८.	सरकारी सेवामध्ये स्वास्थ्य सेवामा	४९.८ प्रतिशत	
९.	निजामती सेवामा समग्रमा	२८.८०[४] प्रतिशत	
१०.	विदेशमा रहेका	१७.८४ प्रतिशत	
११.	आफ्नो स्वास्थ्यबारे एकल वा संयुक्त निर्णय गर्नसक्ने विवाहित महिला	७२ प्रतिशत	
१२.	इन्टरनेटको पहुँच भएका	दुई तिहाई	
१३.	स्वच्छ इन्धनमा खाना पकाउने	४२ प्रतिशत	
१४.	हिंसाविरुद्ध सहयोग माग्ने	२८ प्रतिशत	
१५.	हिंसाबारे अन्यलाई सुनाउने	१४ प्रतिशत (परिवारमा ६२, छिमेकी ३५, साथी २५)	
१६.	बैंक खाता भएका	४९ प्रतिशत	
१७.	आर्थिक काम गर्नेमध्ये महिला	४७.४ (पुरुष ५२.६)	

ख) बालबालिकाको अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार १८ वर्षमुनिका बालबालिकाको सङ्ख्या ९८ लाख ६९ हजार ५८३ रहेको छ। यसमा बालकको सङ्ख्या ५१ लाख १४ हजार ५०५ (५१.८२) र बालिकाको सङ्ख्या ४७ लाख ५५ हजार ७८ (४८.१८) रहेको छ। महिला र पुरुषको कुल जनसङ्ख्यामा महिला बढी भए पनि बालबालिकामा भने बालिकाको सङ्ख्या कम छ।

४ https://giwmscdnone.gov.np/media/files/Annual%20report_syw4dld.pdf

उमेर समूह	बालक	बालिका	जम्मा	लैङ्गिक अनुपात
०-५ वर्षसम्म	१५८९६७४	१४१७९७४	३००७६४८	०.८९
६-१० वर्षसम्म	१४८३०४१	१३६१७९३	२८४४८३४	०.९२
११-१५ वर्षसम्म	१४६२९१९	१४०७३०२	२८७०२२१	०.९६
१६-१७ वर्षसम्म	५७८८७१	५६८००९	१११४६८८०	०.९८
जम्मा	५११४५०५	४७५५०७८	९८६९५८३	०.९४
प्रतिशत	५१.८२%	४८.१८%	१००%	

स्रोतः राष्ट्रिय जनगणना, २०७८

ग्राफः २ प्रदेश अनुसार बालक र बालिकाको विवरण (प्रतिशत)



स्रोतः राष्ट्रिय जनगणना, २०७८

श्रमशक्ति सर्वेक्षणअनुसार नेपालमा लगभग १५ प्रतिशत बालबालिका श्रममा संलग्न छन्, जसमध्ये काम गर्ने बालक १४ प्रतिशत र बालिका १७ प्रतिशत रहेको पाइन्छ। यसबाहेक पुरुष परिवारमुली भएका घरपरिवारको तुलनामा महिला परिवारमुली भएका घरपरिवारका बालबालिका बालश्रममा बढी संलग्न छन्। नेपाल बालश्रम सर्वेक्षण २०७८ अनुसार पुरुष घरमुली भएका परिवारमा १६.४ र घरमुली महिला भएका परिवारमा १६.४ प्रतिशत बालश्रम हुने गरेको छ। घरपरिवारका वयस्कमध्ये कोही पनि रोजगार छैनन भने बालबालिकाहरू श्रममा संलग्न हुने सम्भावना बढी हुन्छ भन्ने विषय पनि तथ्याङ्कले देखाएकाले यसले मुख्यतया गरिब परिवारका लागि बालश्रम एउटा बाध्यता भएको पुष्टि गर्दछ। नेपालले हानिकारक परम्परागत अभ्यासमाथि प्रतिबन्ध लगाएको छ। विविध अभ्यासमध्ये २० वर्षभन्दा कम उमेरमा विवाह गर्न निषेध गरिएको छ, तर अझै पनि एक तिहाइ किशोरीको विवाह १८ वर्ष पुग्नुअघि नै हुने गरेको र त्यसले उनीहरुको स्वास्थ्य र शिक्षाका अवसरमा अवरोध सिर्जना भइरहेको छ। नेपाल बहुसूचक सर्वेक्षण २०७६ अनुसार एक तिहाई किशोरीको विवाह १८ औं जन्मदिनभन्दा अघि र ८ प्रतिशतको १५ वर्ष

पुग्नुअघि नै विवाह भइसकेको हुन्छ। विसं २०७१ र २०७६ को बीचमा १८ वर्ष उमेर नपुग्दै विवाह गर्ने किशोरीको सङ्ख्या ३६.६ प्रतिशतबाट ३२.८ प्रतिशतमा झरेको छ।

२५-४९ वर्षका व्यक्तिको पहिलो विवाह भएको वा सम्बन्धमा रहेको औसत उमेर (मध्यक), २०५३-२०७९



स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०५३-२०७९ , स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१८ वर्षको उमेरअघि पहिलो विवाह भएका वा सम्बन्धमा रहेका व्यक्ति (प्रतिशतमा), २०७६



स्रोत: नेपाल बहुसूचक सर्वेक्षण २०७६, केन्द्रीय तथ्याङ्क विभाग

महिनाबारीजस्तो गलत प्रथाले अझै हजारौँ किशोरी र महिला नकारात्मक असर पार्ने गरेको छ भने बहुविवाहले अवसरलाई सीमित पारिदिने गरेको छ। यस्तै, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार १५—१९ वर्षका १४ प्रतिशत किशोरीको उमेर नपुगी गर्भधारण

गरेका, १० प्रतिशतले बच्चा जन्माइसकेका, २ प्रतिशतको गर्भ खेर गएको, प्रदेश अनुसार किशोरी उमेरमा गर्भधारण गर्नेको प्रतिशत बागमती प्रदेशमा ८% छ भने कर्णालीमा २१% रहेको छ। नेपालमा किशोरावस्थाको गर्भधारण सामान्यतया घर परिवारको आर्थिकस्तर बढ्दै जाँदा घट्दै गएको देखिन्छ। यद्यपि, गरिब घरपरिवारका महिलाहरूमा सबैभन्दा बढी (१९%) र त्यसपछि सबैभन्दा गरिब घरपरिवारमा (१७%) रहेको छ। यो सबैभन्दा सम्पन्न (४%) घरपरिवारको तुलनामा किशोरावस्थाको गर्भधारण चार गुणाभन्दा धेरैले बढी हो। शिक्षाको स्तर बढ्दै जाँदा किशोरावस्थाको गर्भधारण पनि घट्दै गएको देखिएको छ। कुनै शिक्षा हासिल नगरेको महिलाहरूमा ३३% छ भने माध्यमिक शिक्षा (९–१२) हासिल गरेका महिलाहरूमा ८% देखिएको छ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार नै नेपालमा ७३ प्रतिशत बालबालिकाको सरकारी निकायमा जन्मदर्ता छ। यसमा ५ वर्षमुनिका बालबालिकामध्ये ७२% सँग जन्मदर्ता प्रमाणपत्र छ र १% सँग जन्मदर्ता प्रमाणपत्र छैन। प्रदेशअनुसार कोशी प्रदेशमा कम ६६% देखि कर्णाली प्रदेशमा सबैभन्दा बढि ८९% सम्म जन्मदर्ता भएको छ। शिक्षामा पहुँचको कुरा गर्दा नेपालमा शैक्षिक वर्षको सुरुमा ४ वर्ष उमेर समुहका ७२% बालबालिकाले औपचारिक शिक्षा सुरु गरेका, ५२% प्राम्भिक बाल शिक्षा कार्यक्रममा भर्ना भएका र २०% प्राथमिक विद्यालयमा भर्ना भएका थिए। महिला र पुरुष विद्यार्थीको अनुपात लैङ्गिक समानता सूचाङ्क (GPI) का आधारमा नेपालमा निम्न आधारभूत विद्यालयको लैङ्गिक समानता सूचाङ्क १.०५ रहेको छ। यसको मतलब प्रत्येक १०० पुरुष विद्यार्थीसँग निम्न आधारभूत विद्यालयमा १०५ महिला विद्यार्थीहरू अध्यनरत छन्। उच्च आधारभूत विद्यालयको लैङ्गिक समानता सूचाङ्क १.१६ रहेको छ, जबकि माध्यमिक विद्यालयको लैङ्गिक समानता सूचाङ्क १.०५ रहेको छ।

यसबाहेक आर्थिक वर्ष २०८१/८२ को कात्तिकअघि नै देशभरका ७७ जिल्ला नै 'पूर्ण खोपयुक्त' घोषित भएका छन्। यसको अर्थ शत्प्रतिशत बालबालिकाले सबै किसिमका खोप पाएका छन्।[५] यस्तै, नेपालमा अपाङ्गता भएका बालबालिकामध्ये सबैभन्दा धेरै ४१.६% शारीरिक अपाङ्गता, दृष्टिविहीन र बहुअपाङ्गता भएकाको अनुपात उस्ताउस्तै करिब ११% छ भने स्वरबोलाइ र न्यूनदृष्टि भएका बालबालिका करिब ८ % छन्। अपाङ्गता भएका बालबालिकालाई कानुनअनुसार शिक्षा र स्वास्थ्य सेवा सुविधा प्रदान गर्ने गरिएको छ भने पूर्ण अपाङ्गता भएका बालबालिकालाई प्रतिमहिना रु ३ हजार ९९० र अति अशक्त अपाङ्गता भएका बालबालिकालाई प्रतिमहिना रु २ हजार १२८ प्रदान गर्ने गरिएको छ।[६]

५ https://www.setopati.com/social/343545

६ बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०८१

ग) दलितको जनसङ्ख्या र अवस्था

दलित समुदायको जनसङ्ख्या ३८ लाख ९८ हजार ९९० (१३.४%) छन्। यसमध्ये पुरुष १८ लाख ६९ हजार ४३९ (१३.११%) र महिला २० लाख २९ हजार ५५१ (१३.६१%) छ। कुल दलितमध्ये पहाडी दलित ८.६ प्रतिशत र तराई दलित करिब आधा अर्थात्४.८ प्रतिशत रहेको छ। पहाडी दलितमा विश्वकर्मा/कामी, परियार/दमाई, मिजार/सार्की, बादी र गाइनेसहित पाँचओटा जातिहरू रहेका छन्। नेपालको कुल जनसङ्ख्यामा दलिततर्फ सबैभन्दा धेरै (५.०%) हिस्सा विश्वकर्माको रहेको छ भने दोस्रो (१.९%) र तेस्रो (१.६%) मात्र क्रमशः परियार र मिजारको रहेको छ। पहाडी दलितका बाँकी दुई जातिमध्ये देशभरिमा बादीको सङ्ख्या ११,४७० रहेको छ भने गाइनेको सङ्ख्या ६,९७१ रहेको छ। तराई दलित जातजाति समूहभित्र विभिन्न २२ ओटा जातिहरू समावेश गरिएका छन्। तराई दलितका यी २२ ओटा प्रकाशित जातिमध्ये कुल जनसङ्ख्यामा अनुपातका दृष्टिले शीर्षस्थ सात स्थानमा रहेको जातिहरू क्रमशः चमार/हरिजन/राम (१.४%), मुसहर (०.९%), दुसाध/पासवान/पासी (०.९%), तत्मा/तत्वा (०.४%), खत्वे (०.४%), धोबी (०.४%) र बाँतर/सरदार (०.२%) रहेका छन्। तराईका दलितमध्ये सबैभन्दा न्यून जनसङ्ख्या कलार जातिको रहेको छ जुन ९३१ मात्र रहेको छ।[७]

समग्र नेपालका ६६ लाख ६६ हजार ९३७ परिवारमध्ये ३१.५ प्रतिशत परिवारमा महिला परिवारमुली रहेको देखिन्छ। पहाडी दलितको कुल ५ लाख ९२ हजार ४८७ परिवारमध्ये ४२.६ प्रतिशत परिवारमा महिलाले परिवारमुलीको जिम्मेवारी वहन गरेको देखिन्छ। यो मान राष्ट्रिय औसतभन्दा ११.१ प्रतिशत विन्दुले उच्च रहेको छ। महिला परिवारमुलीको अनुपात सबैभन्दा न्यून (३०.८%) तराई दलित जातजातिमा रहेको छ जुन समग्र दलितको भन्दा १३.२ प्रतिशतले र राष्ट्रिय अनुपातभन्दा ८.२ प्रतिशतले न्यून रहेको छ। पहाडी दलित परिवारमा महिला परिवारमुली ४० प्रतिशतभन्दा बढी हुनुका पछाडि रहेका कारण पुनः अध्ययनको विषय हुनसक्छ। यसमा सशक्तीकरणको सवालमात्र नभएर परिवारका पुरुष सदस्य रोजगारी, व्यवसाय, अध्ययन वा अन्य कुनै कारणले परिवारमा अनुपस्थित (स्वदेश वा विदेश) रहेको हुनसक्दछ। नेपालको कुल गैरसंस्थागत जनसङ्ख्या २ करोड ८९ लाख २५ हजार ४८० मध्ये सम्पन्नताको न्यून वर्गीकरणमा पर्ने जनसङ्ख्याको हिस्सा करिब २० प्रतिशत रहेको छ।

समग्र दलिततर्फ ३५.५ प्रतिशत जनसङ्ख्या अति न्यून वर्गमा रहेका छन्। अति न्यून वर्गमा पर्ने पहाडी र तराई दलितको बिचमा पनि ठुलो अङ्कको असमानता रहेको देखिन्छ। पहाडी दलितको कुल जनसङ्ख्या २४ लाख ८८ हजार २१७ मध्ये अति न्यून वर्गमा ३२.२ प्रतिशत जनसङ्ख्या

७ दलितसम्बन्धी तथ्यांकीय प्रतिवेदन https://fedonepal.org/study-research/

रहेको छ। तराई दलितको कुल जनसङ्ख्या १३ लाख ९० हजार ३३२ मध्ये सम्पन्नताको सबैभन्दा तल्लो (अति न्यून) वर्गमा रहेको जनसङ्ख्या ४१.५ प्रतिशत रहेको छ जुन पहाडी दलितको तुलनामा १३.३ प्रतिशत विन्दुले अधिक छ। यस तथ्यले दलित र दलितका बिचमा रहेको अतिरिक्त असमानतालाई उजागर गरेको छ। सम्पन्नताको उच्च वर्गमा पर्ने जनसङ्ख्या नेपालमा करिब १९ प्रतिशत रहेको देखिन्छ। नेपालको समग्र दलित जनसङ्ख्या ३८ लाख ७८ हजार ५४९ मध्ये १३.१ प्रतिशत जनसङ्ख्या यो अर्थात्सम्पन्नताको चौथो पञ्चमक वर्गमा पर्दछ। सम्पन्नताको अति उच्च वर्गमा नेपालमा २०.१ प्रतिशत जनसङ्ख्या रहेको छ। समग्र दलिततर्फ केवल ६.३ प्रतिशत मात्र सम्पन्नताको यस उच्चतम पञ्चमकमा रहेका छन्। वधुर वा विधवाको हिस्सा गैरदलित जातजातिको (४.५%) भन्दा दलित जातजातिको थोरैले बढी अर्थात् ४.७ प्रतिशत रहेको छ।

नेपालमा कानुनतः दण्डनीय भए तापनि २० वर्ष उमेर नपुग्दै विवाह भएका पुरुष तथा महिलाको हिस्सा निकै ठुलो रहेको छ। तथ्याङ्कले नेपालमा ६४ प्रतिशत व्यक्तिहरूको २० वर्षभित्रै विवाह भइसकेको देखिन्छ। पुरुषतर्फ हेर्ने हो भने २० वर्षको उमेरभित्र विवाह हुने विभिन्न उमेर समूहको योग ४८.० प्रतिशत छ तर महिलातर्फ २० वर्ष उमेरभित्र विवाह भइसक्ने हिस्सा ७७.० प्रतिशत रहेको छ। यसले नेपालमा छोराको भन्दा छोरीको विवाह निकै चाँडो हुने गरेको वस्तुस्थितिलाई उजागर गरेको छ जुन नीतिनिर्माताहरूको लागि समीक्षाको विषय रहेको छ। नेपालमा कुल ३८.२ प्रतिशत पुरुष अविवाहित देखिन्छभने महिलाको हकमा यो मान केवल २८.४ प्रतिशत मात्र छ। यसले अविवाहित पुरुष र महिलाको १० वर्ष र सोभन्दा माथिको जनसङ्ख्यामा करिब १० प्रतिशत विन्दुको अन्तर रहेको देखाउँछ। यसको सोझो अर्थ यो हो कि महिलाको विवाह पुरुषको तुलनामा चाँडो हुने गर्दछ। महिला र पुरुषको वैवाहिक अवस्थालाई जातजातिगत रूपमा केलाउने हो भने थप विषमताहरू देख्न सकिन्छ। उदाहरणका लागि पहाडी दलित जातजातिका ६२.४ प्रतिशत महिलाको विवाह भएको देखिन्छ भने तराई दलिततर्फ यो मान ६६.६ प्रतिशत रहेको छ। यसको अर्थ पहाडी दलित समुदायमा भन्दा तराई दलित समुदायमा छोरीहरूको विवाह चाँडो हुने गर्दछ। दशदेखि २० वर्ष उमेरभित्र विवाह भएका दलित महिलाको हिस्सा ८५.९ प्रतिशत रहेको छ। नेपालमा समग्रमा ८.० प्रतिशत एकल महिला रहेको देखिन्छ। दलिततर्फ १० वर्ष र सोभन्दा माथिको जनसङ्ख्यामा ७.८ प्रतिशत एकम महिला रहेको देखिन्छ। दश वर्ष र सोभन्दा माथिको जनसङ्ख्याको समग्र दलित (पुरुष तथा महिला) मध्ये पहिलो विवाह गर्दाको औसत उमेर १८.७ वर्ष रहेको छ जुन पुरुषका हकमा २०.२ वर्ष र महिलाका हकमा १७.५ वर्ष रहेको छ।

लैङ्गिक असमानताको एउटा बलियो सूचकका रूपमा महिला र पुरुषको असमान साक्षरता दरलाई लिन सकिन्छ। नेपालमा ५ वर्ष र सोभन्दा माथिको साक्षरतादर ७६.२ रहेको छ। गैरदलित जातजातिको समग्र साक्षरतादर ७७.६ प्रतिशत रहेको छ। दलित जातजातिको कुल साक्षरतादर नेपालको औसत

साक्षरतादर भन्दा ८.८ प्रतिशत विन्दुले न्यून अर्थात् ६७.४ प्रतिशत मात्र रहेको छ। जसमध्ये पुरुषको ७४.१ र महिलाको ६१.२ रहेको छ। नेपालमा पुरुष साक्षरतादर ८३.६ प्रतिशत हुँदा महिला साक्षरतादर ६९.४ प्रतिशत मात्र छ। पाँच वर्ष र सोभन्दा माथिको उमेरका समग्र दलित जनसङ्ख्यामध्ये माध्यमिक तह पूरा गर्नेको अनुपात ५१.३ प्रतिशत छ जुन राष्ट्रिय औसतभन्दा ६.३ प्रतिशत विन्दुले कम र गैरदलित जातजातिको तुलनामा ७.२ प्रतिशत विन्दुले न्यून रहेको छ। गैरदलित जातजातिका महिलामध्ये स्नातक वा सोभन्दा माथिको तह पूरा गर्नेको अनुपात ६.६ प्रतिशत छ जब कि तराईका दलित महिलामध्ये यो तह पूरा गर्नेको अंश ०.६ प्रतिशत मात्र छ। नेपालमा ५ देखि २५ वर्षसम्मको कुल जनसङ्ख्यामध्ये ८.१ प्रतिशत जनसङ्ख्या कहिल्यै स्कुल नगएको देखिन्छ। यस्तो जनसङ्ख्याको अनुपात पुरुषतर्फ ६.७ प्रतिशत र महिलातर्फ ९.४ प्रतिशत रहेको छ। यसले छोरीहरू अझै पनि विद्यालय शिक्षाबाट सार्थक रूपले बाहिर रहेको देखिन्छ गैरदलित जातजातिको ५ देखि २५ वर्षका कुल जनसङ्ख्यामध्ये केवल ७.१ प्रतिशत कहिल्यै विद्यालय नगएका देखिन्छन्, जब कि यो मान समग्र दलिततर्फ १३.१ प्रतिशत रहेको छ। महिलातर्फ कहिल्यै स्कुल नगएका तराई दलितको हिस्सा सर्वाधिक (३१.६%) रहेको छ। पहाडी दलिततर्फका ५ देखि २५ वर्षसम्मका कुल महिलामध्ये केवल ४.५ प्रतिशत मात्र कहिल्यै पनि विद्यालय नगएको देखिन्छ।

नेपालमा समग्र बाल साक्षरतादर ९४.१ प्रतिशत रहेको छ। बालकहरूको साक्षरतादर र बालिकाहरूको साक्षरतादरमा १ प्रतिशत विन्दुभन्दा कम अन्तर रहेको छ। पाँचदेखि १७ वर्षसम्मका ९४.३ प्रतिशत बालक साक्षर छन्भने बालिकातर्फ यो मान ९३.९ प्रतिशत रहेको छ। समग्र दलिततर्फ बाल साक्षरतादर राष्ट्रिय औसतभन्दा ४ प्रतिशत विन्दुले न्यून अर्थात्९० प्रतिशत रहेको छ। यसमा बालिकाको ८९.७ र बालकको ९०.४ प्रतिशत छ।

चित्र ३० : दलित र गैरदलित बालबालिकाको साक्षरतादर (%)



चित्र ३१ : दलित र गैरदलित जातजातिको निरक्षर जनसङ्ख्याको अवस्था (%)



२.२. प्रयास र प्रतिबद्धता

क) अन्तरराष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता

मानव सभ्यताको विकास र बिस्तार हुँदै जाँदा समाजमा विभिन्न नाममा असमानता र विभेदका रुप पनि देखिँदै गए। लैङ्गिक आधारमा महिला र पुरुष (कालान्तरमा एलजिबिटिक्युआइ), जातीय आधारमा उच र निच, छुत र अछुत, रङ्गभेदका आधारमा काला र गोरा, वर्गीय आधारमा धनी र गरिब, मालिक र दास जस्ता विभेदले मानव समाजलाई विभाजित गरेको छ। विभिन्न नाममा मानव मर्यादामाथि हस्तक्षप, विभेद र विभाजन शताब्दिऔँसम्म कायम रहे। यस्ता अवशेष यद्यपि कायम छन्। साथै, यस्ता विभेदपूर्ण प्रथा, परम्परा र मान्यताविरुद्ध अधिकारवादी आवाज पनि संगठित र असंगठित रुपमा सँगसँगै अगाडि बढिरहेका छन्। महिलाका सवालमा उनीहरुको सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक अधिकारबारे १८औँ शताब्दिदेखि विश्वमा आवाज मुखरित भइरहेका छन्। सन् १८३० देखि महिला र पुरुषबीचका असमानता तथा महिलाको दासताविरुद्ध विश्वव्यापी आन्दोलन उठ्न थालेको र सन् १९१९ मा 'लिग अफ नेशन' स्थापना भएपछि महिलाहरूको काम गर्ने समय कामदारको सुरक्षाकृ प्रत्याभूति गरेको पाइन्छ। सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि महिला समान अधिकारका हकदार हुन्छन् भन्ने मान्यता विकास भएको पाइन्छ। त्यसयता घोषणापत्रमा भएका व्यवस्थालाई व्यवहारमा उतार्नका लागि निरन्तर संघर्ष र आन्दोलन गर्नुपरिरहेको छ।[८]

८ राष्ट्रिय महिला आयोग १८ औँ वार्षिक प्रतिवेदन

यिनै सङ्घर्षका क्रममा नेपालले लैङ्गिक समानता कायम गर्न र लिङ्गका आधारमा हुने हिंसाविरुद्ध अन्तरराष्ट्रिय रूपमा प्रतिबद्धता जनाएको छ। नेपालले संयुक्त राष्ट्र सङ्घको पहलमा भएका मानव अधिकारसम्बन्धी २४ वटा महासन्धि, घोषणापत्र र अनुबन्धमा हस्ताक्षर गरिसकेको छ। नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेखहरूको विवरण निम्नानुसार छः

क्र.सं	दस्तावेज	अनुमोदन मिति	कैफियत
१.	मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८	१० डिसेम्बर, १९४८ मा ग्रहण र घोषणा	
२.	महिलाको राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९५२	२६ अप्रिल, १९६६	
३.	नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६	१४ मे, १९९१	
४.	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६	अनुबन्ध, १९६६ १४ मे, १९९१	
५.	महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९	२२ अप्रिल, १९९१	
६.	महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९	१५ जुन २००७	
.७	समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी महासन्धि १९५१ (नं. १००)	६ अक्टोबर १९७६	
८.	रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि १९५८ (नं. १११	१९ सेप्टेम्बर १९७४	
९.	बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २०००	१८ जनवरी, २००६	
१०.	वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जिउ मास्ने/बेच्ने काम रोकथाम गर्ने र सोविरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सम्बन्धी सन्धि २००२	१५ नोभेम्बर, २००५	
११.	बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि १९३० (नं. २९	१३ सेप्टेम्बर २००१	
१२.	संयुक्त राष्ट्र सङ्घअन्तर्गतको बहुराष्ट्रिय सङ्गठित अपराधविरुद्धको महासन्धिअन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम,दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पुरक आलेख (पालेर्मो प्रोटोकल	१२ मार्च २०२०	
१३.	बालश्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धि १९९९ (नं. १८२)	१३ सेप्टेम्बर २००१	
१४.	दासत्व महासन्धि १९२६	७ जनवरी १९६३	
१५.	दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३	७ जनवरी १९६३	

क्र.सं	दस्तावेज	अनुमोदन मिति	कैफियत
१६.	दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि १९५	७ जनवरी १९६३	
१७.	जाति हत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८	१७ जनवरी १९६९	
१८.	जिउ मास्ने, बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९	२७ डिसेम्बर १९९५	
१९.	सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५	३० जनवरी १९७१	
२०.	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६	१४ मे १९९१	
२१.	नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६	१४ मे १९९१	
२२.	नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६	१४ मे १९९१	
२३.	रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३	१२ जुलाई १९७७	
२४.	यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४	१४ मे १९९१	
२४.	बाल अधिकारसम्बन्धी महासन्धि १९८९	१४ सेप्टेम्बर १९९०	
२६.	सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २०००	३१ अक्टोबर २००५	
	रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ (नं १३८)	सन् १९९७	

बालबालिका

नेपालले विसं २०४७ भदौ २९ मा बाल अधिकारसम्बन्धी महासन्धि, १९७९ अनुमोदन गरी बालबालिकाको अधिकार तथा हकहितको संरक्षण एवं सम्बर्द्धनका लागि प्रतिबद्धता जनाएको छ। यस महासन्धिका तीनवटा इच्छाधिन आलेखहरूमध्ये सशस्त्र द्वन्द्वमा बालबालिकाको सङ्लग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २०००लाई सन् २००७ मा, बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा भएको बाल अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई सन् २००६ मा र निकृष्ट प्रकारका बालश्रम अन्मूलनसम्बन्धी आइएलओ महासन्धि, १९९९ (नं १८२) लाई सन् २००४ मा अनुमोदन गरेको छ। यी महासन्धि, इच्छाधीन आलेखलगायत नेपाल सरकारले अनुमोदन गरेका बालबालिकासम्बन्धी संयुक्त राष्ट्र सङ्घीय र अन्य अन्तरराष्ट्रिय घोषणाहरू कार्यान्वयनमा रहेका छन्।[९]

९ नेपालमा बालबालिकासम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८१

जातीय विभेद

नेपालले कुनै पनि नाममा व्यक्तिको उत्पत्ति, पेसा, व्यवसाय, जातजातिका नाममा हुने विभेदलाई दण्डनीय मानेको छ। संयुक्त राष्ट्रसङ्घको पक्ष राष्ट्रका रूपमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २ मा भएको 'जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा भेदभावबिना प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लेखित अधिकार हुने मूल्यमान्यताप्रति प्रतिबद्धता जनाएको छ। प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जातजाति, वंश, समुदाय वा पेसाका आधारमा छुवाछुत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकार संरक्षणको अठोट गरेको छ। अन्तरराष्ट्रिय रूपमा कुनै पनि नाममा हुने जातीय भेदभाव, विभेद वा छुवाछूतविरुद्ध संवैधानिक, कानुनी र संरचनागत रूपमै प्रतिबद्धता जाहेर गरेको छ। सन् १९७१ जनवरी ३० मा सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि १९६५, जाति हत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८ लाई १७ जनवरी १९६९ मा, रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ लाई १२ जुलाई १९७७ मा अनुमोदन गरी आफ्नो प्रतिबद्धतालाई थप बलियो बनाएको छ।[१०]

यस्तै, सन् २००१ मा सबै प्रकारका जातीय भेदभावविरुद्धको महासन्धिका सम्बन्धमा दक्षिण अफ्रिकामा भएको विश्व सम्मेलनले महिला तथा बालबालिका, जात, लिङ्ग तथा उमेरका कारण भेदभावबाट पीडित हुनसक्ने अवस्थालाई ध्यान दिँदै फौजदारी न्यायप्रणालीको प्रशासनिक तथा कार्यप्रणालीमा जातीय भेदभाव रोकथाम हुनुपर्नेतर्फ ध्यानाकर्षण गर्दै डर्बान घोषणापत्र, २००१ र डर्बान कार्ययोजना जारी गरेको थियो। यसको कार्यान्वयनमा समेत नेपालले प्रतिबद्धता जनाएको छ।[११] तिनै प्रतिबद्धता कार्यान्वयनका क्रममा जातीय छुवाछुतका सम्पूर्ण स्वरूपलाई संवैधानिक, कानुनी, सामाजिक र हरेक दृष्टिले दण्डनीय अपराध ठानी विसं २०६३ जेष्ठ २१ मै नेपाललाई जातीय छुवाछूतमुक्त राष्ट्र घोषणा गरिएको छ।

ख) प्रतिबद्धता कार्यान्वयनका लागि भएका राष्ट्रिय प्रयास

नेपालले जातीय तथा लैङ्गिक आधारमा हुने विभेद तथा हिंसा र कुनै पनि प्रकारका बालश्रमविरुद्ध राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा परेका प्रतिबद्धता कार्यान्वयनका लागि संवैधानिक तथा कानुनी व्यवस्थाका अतिरिक्त ती व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न संरचनात्मक व्यवस्थासमेत गरेको छ।

१० राष्ट्रिय दलित आयोग, पाँचौं वार्षिक प्रतिवेदन २०८१/८२

११ राष्ट्रिय मानवअधिकार आयोग, जातीय विभेद तथा छुवाछूतविरुद्धको अधिकारको अवस्था अनुगमन प्रतिवेदन (२०७६)

संवैधानिक रूपमा मूलभूत व्यवस्था:[१२]

नेपालको संविधानको प्रस्तावनामै जातीय तथा लैङ्गिक विभेद, सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्दै समतामूलक समाज र बालश्रममुक्त राष्ट्र निर्माण गर्ने सङ्कल्प गरिएको छ। विभिन्न ३१ वटा मौलिक हकमा महिला, दलित र बालबालिकाका सवालमा अधिकार तथा हकहित सुनिश्चिताका लागि आवश्यक प्रबन्ध गरेको छ। यहाँ निम्न व्यवस्था उल्लेख गर्नु वाञ्छनीय होलाः

क्र. सं	मौलिक हक तथा व्यवस्था	प्रावधान
१.	नागरिकता	कुनै पनि नागरिकलाई नागरिकताबाट वञ्चित नगरिने, यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ।
२.	धारा १६: सम्मानपूर्वक बाँच्न पाउने हक	प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ।
३.	धारा १७: स्वतन्त्रताको हक	कानुनबमोजिमबाहेक प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन।
४.	धारा १८: समानताको हक	(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन। (२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन। (३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन। तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, ल लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन। (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन। (५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुनेछ।
५.	धारा २०: न्यायसम्बन्धी हक	९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ। १०) असमर्थ पक्षलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ।
६.	धारा २१ अपराधपीडितको हक	१) अपराधपीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ। २) अपराधपीडितलाई कानुनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ।

१२ नेपालको संविधान (२०७२)

क्र. सं	मौलिक हक तथा व्यवस्था	प्रावधान
७.	धारा २४: छुवाछुत तथा भेदभावविरुद्धको हक:	१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन। (२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन। (३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन। (४) जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन। (५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।
८.	धारा २६: धार्मिक स्वतन्त्रताको हक	१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ।
९.	धारा २७: सूचनाको हक	प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ।
१०.	धारा २८: गोपनीयताको हक	कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ।
११.	धारा २९: शोषणविरुद्धको हक	(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ। (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन। (३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन। तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन। (५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ
१२.	धारा ३०: स्वच्छ वातावरणको हक	(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ। (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।
१३.	धारा ३१: शिक्षासम्बन्धी हक	(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ। (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ। (३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउनेहक हुनेछ। (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ। (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

क्र. सं	मौलिक हक तथा व्यवस्था	प्रावधान
१४.	धारा ३३ः रोजगारीको हक	(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ। (२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ।
१५.	धारा ३४ः श्रमको हक	(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ। (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ। (३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ।
१६.	धारा ३४ः स्वास्थ्यसम्बन्धी हक	(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ। (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ। (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।
१७.	धारा ३६. खाद्य सम्बन्धी हक ः	(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ। (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ। (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ।
१८.	धारा ३६. आवासको हक	(१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ। (२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन।
१९.	धारा ३८ महिलाको हक	(१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ। (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ। (३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ।

क्र. सं	मौलिक हक तथा व्यवस्था	प्रावधान
२०.	धारा ३९ बालबालिकाको हकः	(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ। (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ। (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ। (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन। (५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन। (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन। (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन। (८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ। (९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।
२१.	धारा ४०ः दलितको हक	(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ। (२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ। (३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ। (४) दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ। (५) राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमीन उपलब्ध गराउनु पर्नेछ। (६) राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ। (७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ।
२२.	धारा ४१ः ज्येष्ठ नागरिकको हक	ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ।

क्र. सं	मौलिक हक तथा व्यवस्था	प्रावधान
२३.	धारा ४२. सामाजिक न्यायको हक	(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ। (२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ। (३) अपागता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ। (४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ।
२४.	धारा ४३ः सामाजिक सुरक्षाको हक	आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आप्mनो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।

कानुनी तथा नीतिगत व्यवस्थाः

जातीय तथा लैङ्गिक आधारमा महिला, बालिबालिका वा कसैमाथि हुने हिंसाका स्वरूप, प्रकृतिको पहिचान र समस्या सम्बोधन गर्न मुलुकी ऐन २०२० लाई २०७५ भदौ १ गतेदेखि विभिन्न ऐनद्वारा प्रतिस्थापन गरिएको छ। ती ऐनमा मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४, मुलुकी देवानी संहिता २०७४ रहेका छन्। यी ऐनमार्फत सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक/सांस्कृतिक कुरीतिजन्य व्यवहार वा अभ्यास, हानिकारक प्रथा, परम्परागत र गलत अभ्यासलाई आपराधिक कार्यका रूपमा व्याख्या गरिएको छ। विभेद र हिंसाको प्रकृति र स्वरूपहरूका आधारमा कानुनी सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ। कानुनी उपचार, समस्या समाधान र आपराधिक कार्यको दण्ड सजायका निमित्त यी ऐन/कानुन विशेष महत्वपूर्ण मानिने गरिए पनि क्षेत्रगत हिसाबले निम्न व्यवस्था पनि निकै महत्वपूर्ण छन्ः

महिला	बालबालिका	दलित
मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, नियमावली, २०६५, मानव बेचबिखन तथा ओसारपसारपीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, नियमावली, २०६७, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०७४, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि, २०६८ एकल महिला सुरक्षा कोष नियमावली, २०७०, बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०, लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना, २०६१, ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२, मानव वेचविखन विशेषगरी महिला तथा बालबालिकाहरूको वेचविखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, पुनस्र्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनस्र्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखनविरुद्धको मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८, राष्ट्रिय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७ (प्रदेश र स्थानीयस्तरमा विभिन्न ऐन, नियम, निर्देशिका जारी)	बालबालिकासम्बन्धी ऐन, २०७५, नियमावली, २०७८, राष्ट्रिय खोप ऐन, २०७२, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ बलश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४—२९८३), बालविवाहविरुद्धको राष्ट्रिय रणनीति, २०७२, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७—२०८८) (प्रदेश र स्थानीयस्तरमा विभिन्न ऐन, नियम, निर्देशिका जारी)	जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८, नियमावली, २०७४, जातीय भेदभाव तथा छुवाछुत अन्त्य र दलित अधिकार प्रवद्र्धनसम्बन्धी कार्यविधि, २०७३, (प्रदेश र स्थानीयस्तरमा विभिन्न ऐन, नियम, निर्देशिका जारी)

संरचनागत व्यवस्थाः

जातीय तथा लैङ्गिक आधारमा महिला तथा बालिकामाथि हुने हिंसासम्बन्धी धेरै विषय अन्योन्याश्रित छन्। महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरण, अधिकारको संरक्षण र प्रवर्धनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा संस्थागत संयन्त्रको व्यवस्था गरिएको छ। विशिष्टिकृत रूपमा महिलाहरूको अधिकारका लागि राष्ट्रिय महिला आयोग, दलितहरूका लागि राष्ट्रिय दलित आयोग र बालबालिकाका लागि राष्ट्रिय बाल अधिकार परिषद् क्रियाशील छन्। समग्रमा राष्ट्रिय मानव अधिकार आयोगका साथै अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने आदिवासी जनजाति आयोग, मधेशी आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मुस्लिम आयोगलगायत क्रियाशील छन्।

यीसहित संरचनागत व्यवस्था ः

- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- दलित आयोग
- राष्ट्रिय बाल अधिकार परिषद्,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा सहयोग केन्द्रहरू
- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय
- ७५३ स्थानीय तहमा विषयगत एकाइ/शाखा
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क विन्दु
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाका लागि पुनस्र्थापना केन्द्र,
- घरेलु हिंसाबाट पीडित तथा प्रभावित महिलाका लागि सेवा केन्द्र
- बालबालिकाका लागि राष्ट्रिय बाल अधिकार परिषद्,
- बाल संगठन,
- हिंसापीडितहरूको सेवाका लागि अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरू
- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान ब्युरो
- स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानुनी सहायता समिति
- हरेक अदालतमा वैतनिक वकिल
- बार एसोसिएसनबाट निःशुल्क कानुनी सहायता
- प्रदेश तथा स्थानीयस्तरमा दलित विकास, सशक्तीकरण समितिहरू,

अध्याय ३ (तीन)

अध्ययनको सैद्धान्तिक ढाँचा वा विधि

३.१ अध्ययन विधि

यस अध्ययनमा अनुसन्धान विधिका मान्यता, प्रचलन, मापदण्ड र प्रक्रियालाई प्रयोग गरिएको छ। यी विधिमार्फत नेपालमा जातीय र लैङ्गिक आधारमा महिला तथा बालिकामाथि हुने हिंसाको अवस्था पहिचान गर्ने लक्ष्य राखिएको हो। यसको मुख्य प्राथमिकता दलित महिला तथा बालिका हुन्। अध्ययनमा गुणात्मक र सङ्ख्यात्मक दुवै प्रकृतिका तथ्याङ्क समेटिएका छन्। यसमा प्रथम र द्वितीय गरी दुई किसिमका स्रोत यहाँ प्रयोग गरिएका छन्।

- प्राथमिक स्रोतमा मिडिया विषयवस्तु विश्लेषण, विज्ञ र प्रमुख सूचनादातासँग परामर्श गरिएको छ।
- द्वितीय स्रोतमा नेपाल सरकारका संवैधानिक निकाय, नेपाल प्रहरी तथा महिला, बालबालिका तथा लैङ्गिक अधिकारका क्षेत्रमा काम गर्ने र पैरवी गर्ने गैरसरकारी संस्थाहरूले यसअघि गरेका अध्ययन र अभिलेख समेटिएका छन्।

क) दस्ताबेज समीक्षा (Desk/Document Review)

दस्ताबेज समीक्षाका लागि कार्यक्षेत्र, फेडोले गरिरहेको सहकार्यलाई समेत मध्यनजर गर्दै र अध्ययनकर्ताले निर्णयात्मक वा उद्देश्यमूलक (judgmental or purposive) विधिअनुसार नेपाल सरकारका संवैधानिक निकाय र सरकारी संस्था तथा गैरसरकारी संघसंस्था छनोट गरिएका छन्, जुन निम्नानुसार छन्:

संवैधानिक आयोग तथा सरकारी निकाय

१. राष्ट्रिय महिला आयोग
२. राष्ट्रिय दलित आयोग

३. राष्ट्रिय मानव अधिकार आयोग
४. नेपाल प्रहरी (सूचना तथा सञ्चार महाशाखा र साइबर ब्यूरो)
५. राष्ट्रिय बालअधिकार परिषद्।

गैरसरकारी तथा सामाजिक संस्था

१. दलित महिला (फेडो),
२. महिला पुनस्थापना केन्द्र (ओरेक) नेपाल
३. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
४. नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन), नेपाल
५. समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)।
६.एक्सेस प्लानेट संस्था।

ख) विषयवस्तु विश्लेषण

पहिले नै मिडिया छनोट गरेर विषयवस्तु विश्लेषण (Content Analysis) गरिएको छैन। अध्ययनका क्रममा कोठा, कोटा र अनलाइन हिंसा गरी तीन वटा शब्द राखेर गुगल सर्च गर्दा भेटिएका सामग्रीलाई विश्लेषण गरिएको छ। त्यस क्रममा २० वटा मिडियाले प्रकाशन गरेका समाचार सामग्री भेटिएका छन्। यी मिडियाका प्रिन्ट भर्सन भए पनि मूलतः अनलाइन प्लेटफर्ममा भेटिएका विषयवस्तु छन्, यसर्थ यसमा अनलाइन मिडियालाई मात्र समेटिएको छ। यसमा समाचार र लेख (विचार) लाई विश्लेषण गरिएको छभने विषयवस्तुसँग सम्बन्धित तथ्य र नमूना कथा लेखनलाई उदाहरणका रुपमा प्रस्तुत गरिएको छ। यसमा नेपाली भाषामा प्रकाशन भएका समाचारलाई मात्र विश्लेषणको विषय बनाइएको छ। यस्ता विषवस्तुको निश्चित समयसीमा तोकिएको छैन।

गुगल सर्च', 'एआई'को सहयोगमा प्राप्त समाचारका आधारमा २० वटा मिडिया निम्नानुसार छन्:

१. गोरखापत्र अनलाइन, २. इकान्तिपुर, ३. अनलाइनखबर, ४. नागरिकन्युज, ५. सेटोपाटी, ६. काठमाडौंप्रेस, ७. नयाँपत्रिका डेली, ८. ब्रेकनलिंक, ९. जनआस्था, १०. उकालो, ११. नेपालप्रेस, १२. सिलापत्र, १३. नेपालखबर, १४. बिबिसी (नेपाली), १५. आर्थिकन्युज, १६. नेपाल सिजिटिएन, १७. न्युज२४ नेपाल, १८. रातोपाटी, १९. नेपालट्युब, २०. ग्लोबलप्रेस।

अध्याय ४ (चार)

तथ्याङ्क प्रस्तुति र विश्लेषण

४. नेपालमा महिला हिंसाको अवस्था (दस्ताबेज समीक्षा)

४.१ नेपाल प्रहरीको दस्ताबेज समीक्षा

नेपाल प्रहरी प्रधान कार्यालय, सूचना तथा सञ्चार महाशाखाबाट प्राप्त विविरणअनुसार विभिन्न १६ प्रकारका घटनाबाट पीडित भएका महिला तथा बालिकासम्बन्धी विवरण यहाँ प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा उल्लेखित घटनाबाट २१ हजार ४६५ जना पीडित भएको विवरणबारे यहाँ विवेचना गरिएको छ।

हिंसाका घटना

हिंसा	उजुरी सङ्ख्या								
	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	का.उपत्यका	जम्मा
घरेलु हिंसा (१)	१३५७	६९५०	१३८०	८५२	२८७९	९९८	११९७	१८९६	१७५०९
घरेलु हिंसाका कारण कर्तव्य ज्यान (२)	१९	४	२	१	४	२	७	२	४१
बलात्कार (ज.ज.क) (३)	४९४	२९०	२५४	१६५	३५९	१७४	१८५	३४१	२२६२
बलात्कारको प्रयास (ज.ज.क.३) (४)	९१	८१	५०	२०	६४	४१	६६	४८	४६१
जबर्जस्ती करणी गरी हत्या (५)	१	०	१	०	०	०	१	१	४
अपहरण गरी बलात्कार (६)	८	२६	१	२	१४	०	२	२	५५
मानव बेचविखन ज.ज.क (७)	२	३	०	१	३	०	६	०	१५
अवैध गर्भपतन (८)	०	०	१	०	०	०	२	०	३
सार्वजनिक स्थलमा दुर्व्यवहार (९)	१४	१	०	२	४	१	०	१	२३
ज्येष्ठ नागरिकविरुद्ध दुर्व्यवहार (१०)	७	०	३	१९	६	०	१	५	४१
जातीय छुवाछुत (११)	३	६	९	३	३	५	६	१	३६
बोक्सीको आरोप (१२)	२	२३	१	१	०	०	३	१	३१
बालविवाह (१३)	६	१६	२	२	८	०	२	१	३७
दाइजोसम्बन्धी कसुर/कर्तव्य ज्यान(१४)	०	१०	०	०	०	०	०	०	१०+२
बाल यौन दरुपयोग (१५)	१०७	४३	४५	३२	५३	२१	१९	५३	३७३
बहुविवाह (१६)	११६	९४	३९	३२	१००	४८	७०	६३	५६२
जम्मा	२२६०	७५४७	१७८५	१११३	३४९१	१२९०	१५६६	२४१०	२१४६५
प्रतिशतमा	१०.५५ %	३५.२४ %	८.३३ %	५.१९ %	१६.३० %	६.०२ %	७.३१ %	११.२५ %	१००%

हिंसाको हिस्सा

क्र.सं	हिंसा	प्रतिशत	सङ्ख्या	कैफियत
१.	घरेलु हिंसा	८१.५६ %	१७५०९	
२.	घरेलु हिंसाका कारण कर्तव्य ज्यान	०.१९ %	४१	
३.	बलात्कार	१०.५३ %	२२६२	
४	बलात्कारको प्रयास	२.१४ %	४६१	
५	जबर्जस्ती करणी गरी हत्या	०.०१ %	४	
६	अपहरण गरी बलात्कार	०.२५ %	५५	
७	मानव बेचविखन बलात्कार	०.०६ %	१५	
८	अवैध गर्भपतन	०.०१ %	३	
९	सार्वजनिक स्थलमा दुर्व्यवहार	०.१० %	२३	
१०	ज्येष्ठ नागरिकविरुद्ध दुर्व्यवहार	०.१९ %	४१	
११	जातीय छुवाछुत	०.१६ %	३६	
१२	बोक्सीको आरोप	०.१४ %	३१	
१३	बालविवाह	०.१७ %	३७	
१४	दाइजोसम्बन्धी कसुर (कर्तव्य ज्यान २)	०.०५ %	१२	
१५	बाल यौन दरुपयोग	१.७३ %	३७३	
१६	बहुविवाह	२.६१ %	५६२	
	जम्मा	**१०० %**	**२१४६५**	

प्राप्त विवरणमा कुल घटनामध्ये दुई तिहाईभन्दा पनि बढी अर्थात् ८१.५६ प्रतिशत घटना घरेलु हिंसाका छन्। घरेलु हिंसाबाट प्रताडीत हुने मात्रै होइन ज्यान गुमाउनेको सङ्ख्यापनि यस अवधिमा ४१ जना छन्। महिला तथा बालिबालिकामाथि हुने हिंसाको दोस्रो ठूलो कारणका रूपमा बलात्कार रहेको छ। जसका कारण १०.५३ प्रतिशत अर्थात् २२६२ जना पीडित भएका छन्। यस अवधिमा बलात्कारको प्रयासका कारण ४६१, बलात्कार गरी हत्या ४, अपहरण गरी बलात्कार ५५, मानव बेचबिखनका क्रममा बलात्कारबाट १५ जना हिंसामा परेका छन्। प्रतिशतका हिसाबले बहुविवाह २.६१ (५६२), बलात्कार प्रयास २.१४, बाल यौन दुरुपयोगबाट पीडित हुनेको सङ्ख्या१.७३ प्रतिशत अर्थात् ३७३ छ।

१६ प्रकारका हिंसाका घटनामध्ये शून्यभन्दा तल देखिने घटनाका प्रकार ११ वटा भए पनि यो समग्रमा १.३ प्रतिशत छ। यी घटनाबाट २९८ जना महिला तथा बालिका हिंसामा परेका छन्। यस अवधिमा ४१ ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार, ३७ जना बालविवाह, ३६ जनामाथि जातीय छुवाछूत, ३१ जनामाथि बोक्सीको आरोप, २३ जना सार्वजनिक स्थलमा दुर्व्यवहार, दाइजोसम्बन्धी कसुरबाट १२ जना पीडित भएकामा त्यसक्रममा दुई जनाको ज्यान गएको छ।

हिंसाका घटनामा प्रदेशगत अवस्था

प्रदेशगत हिसाबमा बढी हिंसा हुनेमा मधेस अगाडि छ। यस प्रदेशमा कुल घटनाको ३५.१६ प्रतिशत अर्थात् ७५४९ हिस्सा छ। त्यसपछि बढीबाट कम घटना रहेका प्रदेशमा क्रमशः लुम्बिनी १६.२९ प्रतिशत (३४९७), उपत्यका ११.२५ (२४१५), कोशी १०.३७ (२२२७), बागमती ८.३२ (१७८८) छन्। यसैगरी सुदूरपश्चिममा ७.३० (१५६७), कर्णालीमा ६ (१२९०) र गण्डकी ५.२७ (११३२) रहेका छन्।

प्रदेश	सङ्ख्या	प्रतिशत
कोशी	२२२७	१०.३७ %
मधेस	७५४९	३५.१६ %
बागमती	१७८८	८.३२ %
गण्डकी	११३२	५.२७ %
लुम्बिनी	३४९७	१६.२९ %
कर्णाली	१२९०	६ %
सुदूरपश्चिम	१५६७	७.३० %
उपत्यका	२४१५	११.२५ %
जम्मा	२१४६५	१००



हिंसाका घटना मधेसमा धेरै

मधेस प्रदेशमा हिंसाका घटना धेरै भएको अभिलेख छ। उक्त प्रदेशमा सबैभन्दा बढी ३५.१६ प्रतिशत घटना दर्ता भएका छन्। यो सङ्ख्या अघिल्लो अध्ययन अवधिका कुल घटनामा यहाँको हिस्सा ३१.५३ रहेको थियो। मधेस प्रदेशका कुल ७५४९ घटनामा सबैभन्दा बढी घरेलु हिंसा ९२ (६९५०) प्रतिशत छ। यो देशभर भएका घरेलु हिंसाको ३९.६९ प्रतिशत हो। यहाँ घरेलु हिंसामा परी ४ जनाले ज्यान गुमाएका छन्। यस्तै, बलात्कारसम्बन्धी घटनाबाट २९०, बलात्कारको प्रयास ८१, अपहरण गरी बलात्कार २६, मानवबेचबिखन गरी बलात्कार ३, सार्वजनिक स्थलमा दुर्व्यवहार १, जातीय छुवाछूत ६, बोक्सीको आरोप २३ (समग्रमा ३१), बालविवाह १६ (देशभर ३७), दाइजोसम्बन्धी कसुर १२ (यसमा २ को हत्या), बालयौन दुरुपयोग ४३ र बहुविवाहका ९४ घटनाबाट महिला तथा बालिकाहरू हिंसामा परेका छन्।

सबैभन्दा कम हिंसाका घटना गण्डकीमा

अभिलेखअनुसार सबैभन्दा कम घटना गण्डकी प्रदेशमा दर्ज भएका छन्। गत अध्ययन अवधिमा त्यहाँका ३.६८ प्रतिशत घटना रहेकामा यसपटक ५.२७ प्रतिशत अर्थात् ११३२ घटना छन्। यो अघिल्लो वर्षभन्दा बढी हो। प्रदेशमा घरेलु हिंसाका ८५२ घटना दर्ता भएका छन्, जुन देशभरका घरेलु हिंसाका घटनामध्ये ४.८६ प्रतिशत हो भने प्रदेशका समग्र घटनाको ७५.२६ प्रतिशत हो। घरेलु हिंसाका कारण यहाँ १ जनाले ज्यान गुमाउनु परेको छ। यहाँ बलात्कार १६५, बलात्कारको

प्रयास २०, अपहरण गरी बलात्कार २, मानव बेचविखनसँगै बलात्कार १, सार्वजनिक स्थलमा दुर्व्यवहार २, ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार १९, जातीय छुवाछूत ३, बोक्सीको आरोप १, बालविवाह २, बालयौन दुरुपयोग ३२ र बहुविवाहका ३२ घटना भएका छन्।

अन्य प्रदेशको अवस्था

यहाँ घटना अभिलेखअनुसार बढीबाट क्रमशः कम सङ्ख्या भएका प्रदेशको विवरण प्रस्तुत गरिएको छ। जुन निम्नानुसार छन्ः

लुम्बिनी प्रदेशः यहाँ ३४९७ अर्थात् १६.२९ प्रतिशत घटना दर्ता भएकामा छन्। यहाँ घरेलु हिंसाका २८७९ घटना अभिलेखन भएका छन्, जुन प्रदेशका कुल घटनाको ८२.३२ (देशभर घरेलु हिंसाको १६.४४) प्रतिशत हो। यहाँ घरेलु हिंसाका कारण ४ जनाले ज्यान गमाउनु परेको छ। यसैगरी ३५९ जनामाथि बलात्कार भएको छ भने ६४ जनामाथि बलात्कारको प्रयास भएको छ। १४ जनालाई अपहरण गरेर बलात्कार र ३ जनालाई मानव बेचबिखनका क्रममा बलात्कार भएको अभिलेख छ। यस्तै, ५३ जना बाल यौन दुरुपयोग र १०० जना बालविवाहको सिकार भएका छन्। ८ जना बहुविवाह, ६ जना ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार, ४ जनामाथि सार्वजनिक स्थलमा दुर्व्यवहार र ३ छुवाछूतका कारण हिंसामा परेका छन्।

काठमाडौं उपत्यकाः उपत्यकामा भएका कुल घटना सङ्ख्या २४१५ जुन समग्रमा ११.२५ प्रतिशत हो। यहाँ पनि सबैभन्दा बढी १८९६ घरेलु हिंसाका घटना भएका छन्। घरेलु हिंसाका कारण २ जनाको ज्यान गएको छ। यहाँ बलात्कार ४०५, बलात्कार प्रयास ४८, बहुविवाह ६३, बाल यौन दुरुपयोग ५३, ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार ५, सार्वजनिक स्थालमा दुर्व्यवहार, जातीय छुवाछुत, बोक्सीको आरोप र बालविवाहका १/१ घटना अभिलेखन भएका छन्।

कोशी प्रदेशः यहाँ २२२७ अर्थात् १०.३७ प्रतिशत घटना दर्ता भएका छन्। अरु प्रदेशमा जस्तै यहाँ घरेलु हिंसाजन्य घटना धेरै छन्। प्रदेशमा १३५७ जना घरेलु हिंसामा परेका छन् भने १९ जनाले त्यसका कारण ज्यान गुमाउनु परेको छ। ४९४ जनामाथि बलात्कार भएको छभने ९१ जनामाथि बलात्कारको प्रयास, ८ जनालाई अपहरण गरेर र २ जनालाई मानव बेचबिखनका क्रममा बलात्कार गरिएको छ। यस्तै, बहुविवाहबाट ११६, बाल यौन दुरुपयोगबाट १०७, सार्वजनिक स्थलमा दुर्व्यवहारमा १०, ज्येष्ठ नागरिकमाथि दुर्व्यवहारमा ७, बालविवाह ६, छुवाछूत ३, बोक्सीको आरोपमा २ जनामाथि हिंसा भएको छ।

बागमती प्रदेशः देशभर भएका घटनामध्ये १७८८ अर्थात् ८.३२ प्रतिशत घटना भएका छन्। जसमा घरेलु हिंसा १३८०, घरेलु हिंसाबाट ज्यान गुमाउने २, बलात्कार २५४, बलात्कारको प्रयास ५० बाल यौन दुरुपयोग ४५, बहुविवाह ३९, ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार ३, जातीय छुवाछूत ९ ((देशभर सबैभन्दा बढी), बालविवाह २, जबर्जस्ती करणी गरी हत्या, अपहरण गरी बलात्कार, अवैध गर्भपतन, बोक्सीको आरोपमा १/१ जना हिंसामा परेका छन्।

सुदूरपश्चिम प्रदेशः यहाँ १५६७ घटना अभिलेखन भएका छन्। यो देशभर भएका घटनामध्ये ७.३० प्रतिशत हो। यहाँ पनि सबैभन्दा बढी ११९७ घटना घरेलु हिंसाका छन्। घरेलु हिंसाका कारण ७ जनाको ज्यान गएको छ। १८५ जनामाथि बलात्कार र ६६ जनामाथि बलात्कारको प्रयास भएको छ। एक जनाको बलात्कारपछि हत्या गरिएको छ। २ जनामाथि अपहरण गरेर बलात्कार, ६ जनालाई मानव बेचबिखनसँगै बलात्कार भएको छ। ७० जना बहुविवाह, १९ जना बालयौन दुरुपयोगका कारण हिंसामा परेका छन्। ६ जनामाथि जातीय छुवाछूत, ३ जना बोक्सीको आरोप र २/२ जना दाईजोसम्बन्धी कसुर, अवैध गर्भपतन र बालविवाहका कारण हिंसामा परेका छन्।

कर्णाली प्रदेशः यहाँ १२९० घटना भएको अभिलख छ। यो कुल हिंसाका घटनाको ६ प्रतिशत हो। यहाँ घरेलु हिंसाका ९९८, घरेलु हिंसाका कारण कर्तव्य ज्यान २, बलात्कार १७४, बलात्कारको प्रयास ४१, बहुविवाह ४८, बालयौन दुरुपयोग २१, जातीय छुवाछुत ५, सार्वजनिक स्थलमा दुर्व्यवहारको एउटा घटना दर्ता प्रक्रियामा आएका छन्।

गण्डकी प्रदेशः यहाँ समग्रमा कम ५.२७ प्रतिशत (११३२) घटना रहेका छन्। यी घटनामध्ये घरेलु हिंसा ८५२, घरेलु हिंसाका कारण कर्तव्य ज्यान १, बलात्कार १६५, बलात्कारको प्रयास २०, अपहरण गरी बलात्कार २, मानव बेचबिखनसँगै बलात्कार १ रहेका छन्। यस्तै, बालयौन दुरुपयोग ३२, बहुविवाह ३२, ज्येष्ठ नागरिकविरुद्ध दुर्व्यवहार १९, सार्वजनिक स्थलमा दुर्व्यवहारम दुर्व्यवहार २, जातीय छुवाछूत ३, बोक्सीको आरोपमा १, बालविवाह २ रहेका छन्।

हिंसापीडितको लैङ्गिक विवरण

प्रदेश	हिंसा	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६
कोशी	महिला	१२८९	१३	१९०	६६	०	१	०	०	१४	१	१	२	०	०	०	११६
	पुरुष	५६	४	०	०	०	०	०	०	०	६	२	०	०	०	०	०
	बालिका	१२	१	३०४	२५	१	७	२	०	०	०	०	०	६	०	१०६	०
	बलक	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०
	जम्मा	१३५७	१९	४९४	९१	१	८	२	०	१४	७	३	२	६	०	१०७	११६
मधेश	महिला	५९२१	२	१०३	५९	०	१	१	०	०	०	२	२१	४	९+२	०	९३
	पुरुष	९८८	१	०	०	०	०	०	०	०	०	४	२	०	१	०	०
	बालिका	३८	१	१८७	२२	०	२५	२	०	१	०	०	०	१२	०	४२	१
	बलक	३	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०
	जम्मा	६९५०	४	२९०	८१	०	२६	३	०	१	०	६	२३	१६	१२	४३	९४
बागमती	महिला	१२२३	१	७३	३३	०	०	०	१	०	१	५	१	०	०	०	३९
	पुरुष	१४६	०	०	०	०	०	०	०	०	२	२	०	०	०	०	०
	बालिका	११	१	१८१	१७	१	१	०	०	०	०	२	०	२	०	४५	०
	बलक	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा	१३८०	२	२५४	५०	१	१	०	१	०	३	९	१	२	०	४५	३९
गण्डकी	महिला	७५१	१	६७	१३	०	०	०	०	१	४	०	१	०	०		३२
	पुरुष	९२	०	०	०	०	०	०	०	०	१५	३	०	०	०	०	०
	बालिका	७	०	९८	७	०	२	१	०	१	०	०	०	२	०	३१	०
	बलक	२	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०
	जम्मा	८५२	१	१६५	२०	०	२	१	०	२	१९	३	१	२	०	३२	३२

प्रदेश	हिंसा	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६
लुम्बिनी	महिला	२५४८	४	१०९	३४	०	२	०	०	४	१	१	०	२	०	०	१००
	पुरुष	३१०	०	०	०	०	०	०	०	०	५	२	०	०	०	०	०
	बालिका	२०	०	२५०	३०	०	१२	३	०	०	०	०	०	६	०	५२	०
	बलक	१	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०
	जम्मा	२८७९	४	३५९	६४	०	१४	३	०	४	६	३	०	८	०	५३	१००
कर्णाली	महिला	८९३	१	७२	२२	०	०	०	०	१	०	२	०	०	०	०	४८
	पुरुष	७२	१	०	०	०	०	०	०	०	०	३	०	०	०	०	०
	बालिका	३०	०	१०२	१९	०	०	०	०	०	०	०	०	०	०	२१	०
	बलक	३	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा	९९८	२	१७४	४१	०	०	०	०	१	०	५	०	०	०	२१	४८
सुप	महिला	१११५	६	७७	३७	०	०	२	१	०	१	२	३	०	०	०	७०
	पुरुष	७५	१	०	०	०	०	०	०	०	०	३	०	०	०	०	०
	बालिका	५	०	१०८	२९	१	२	४	१	०	०	०	०	२	०	१९	०
	बलक	२	०	०	०	०	०	०	०	०	०	१	०	०	०	०	०
	जम्मा	११९७	७	१८५	६६	१	२	६	२	०	१	६	३	२	०	१९	७०
उपत्यका	म्हिला	१६३६	२	१३४	३२	०	१	०	०	१	२	१	१	०	०	०	६३
	पुरुष	२५४	०	०	०	०	०	०	०	०	३	०	०	०	०	०	०
	बालिका	३	०	२०७	१६	१	१	०	०	०	०	०	०	१	०	५२	०
	बलक	३	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०
	जम्मा	१८९६	२	३४१	४८	१	२	०	०	१	५	१	१	१	०	५३	६३

नोटः सुरुमा उल्लेख गरिएको क्रम सङ्ख्यालाई घटनासूचकका रूपमा प्रयोग गरिएको छ।

हिंसा	महिला	पुरुष	बालिका	बालक	जम्मा
घरेलु हिंसा	१५३७६	१९९३	१२६	१४	१७५०९
घरेलु हिंसाका कारण कर्तव्य ज्यान	३०	७	३	१	४१
बलात्कार	८२५	०	१४३७	०	२२६२
बलात्कारको प्रयास	२९६	१६५	०	०	४६१
जबर्जस्ती करणी गरी हत्या	०	०	४	०	४
अपहरण गरी बलात्कार	५	०	५०	०	५५
मानव बेचविखन बलात्कार	३	०	१२	०	१५
अवैध गर्भपतन	२	०	१	०	३
सार्वजनिक स्थलमा दुर्व्यवहार	२१	०	२	०	२३
ज्येष्ठ नागरिकविरुद्ध दुर्व्यवहार	१०	३१	०	०	४१
जातीय छुवाछुत	१४	१९	२	१	३६
बोक्सीको आरोप	२९	२	०	०	३१
बालविवाह	६	०	३१	०	३७
दाइजोसम्बन्धी कसुर (कर्तव्य ज्यान २)	९+२	१	०	०	१२
बाल यौन दरुपयोग	०	०	३६८	५	३७३
बहुविवाह	५६१	०	१	०	५६२
जम्मा	**१७१८९**	**२२१८**	**२०३७**	**२१**	**२१४६५**
प्रतिशत	**८० %**	**१०.३३ %**	**९.४८%**	**०.०९ %**	**१०० %**

हिंसामा पर्नेको लैङ्गिक पहिचान

यहाँ महिला र बालबालिका तथा पुरुष र बालक गरी तथ्याङ्कको विश्लेषण गरिएको छ। कुल घटनामा १७१८९ महिलासँग सम्बन्धित हिंसाका विवरण छन्। यो समग्रमा ८० प्रतिशत हो। यसैगरी २०३७ अर्थात् ९.४८ प्रतिशत बालिका हिंसामा परेका घटना छन्। यो दुवै जोड्ने हो भने यो सङ्ख्या ८९.४८ प्रतिशत हुन आउँछ। यसैगरी २२१८ पुरुष (१०.३३ प्रतिशत) र २१ जना बालक हिंसामा परेका छन्।

घरेलु हिंसा मुख्य समस्या

धेरैजसो मानिसहरू घरेलु हिंसाबाट पीडित भएका छन्। यसबाट १५३७६ अर्थात् ८७.८१ प्रतिशत महिला हिंसामा परेका छन्। यसमा पुरुषको सङ्ख्या १९९३ अर्थात् ११.३८ प्रतिशत छ। यसैगरी घरेलु हिंसाका कारण १२६ बालिका र १४ बालक हिंसामा परेका छन्।

घरेलु हिंसाका कारण ज्यान गुमाउने ४१ जना छन्। जसमध्ये महिला ३०, पुरुष ७, बालिका ३ र बालक १ जना छन्। यस्तै, ज्येष्ठ नागरिकमाथि भएको दुर्व्यवहारबाट १० महिला, ३१ पुरुष पीडित भएका छन्। जातीय छुवाछूतका घटनाबाट महिला १४, पुरुष १९ र दुई बालिका तथा एक बालक पीडित भएका छन्। यी घटनामा महिला र पुरुष दुवै हिंसामा परेका छन्। यस्तै बोक्सीको आरोपमा हिंसामा परेका ३१ मध्ये २९ महिला र २ पुरुष छन्। दाइजोसम्बन्धी कसुरबाट ११ जना पीडित भएकामा तीमध्ये दुई जनाको ज्यान गएको छ। यो हिंसाबाट १ पुरुष प्रभावित भएका छन्।

महिला र बालिका मात्र हिंसामा परेका घटना

प्राप्त तथ्याङ्कमा २२६२ जना बलात्कारमा परेका छन्, जसमा महिलाभन्दा बालिकाको सङ्ख्या धेरै छ। यस्तो हिंसामा ८२५ जना महिला पीडित भएकामा बालिकाको सङ्ख्या भने १४३७ छ। यस्तै, ४६१ जनामाथि बलात्कारको प्रयास हुँदा त्यसमा २९६ महिला र १६५ बालिका छन्। यस अवधिमा बलात्कारपछि ४ जनाको हत्या गरिएको छ। यी सबै बालिका हुन्। अपहरण गरी बलात्कार गरिएका ५५ जनामध्ये ५० जना बालिका छन् भने ५ जना महिला छन्। मानव बेचबिखनसँगै बलात्कारमा परेका १५ मध्ये १२ बालिका र ३ महिला छन्। अवैध गर्भपत गर्न बाध्य हुनेमा २ महिला र १ बालिका छन्। सार्वजनिक स्थलमा दुर्व्यवहार भोग्ने २३ जनामा २१ महिला र २ बालिका छन्। बालविवाह गर्नेमा ३१ बालिका र उमेर नपुग्दै विवाह गर्नेमा ६ महिला छन्। बहुविवाहबाट ५६१ महिला र १ बालिका हिंसामा परेका छन्।

हिंसापीडित महिला र बालिकाको जातीगत विवरण

हिंसाका प्रकार	महिला						बालिका						कैफियत
	दलित	ब्राहमण	क्षेत्री	आ.ज	मधेशी	अन्य	दलित	ब्राहमण	क्षेत्री	आ.ज	मधेशी	अन्य	
१.	१७९६	७४०	२१९५	३०९५	५७३८	१८०९	२४	३	१८	३५	३८	८	
२.	४	२	१२	१२	०	०	०	०	१	१	१	०	
३.	१०९	५०	२०४	२८३	१३४	४२	२७८	८३	२६८	५११	२४२	५५	
४	३३	१९	६५	११७	५०	११	२६	१३	४१	५६	२४	५	
५	०	०	०	०	०	०	०	०	१	३	०	०	
६	०	०	०	१	४	०	१	२	५	१०	२६	६	
७	१	०	२	०	०	०	२	२	२	४	२	०	
८	०	१	०	१	०	०	०	०	१	०	०	०	
९	२	१	८	१०	०	०	०	०	१	०	१	०	
१०	२	२	१	४	१	०	०	०	०	०	०	०	३१ पुरुष
११	१२/१४ पु	१ पु	०	१	१ /४पु	०	२/१बा	०	०	०	०	०	
१२	१	१	३	३	१९/२	२	०	०	०	०	०	०	
१३	०	०	१	२	३	०	६	१	३	५	१४	२	
१४	०	०	०	०	८/२	१	०	०	०	०	०	०	
१५	०	०	०	०	०	०	७५/१बा	३२/१बा	६५	१३४ /२	५६/१	६	
१६	९१	४२	११९	१७७	१०३	२९	०	०	०	०	१	०	
जम्मा	२०५१	८५८	२६१०	३७०६	६०६१	१८९४	४१४	१३६	४०६	७५९	४०५	८२	
प्रतिशत	११.९३	४.९९	१५.१९	२१.५७	३५.२७	११.०२	१८.८०	६.१७	१८.४३	३४.४६	१८.३९	३.७२	

महिला

आर्थिक वर्ष २०८१/८२ मा महिलासम्बन्धी हिंसाका घटनालाई जातिगत आधारमा यसरी विश्लेषण गरिएको छः



उल्लेखित विवरणलाई दलित, ब्राह्मण, क्षेत्री, आदिवासी र अन्य गरी विश्लेषण गरिएको छ। यस आधारमा हिंसामा पर्ने सबैभन्दा बढी मधेशी महिला छन् भने सबैभन्दा कम ब्राह्मण समुदायका छन्। कुल घटनामध्ये सबैभन्दा बढी ६०६१ अर्थात् ३५.२७ प्रतिशत मधेशी महिलासँग सम्बन्धित छन्। त्यहाँका महिलाले सबैभन्दा बढी ५७३८ (९४.६७ प्रतिशत) घरेलु हिंसाको सामना गर्नुपरेको छ। यो हिंसा समग्र १५३७६ घरेलु हिंसा भोग्ने महिलाको ३७.३१ प्रतिशत हो। यहाँका महिलाले भोगेका घटनामध्ये क्रमशः बलात्कार १३४, बलात्कारको प्रयास ५०, अपहरण गरी बलात्कार ४, बहुविवाह १०३, बोक्सीको आरोप १९ (समग्रमा ३१ को ६१.६९ प्रतिशत), दाइजोसम्बन्धी कसुर ८, बालविवाह ३, ज्येष्ठ नागरिकविरुद्ध दुर्व्यवहार र जातीय छुवाछूतका १/१ घटना भएका छन्।

यसैगरी आदिवासी जनजाति महिलाले भोगेका घटनाको सङ्ख्या दोस्रो बढी छ। यस समुदायका महिलासँग सम्बन्धित घटना ३७०६ अर्थात् २१.५७ प्रतिशत छन्। यसमध्ये घरेलु हिंसा ३०९५ छन्, यो यस समुदायका महिलासँग जोडिएका कुल घटनाको ८३.५१ र देशभरका घरेलु हिंसाको २०.१२ प्रतिशत हो। यसैगरी घरेलु हिंसाका कारण १२ जनाले ज्यान गुमाएका छन्। २८३ जनामाथि बलात्कार (सबैभन्दा बढी) र ११७ माथि बलात्कार प्रयास, १ जना अपहरणपछि बलात्कार, १७७ बहुविवाह, १० सार्वजनिक स्थलमा दुर्व्यवहार, ४ ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार, ३ बोक्सीको आरोप, २ उमेर नपुग्दै विवाह र बाँकी १/१ अवैध गर्भपतन तथा जातीय छुवाछूतजन्य हिंसामा परेकी छन्।

यसैगरी क्षेत्री महिलाले भोगेका हिंसासँग सम्बन्धित घटना २६१० अर्थात् १५.१९ प्रतिशत छन्। यसमा पनि घरेलु हिंसाकै घटना धेरै २१९५ अर्थात् ८४ प्रतिशतभन्दा बढी छन्। यो समग्र घरेलु हिंसाको १४.२७ प्रतिशत हो। अभिलेखन भएका घटनामध्ये १२ जनाको घरेलु हिंसाका कारण ज्यान गएको छ। २०४ जना बलात्कृत, ६५ माथि बलात्कार र २ जनामाथि मानव बेचबिखनसँगै बलात्कार भएको छ। यस्तै, ११९ जना बहुविवाह, ८ जना अर्वध गर्भपतन, ३ जना बोक्सीको आरोप, १/१ जना ज्येष्ठ नागरिकविरुद्ध दुर्व्यवहार र उमेर नपुग्दै विवाहका कारण हिंसा भोगेका छन्।

यसपछि चौथोमा धेरै हिंसा खेप्नेमा दलित महिला छन्। प्राप्त विवरणअनुसार यो समुदायका २०५१ महिला हिंसामा परेका छन्। यो कुल हिंसाका घटनाको अर्थात् ११.९३ प्रतिशत हो। अन्य समुदायका महिलाजस्तै यसमा पनि घरेलु हिंसा भोग्नेहरू धेरै छन्। यो समुदायका महिलाले भोगेका हिंसाका घटनामध्ये सबैभन्दा बढी १७९६ अर्थात् ८७.५८ प्रतिशत घरेलु हिंसाकै घटना छन्। यो समग्र घरेलु हिंसाको ११.६८ प्रतिशत हो। यो समुदायका ४ जना महिलाले घरेलु हिंसामा परी ज्यान गुमाएको अभिलेख छ। त्यस अवधिमा १०९ जनामाथि बलात्कार, ३३ जनामाथि बलात्कार प्रयास र १ जना मानव बेचबिखनसँगै बलात्कारमा परेकी छन्। १२ जनामाथि जातीय छुवाछूतका कारण हिंसा भएको छ, यस्तो हिंसा भोग्ने दलित पुरुषको सङ्ख्या महिलाभन्दा बढी अर्थात् १४ जना छ। बाँकी ९१ जना बहुविवाह, २ जनामाथि सार्वजनिक स्थलमा दुर्व्यवहार, २ ज्येष्ठ नागरिकविरुद्ध दुर्व्यवहार र १ जनालाई बोक्सीको आरोप लगाएर हिंसा भएको छ।

यस्तै, आफ्नो जातीय पहिचान नखुलाएका अन्य हिंसापीडित महिलाको सङ्ख्या १८९४ अर्थात् ११.०२ प्रतिशत छ। यीमध्ये १८०९ अर्थात् ९५.५१ प्रतिशत घटना घरेलु हिंसासँग सम्बन्धित छन्। यो समग्र घरेलु हिंसाको ११.७६ प्रतिशत हो। यसबाहेक बलात्कार ४२, बलात्कारको प्रयास ११, बहुविवाह २९, बोक्सीको आरोप २ र दाईजोसम्बन्धी कसुरमा १ जनाले हिंसाको सामना गर्नु परेको छ।

अभिलेख भएका घटनामध्ये सबैभन्दा कम ब्राह्मण समुदायका महिलासँग सम्बन्धित छन्। यो सङ्ख्या ८५८ अर्थात् करिब ५ (४.९९) प्रतिशत छ। यसमा पनि घरेलु हिंसाकै घटना सबैभन्दा बढी ७४० अर्थात् ८६.२४ प्रतिशत छ। यो कुल घरेलु हिंसाका घटनाको ४.८१ प्रतिशत हो। बाँकी घटनामा घरेलु हिंसाका कारण ज्यान गुमाएका २, बलात्कार ५०, बलात्कारको प्रयास १९, बहुविवाह ४२, ज्येष्ठ नागरिकविरुद्ध दुर्व्यवहार २ र सार्वजनिक स्थलमा दुर्व्यवहार, अवैध गर्भपतन तथा बोक्सीको आरोपमा हिंसाका १/१ घटना छन्।

बालिका

आर्थिक वर्ष २०८१/८२ मा २२०२ बालिकासम्बन्धी हिंसाका घटना दर्ता भएका छन्। जसलाई जातिगत आधारमा निम्नानुसार विश्लेषण गरिएको छः



सबैभन्दा बढी आदिवासी जनजाती समुदायका बालिका हिंसामा परेका छन् भने सबैभन्दा कम पहिचान नखुलेकाहरू छन्। यस आधारमा आदिवासी जनजाती बालिकासँग सम्बन्धित घटना ७५९ अर्थात् ३४.४६ प्रतिशत छन्। यसमा बलात्कृत हुनेको सङ्ख्या सबैभन्दा बढी ५११ छ। यो यस समूहका सबै घटनाको २३.२० र समग्र बलात्कारका घटना (बालिकातर्फ) १४३७ को ३५.५६ प्रतिशत हो। यसैगरी ५६ माथि बलात्कारको प्रयास, ३ को बलात्कार गरी हत्या, १० जनामाथि अपहरण गरी बलात्कार, ४ माथि मानव बेचबिखनसँगै बलात्कार, १३४ माथि बालयौन दुर्व्यवहार, ५ माथि बालविवाहका कारण हिंसा भएको छ। यो समुदायका ३५ बालिकाले घरेलु हिंसा भोगेको र त्यसै कारण १ जनाले ज्यान गुमाएको विवरण छ।

दोस्रो बढी हिंसा भोग्नेमा दलित समुदायका बालिका छन्। यसमा ४१४ अर्थात् १८.८० प्रतिशत छन्। यसमा २७८ माथि बलात्कार, २६ माथि बलात्कारको प्रयास, २ माथि मानव बेचबिखनसँगै बलात्कार र १ जनामाथि अपहरणगरी बलात्कार गरिएको विवरण छ। यस्तै, ७५ जना बालयौन दुरुपयोग, २४ घरेलु हिंसा, १ जनाको घरेलु हिंसाका कारण मृत्यु, ६ बालविवाह र २ जनामाथि जातीय छुवाछूत भएको छ।

तेस्रोमा बढी ४०६ अर्थात् १८.४३ प्रतिशत उजुरी क्षेत्री समुदायका बालिकासँग सम्बन्धित छन्। यसमा सबैभन्दा बढी बलात्कारजन्य समस्याबाट प्रताडित छन्। २४२ बालिका बलात्कृत हुँदा ४१ जनामाथि बलात्कारको प्रयास भएको, ५ जनालाई अपहरण गरी बलात्कार गरिएको, २ मानव बेचबिखनसँगै बलात्कार, ३ बालविवाह, ६५ बालयौन दुरुपयोगमा परेका छन्। यसबाहेक १८ जनामाथि घरेलु हिंसा र १ जनाको यसै कारण ज्यान गएको, १ माथि सार्वजनिक स्थलमा दुर्व्यवहार र १ जना अवैध गर्भपतनका कारण हिंसामा परेको विवरण छ।

यस्तै, मधेशी समुदायका बालिकासँग सम्बन्धित उजुरी ४०५ अर्थात् १८.३९ प्रतिशत छन्। यहाँ पनि सबैभन्दा बढी २४२ बलात्कार र २४ बलात्कारको प्रयाससम्बन्धी घटना भएका छन्। त्यसपछि क्रमशः बाल यौन दुरुपयोग ५६, घरेलु हिंसा ३८, बालविवाह १४, मानव बेचबिखन जजक १, बलात्कारपछि हत्या र घरेलु हिंसाका कारण मृत्युमा १/१ बालिका हिंसामा परेकी छन्। हिंसापीडित ब्राह्मण समुदायका बालिकाको सङ्ख्या १३६ अर्थात् ६.१७ प्रतिशत छ। यस समुदायका बालिका पनि बलात्कारजन्य समस्याबाट सबैभन्दा बढी प्रताडित छन्। तथ्यांकअनुसार ८३ माथि बलात्कार, १३ माथि बलात्कारको प्रयास, २/२ जनामाथि अपहरण गरी बलात्कार र मानव बेचबिखनसँगै बलात्कार भएको छ। यस्तै, ३२ बालयौन दुरुपयोग, ३ घरेलु हिंसा र १ बालविवाहको उजुरी छ।

यस्तै, आफ्नो जातीय पहिचान नखुलाएका ८२ अर्थात् ३.७२ प्रतिशत उजुरी छन्। यसमा क्रमशः बलात्कार ५५, बलात्कारको प्रयास ५, अपहरण गरी बलात्कार ६, घरेलु हिंसा ८, यौन दुरुपयोग ६ र बालविवाहका २ वटा उजुरी छन्।

जातीय छुवाछूत

आर्थिक वर्ष २०८१/८२ मा जातीय छुवाछूतका ३६ वटा घटना प्रहरीमा अभिलेखन भएका छन्। यो सङ्ख्या अघिल्लो वर्ष २९ मात्रै थियो। छुवाछूतजन्य हिंसाबाट सबै लिङ्ग समूहका मानिसहरू बढी प्रताडित छन्। यसमा १२ महिला छुवाछूतको हिंसामा पर्दा पुरुषको सङ्ख्या १४ छ। यस्तै, २ बालिका र एक बालकले समस्या भोग्नुपरेको छ। यसमा मधेशी र आदिवासी जनजाती समुदायका १/१ जना महिला छन्। यस्तै, १ ब्राह्मण, ४ मधेसी पुरुष पनि छुवाछूतका कारण हिंसामा परेका छन्।

दलित समुदायका १२ महिला, १४ पुरुष तथा २ बालिका र १ बालक जातीय छुवाछूतको हिंसामा परेका घटना प्रहरीमा दर्ज भएका छन्।

संवैधानिक आयोगका दस्ताबेज समीक्षा

१) राष्ट्रिय मानव अधिकार आयोग

आर्थिक वर्ष २०८१/८२ र चालु आवको भदौ मसान्तसम्म आयोगमा महिला र बालिकासम्बन्धी उजुरी र उजुरीबाहेक परामर्श/समन्वयका आधारमा मुद्दाको सङ्ख्या २४७ रहेको छ। हिंसाको प्रकारका आधारमा ती मुद्दाको अवस्था यस्तो छः

हिंसाका प्रकार	महिला	बालिका	कैफियत
यौनजन्य हिंसा	२५	१	२६
घरेलु हिंसा	६८	५	७३
आर्थिक, सामाजिक, आवास, शिक्षा, स्वास्थ्यलगायत हिंसा	२५	७	३२
नागरिकतासम्बन्धी समस्या	५	०	५
धम्की, मानसिक, शारीरिक यातना, शान्ति सुरक्षामा चुनौति र दुर्व्यवहार	६१	९	७०
हत्या, दुरुत्साहन, आत्महत्या	११	२	१३
जातीय विभेद	७	२	९
न्यायमा पहुँच	१९	०	१९
जम्मा	**२२१**	**२६**	**२४७**

हिंसाका प्रकार	महिला					बालिका					कैफियत
	दलित	ब्राहमण	क्षेत्री	आ.ज	अन्य	दलित	ब्राहमण	क्षेत्री	आ.ज	अन्य	
यौनजन्य हिंसा	१	४	७	९	४	०	०	०	१	०	२६
घरेलु हिंसा	५	१७	२३	२१	२	१	३	१	०	०	७३
आर्थिक, सामाजिक, आवास, शिक्षा, स्वास्थ्यलगायत हिंसा	५	६	११	२	१	१	३	१	२	०	३२
नागरिकतासम्बन्धी समस्या	१	०	०	०	४	०	०	०	०	०	५
धम्की, मानसिक, शारीरिक यातना, शान्ति सुरक्षामा चुनौति र दुर्व्यवहार	५	१२	१४	२३	७	२	३	१	३	०	७०
हत्या, दुरुत्साहन, आत्महत्या	३	१	२	३	२	१	१	०	०	०	१३
जातीय विभेद	५	०	०	०	२	२	०	०	०	०	९
न्यायमा पहुँच	६	३	५	४	१	०	०	०	०	०	१९
जम्मा	३१	४३	६२	६२	२३	७	१०	३	६	०	२४७
प्रतिशत	१४.०२ %	१९.४५%	२८.०५%	२८.०५%	१०.४०%	२६.९२%	३८.४६%	११.५३%	२३.०७%		१००%

उल्लेखित विवरणको जातीय अवस्था

उल्लेखित २४७ उजुरीमध्ये महिलासँग सम्बन्धित २२१ र बालिकासँग सम्बन्धित २६ वटा छन्। जसमा क्षेत्री समुदायका महिला र बालिकातर्फ ६२ अर्थात २८.०५ प्रतिशत महिला र ११.५३ प्रतिशत बालिका (३), आदिवासी जनजातीतर्फ ६२ अर्थात २८.०५ प्रतिशत महिला तथा २३.०७ प्रतिशत बालिका (६), ब्राह्मणतर्फ महिला १९.४५ प्रतिशत (४३) र बालिका ३८.४६ प्रतिशत (१०), दलिततर्फ १४.०२ महिला (३१) र २६.९२ बालिका (७) रहेका छन्। यस्तै, अन्य (मधेसभित्रका जातजातीसमेत) तर्फ १०.४० प्रतिशत अर्थात् २३ महिला छन्। यसमा बालिकाको सङ्ख्या छैन।

हिंसाको कुरा गर्दा सबैभन्दा बढी घरेलु हिंसामा ७३, धम्की, मानसिक, शारीरिक यातना, शान्ति सुरक्षामा चुनौति र दुर्व्यवहारमा ७०, आर्थिक, सामाजिक, आवास, शिक्षा, स्वास्थ्यलगायत हिंसा ३२, यौनजन्य हिंसामा २६, न्यायको पहुँचमा १९, हत्या, दुरुत्साहन, आत्महत्या १३, जातीय विभेद ९ र नागरिकतासम्बन्धी समस्या ५ समस्याबाट महिला र बालिका पीडित भएका छन्।

यी घटनापीडितको मानवाधिकार रक्षाका लागि आयोगले विभिन्न तवरले पैरवी गरेको छ। आफ्नो क्षेत्राधिकारअनुसार हिंसा रोक्न र न्यायको प्रत्याभूति दिलाउन सरोकारवाला निकायसँग छलफल, समन्वय र उजुरीमाथि उपचार खोज्न परामर्श दिनाका साथै त्यस प्रकृतिका उजुरीहरू सम्बन्धित निकायमा कारबाहीको लागि पठाइएको आयोगले जनाएको छ।

२) राष्ट्रिय महिला आयोग

आयोगबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८१/८२ मा घरेलु हिंसा, परामर्श सेवा र महिला अधिकार प्रयोग गर्नबाट बञ्चित गरेको सम्बन्धमा गरी तीन प्रकारका १२०२ उजुरी दर्ता भएको पाइयो। त्यसमध्ये क्षेत्राधिकारभित्र पर्ने ३९८ उजुरीमध्ये ३६५ उजुरी दुवै पक्षबीच मेलमिलाप भई पारिवारिक पुर्नमिलन भएको छ। आयोगमा इमेल/QR, हेल्पलाइन सेवा (टेलिफोन)—११४५, भौतिक उपस्थितिलगायत माध्यमबाट उजुरी, निवेदन आउने गरेका छन्।

समग्र विवरण यस्तो छः

महिना	परामर्श	घरेलु हिंसा	निवेदन	इमेल	जम्मा	कैफियत
साउन	७३	५०	४	४	१३१	
भदौ	५३	४१	११	०	१०५	
असोज	२५	२२	८	१४	६९	
कार्तिक	३२	३८	६	१३	८९	
मंसिर	३६	२९	५	३	७३	
पुष	४९	३१	८	७	९५	
माघ	५२	२१	११	१९	१०३	
फागुन	६०	२२	४	१५	१०१	
चैत	५७	३२	६	९	१०४	
बैशाख	५१	२१	७	१३	९२	
जेष्ठ	५४	४१	३	८	१०६	
असार	७३	४६	५	४	१२८	
जम्मा	६१५	३९४	७८	१०९	११९६	

यसरी परामर्श सेवा प्रदान गरिएका ६१५, घरेलु हिंसाका ३९४, ठाडो निवेदन ७८ र इमेल/त्तच् बाट आएका १०९ उजुरी आयोगमा दर्ता छन्। यीमध्ये प्रायः दोहोरिरहने प्रवृत्तिका कारण भनेर आयोगले निम्नानुसार उल्लेख गरेको छः

क्र.सं	कारण	सङ्ख्या
१.	लिभ इन टुगेर (मुख्यतः पीडित अविवाहित रहेको)	३३
२.	श्रीमान्को विवाहेत्तर सम्बन्ध	१८२
३.	अदालतमा गएको विषय	७१
४.	श्रीमान् वैदेशिक रोजगारीमा गई सम्पर्कविहीन भएको	१०१
५.	श्रीमती तथा बालबच्चाको रेखदेख, हेरविचार तथा जीवनयापनका लागि सहयोग नगरेको,	११७
६.	नागरिकता, विवाह दर्ता र सन्तानको जन्मदर्ता नगरिदिएको,	१२१
७.	सम्बन्ध विच्छेद, अंश तथा मानाचामलका लागि कानुनी परामर्श तथा सहायता,	८४
८.	नेपाल सरकार वादी भई चल्ने महिलाविरुद्धको कसुर,	१०
९.	आमालाई सन्तान भेट्न नदिएको,	४
१०.	लेनदेनको विषय	१०

हिंसाका प्रकार

हिंसाका प्रकार	सङ्ख्या	कैफियत
मानसिक हिंसा	१९५	
आर्थिक हिंसा	२७७	
शारीरिक हिंसा	२४६	
यौनजन्य हिंसा	९	

आयोगमा दर्ता भएका उजुरीमा हिंसाको प्रकृति बहुआयामिक छ। मानसिक र शारीरिक हिंसाका साथै आर्थिक हिंसाको स्वरुप पनि बढ्दो क्रममा छ। उजुरी दर्तामा यौनजन्य हिंसाको सङ्ख्या न्यून देखिए पनि दुवै पक्षको छलफलमा यसको समस्या पनि उत्तिकै रहेको पाइएको आयोगले जनाएको छ।

जातीय अवस्था

महिनाअनुसार जम्मा उजुरी	दलित	गैरदलित (ब्रह्मण क्षेत्रीलगायत)	जनजाति	मधेशी	जम्मा	कैफियत
साउन	८	१६	२४	२	५०	
भदौ	२	२५	१२	२	४१	
असोज		७	१३	२	२२	
कार्तिक	८	११	१५	१	३५	२ अल्पसंख्यक
मंसिर	६	११	११		२८	
पुष	६	१४	१०	१	३१	
माघ	३	१३	४	१	२१	
फागुन	४	७	१०	१	२२	
चैत	५	११	१५	१	३२	
बैशाख	६	१०	५	३	२४	
जेष्ठ	१३	१४	११	३	४१	
असार	३	२३	१५	५	४२	
जम्मा	६४	१६२	१४५	२२	३९३	
प्रतिशतमा	११.३४%	४०.९४%	४१.८२%	५.५९%		

जातीय अवस्था विश्लेषणका लागि प्राप्त ३९३ उजुरीमध्ये जनजाती महिलाले भोग्ने हिंसाको सङ्ख्या धेरै छ। कुल उजुरीमा १४५ अर्थात् ४१.८२ प्रतिशत हिस्सा जनजाती महिलाको छ। यसपछि क्रमशः गैरदलित (ब्राह्मण क्षेत्रीलगायत) ४०.९४ प्रतिशत अर्थात् १६२, दलित ६४ अर्थात् ११.३४ प्रतिशत र मधेसी २२ अर्थात् ५.५९ प्रतिशत छ।

३) राष्ट्रिय दलित आयोग

आयोगमा आर्थिक वर्ष २०८१/८२ मा ६४ वटा उजुरी परेको विवरण प्राप्त भएको छ। यसमा आयोगमा सिँधै उजुरी आएका र अनुगमन तथा मिडियामा आएका समाचारलाई आधार मानेर अभिलेखन गरेको जनाएको छ।

क्र.सं	उजुरी घटनाको प्रकृति	सङ्ख्या	प्रतिशत	कैफियत
१.	दलित हकअधिकार हनन	३	४.६८ %	
२.	जातीय छुवाछुत र भेदभाव, गालीगलौच तथा कुटपिट	३६	५६.२५ %	
३.	अन्तरजातीय प्रेम/विवाहपछि हिंसा	९	१४%	
४.	हत्या/मृत्यु	७	१०.९३ %	
५.	अन्य प्रकृति	९	१४%	
	जम्मा	**६४**		





प्रदेशगत उजुरी

उल्लेखित विवरणअनुसार दलित अधिकार हननका ३ घटना, जातीय छुवाछुत र भेदभाव, गालीगलौच तथा कुटपिटका ३६ घटना, अन्तरजातीय प्रेम/विवाहपछि हिंसासँग सम्बन्धित ९ घटना, हत्या/मृत्युसँग सम्बन्धित ७ र अन्य प्रकृतिका ९ घटना छन्। यी सबैजसो घटनामा कुनै न कुनै रुपमा महिला र बालिका जोडिएका छन्। आयोगले घटनामा प्रभावित हुनेहरुको सङ्ख्या सोलोडोलोमा राख्ने गरेको छ। दलितभित्रका विभिन्न समूहको अवस्था छुट्याउने गरी विवरण राखेको पाइएन।

समग्रमा दलितको कानुनी तथा संवैधानिक हक कार्यान्वयनमा बाधा पुर्‍याउने, जातीय पहिचानसँग जोडेर गालीगलौज गर्ने, प्रेम गर्ने तर औपचारिक सम्बन्ध अगाडि नबढाउने, विवाह गर्ने तर विभिन्न बहानामा धोका दिने, बच्चा जन्मेपछि जन्मदर्ता र नागरिकता नबनाइदिने, घरपरिवारले नस्वीकार्ने, न्यायका लागि जाँदा प्रहरीले सहज रुपमा उजुरी नलिने, कुटपिट गर्ने, हत्या गर्ने, सामाजिक सञ्जालबाट हिंसा, अभद्र व्यवहार प्रदर्शन गर्नेजस्ता समस्या आयोगमा दर्ज गरिएका छन्।

विभिन्न गैरसरकारी संस्थाको तथ्याङ्कमा हिंसा

१) दलित महिला संघ (फेडो)

यस संस्थाको कार्यक्षेत्र रहेका १८ जिल्लामध्येबाट आर्थिक वर्ष २०८१/८२ को कात्तिकदेखि चालु आवको असोज महिनासम्म जम्मा ४३९ घटना अभिलेखन भएका छन्। हिंसाको प्रकारलाई विश्लेषण गर्दा सबैभन्दा बढी घरेलु हिंसाका २१२ घटना छन्। त्यसपछि बढीबाट कम क्रमशः बालविवाह ६५, अन्य ५२, जातीय विभेद ५१, बहुविवाह २४, बलात्कार (जजक) २०, दुर्व्यवहार १३ र जजक गरी हत्याका घटना २ रहेका छन्। यसमा नागरिकता नपाएको, त्यसका लागि सङ्घर्ष गर्नु परेको, जन्मदर्ता, किशोरी अधिकार, स्थानीय सरकारबाट पाउने अधिकारबाट बञ्चितलगायत न्यायमा पहुँच नभएका घटनालाई अन्यमा राखिएको छ। प्रदेशगत आधारमा सबैभन्दा बढी हिंसाका घटना सुदूरपश्चिम प्रदेशमा १६९ र सबैभन्दा कम बागमती प्रदेशमा ४ वटा मात्रै रहेका छन्। बाँकी लुम्बिनी प्रदेशमा ९२, कोशी प्रदेशमा ७५, मधेसमा ५४, कर्णालीमा ३१ र गण्डकीमा १४ जना दलित महिला तथा बालिका हिंसामा परेका भनेर विवरण दर्ज भएका छन्।

हिंसा	घटना विवरण							जम्मा
	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	
जातीय विभेद	५	५	१	०	७	८	२५	५१
घरेलु हिंसा	३३	४०	१	८	४४	१३	७३	२१२
बलात्कार (ज.ज.क)	५	२	१	०	२	०	१०	२०
जबर्जस्ती करणी गरी हत्या	१	१	०	०	०	०	०	२
दुर्व्यवहार	८	१	१	०	१	०	२	१३
बालविवाह	८	३	०	३	१४	३	३४	६५
बहुविवाह	४	१	०	३	३	१	१२	२४
अन्य	११	१	०	०	२१	६	१३	५२
जम्मा	७५	५४	४	१४	९२	३१	१६९	४३९

न्यायका लागि सिफारिस

हिंसा	न्यायका लागि सिफारिस र सहयोग गरिएका घटना							जम्मा
	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	
जातीय विभेद	५	४	१	०	७	८	१४	३९
घरेलु हिंसा	२०	३९	१	७	२९	११	६५	१७२
बलात्कार (ज.ज.क)	५	१	१	०	२	०	१०	१९
जबर्जस्ती करणी गरी हत्या	१	०	०	०	०	०	०	१
दुर्व्यवहार	४	०	१	०	१	०	२	८
बालविवाह	२	०	०	२	९	३	३४	५०
बहुविवाह	२	१	०	२	३	१	१२	२१
अन्य	११	०	०	०	९	६	१३	३९
जम्मा	५०	४५	४	११	६०	२९	१५०	३४९

विभिन्न माध्यमबाटफेडोको अभिलेखमा आएका घटनाका पीडितको न्यायका लागि सहजीकरण र क्षेत्राधिकारअनुसार तत्तत् निकायमा सिफारिस गरी पठाएको थियो। माथिको तालिकामा तिनै विवरण राखिएका हुन्। हिंसाको अवस्था यस्तो छ। यसबाट सबै वर्ग समुदायका महिला तथा बालिका प्रताडित छन्। यद्दपि, दलित महिला तथा बालिकाले त जातीय तथा लैङ्गिक पहिचान, आर्थिक, सामाजिक अवस्थालगायत विभिन्न कारणले दोहोरोतेहेरो (बहुआयामिक) हिंसाको सामना गर्नुपरिरहेको छ। त्यसको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छः

घटना उदाहरण १
हिंसामाथि हिंसाः आवाज सुनिँदैन, मर्न बाध्य पारिन्छ

सिराहा, नवराजपुर–१ की १७ वर्षीया रिंकुकुमारी सदा बलात्कार घटना अध्ययन अवधिको सबैभन्दा दर्दनाकमध्येको एक घटना हो। यो घटना निमुखाको आवाज कसरी दबाइन्छ र न्यायमाग्दा माग्दै प्राण गुमाउनुपर्ने अवस्था कसरी बनिरहेको छ भन्ने एक तीतो यथार्थ हो।

विसं २०८१ माघ २६ राति करिब ९ बजेतिर शौच गर्न भनेर बाहिर निस्किएकी सदा, ६ घण्टासम्म घर फर्किनन्। भोलिपल्ट बिहान ३ बजेतिर रोइरहेको अवस्थामा घरबाहिर फेला परेकी थिइन्। उनले स्थानीय तीन गैरदलित युवकद्वारा अपहरण र सामूहिक बलात्कारको शिकार भएको भनेर परिवारलाई सुनाइन्। बलात्कारमा संलग्नको नामै भनिन्। आमा सीतादेवीलाई सबै घटना बताइन्, तर त्यसको भोलिपल्ट माघ २९ मा गाउँमा पञ्चायत बस्यो। सदा परिवारलाई लागेको थियो, अब न्याय पाइने भयो। उनीहरुको कल्पनाविपरीत स्थानीय वडा सदस्य नथुनी शाहसहित ३०–३५ जनाको भेला बसेर रु एक लाख ५० हजार लेनदेनमा घटना दबाउने प्रयास भयो। रिंकुलाई पैसा होइन, न्याय चाहिएको थियो, परिवारलाई अपराधिलाई कारबाही। एकातिर बलात्कारको पीडा, अर्कोतिर समाजले नै खुलमखुल्ला अपराधि बचाउने, घटना ढाकछोप गर्न खोज्ने। बलात्कारभन्दा समाजको हेपाहा प्रवृत्तिले थप पीडा दियो। परिवार संघर्षमै थियो, तर रिंकुले न्यायको आभाष गरिनन् सायद। अन्ततः विवाद भएर घटना थप जटिल बन्न पुग्यो, छिटो मिल्न पीडक पक्षबाट तारन्तर धम्की आएको भनेर सार्वजनिक भयो। यही अवस्थामा रिंकुले हिम्मत हारिन्, माघ ३० गते साँझ आफ्नै घरमा भुन्डिएको अवस्थामा शव भेटियो। परिवार र समुदायले यसलाई हत्या कि मजबुर पारिएको आत्महत्या भनेर गम्भीर प्रश्न र शंका जनाउँदै न्यायको माग गरे, तर न्याय पाउनु परिवारले अर्को हिंसा भोग्नुपर्‌यो। संघर्ष गर्नुपर्‌यो।

जब परिवार प्रहरीमा उजुरी दिन पुगे, दुई–दुई पटक जाहेरी फेर्न दबाब दिइएको भिडियो नै सार्वजनिक भयो। मृत्यु हुनुअघि रिंकुले आफूलाई सामूहिक बलात्कार भएको भनेको अवस्था थियो। परिवारले बलात्कार, जातीय विभेद र आत्महत्या दुरुत्साहनका मुद्दा दर्ता हुनुपर्ने माग गरिरहेको थियो। प्रहरीले भने एक जनामाथि मात्रै आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता गर्न भन्यो। जसले परिवारलाई न्याय प्रणाली नै आफूविरुद्ध उभिएको अनुभूति गरायो।

सामूहिक दबाब, स्थानीय जनप्रतिनिधिको मिलापत्र प्रयास, प्रहरी प्रशासनको निषेधात्मक व्यवहार र गरिबी–अशिक्षाको अवस्थाबीच पनि पीडित परिवार र दलित अभियन्ताहरूले निरन्तर आवाज उठाइरहे। पत्रकार सम्मेलन, मानवअधिकार संस्था, कानुनी सहयोगदाता र सरोकारवालासँग न्यायका लागि गुहार मागिरहे। एकातिर छोरी गुमाउनुको पीडा, अर्कोतिर न्यायमा अवरोध गर्ने सबै तहका संरचनात्मक अवरोधविरुद्ध दिनदिनै लड्नुपर्‌यो। अन्ततः घटनाबारे समाचार आएपछि बल्ल प्रहरीले आठ जनाविरुद्ध शरीर बन्धक, जबर्जस्ती करणी, लेनदेन मिलापत्र र आत्महत्या दुरुत्साहन गरी चार कसुरमा पूरक जाहेरी लिएको थियो।[१३]

१३ https://kathmandupress.com/detail/117739

पछि घटनामा संलग्न भनिएका तीन जना बलात्कारी र पञ्चायती गर्ने सात जनालाई पक्राय गरियो। अन्तिममा अदालतले वडा सदस्य साहलाई कारागार पठायो। पञ्चायतीमा भूमिका खेल्ने अन्य छ जनासँग जनही डेढ लाखका दरले धरौटी माग गरियो। यसमा स्थानीय रामकृपाल मण्डल, विन्देश्वर साह, रामदेव सदा, कारी सदा र अपहरण तथा बलात्कारका आरोपित दुई नाबालकका आफन्त पर्ने दुई जना छन्। अपहरण तथा बलात्कारका मुख्य आरोपित नाबालकलाई परिवारको जिम्मामा छाडियो। स्थानीय रामविनोद मण्डल र कमलेश दासलाई साधारण तारेखमा रिहा गरियो। घटनामा अपहरण तथा बलात्कारका आरोपित दुई नाबालक र घटना गाउँमै मिलाउन पञ्चायती गर्ने ८ जना गरी दस जना अझै फरार छन्।[१४]

यि घटना केवल एक किशोरीमाथिको हिंसा मात्र होइन, न्याय पाउन खोज्दा दलित समुदायले भोग्नुपरेको राज्य, सत्ता र संरचनाको बहुआयामिक दमनको उदाहरण हो। यसले देखाउँछ—हिंसा पीडादायी छ। त्योभन्दा बढी पीडा जब हुन्छ, जब न्यायको ढोका बन्द गरिन्छ र पीडितलाई सत्य उजागर गर्न प्रत्येक कदममा संघर्ष र जोखिम उठाउन बाध्य बनाइन्छ।

२) महिला पुनःस्थापना केन्द्र (ओरेक) नेपाल

ओरेक नेपालबाट प्राप्त तथ्याङ्कअनुसार (नोभेम्बर २०२४ देखि अक्टोबर २०२५) को अवधिमा सो संस्थामा अभिलेख भएका महिला हिंसाका घटना १३६३ छन्।

हिंसाका प्रकार	प्रतिशत	सङ्ख्या	कैफियत
घरेलु हिंसा	६४.९३%	८८५	
सामाजिक हिंसा	१०%	१३७	
यौनजन्य हिंसा	१८%	२४६	
साइबर क्राइम	०.४४%	६	
मानव बेचबिखन	१.२४%	१७	
मानव बेचबिखन प्रयास	०.०७%	१	
हत्या	१.९०%	२६	
हत्याको प्रयास	०.३६%	५	
आत्महत्या	०.४४%	६	
आत्महत्या प्रयास	०.३६%	५	
अलपत्र	०.६६%	९	
अन्य	१.४६%	२०	
जम्मा	१००%	१३६३	

१४ https://ekantipur.com/news/2025/03/26/rinku-sada-incident-panchayati-ward-member-sent-to-jail-15-lakh-bail-demanded-from-6-people-06-02.html

माथिका विवरणलाई विश्लेषण गर्दा घरेलु हिंसामा ८८५ अर्थात् ६४.९३ प्रतिशत, सामाजिक हिंसामा १३७ (१० प्रतिशत), यौनजन्य हिंसामा २४६ (१८ प्रतिशत), हत्याका घटनामा बोक्सीको आरोपमा १, दाइजोका कारण १ गरी १६ (१.९० प्रतिशत), मानव बेचबिखनमा १७ (१.२४ प्रतिशत), अलपत्र पर्नेमा ९ (०.६६ प्रतिशत), आत्महत्यामा ६ (०.४४ प्रतिशत), साइबर क्राइममा ६ (०.४४ प्रतिशत) माथि हिंसा भएको पाइयो। यस्तै, हत्याको प्रयास ५, आत्महत्याको प्रयास ५, मानव बेचबिखन १ र अन्य हिंसाबाट २० (१.४६ प्रतिशत) हिंसामा परेका विवरण छन्।

प्रभावितको जातीय विवरण

उल्लेखित घटना विवरणको जातीय विश्लेषण गर्दा हिंसापीडित महिलामा दलित महिलाको सङ्ख्या ३१५ अर्थात् २३.११ प्रतिशत छ, जसमा पहाडे दलित १९३ र तराई दलित १२२ रहेका छन्। यसैगरी आदिवासी जनजाति महिला ४१४ (३०.३७%) रहेकामा जसमा तराई/ आदिवासी जनजाति २५५ र पहाडे आदिवासी जनजाति १५९ छन् भने मधेशीमा २२९ (१६%), मुस्लिम ४९ (४%) रहेका छन्। यस्तै, ब्राह्मण/क्षेत्री ३२२ (२३.६२%) रहेकामा जसमा ब्राह्मण/क्षेत्री पहाडे २५० र ब्राह्मण/क्षेत्री तराई ७२ छन् भने पहिचान नखुलेका अन्य समुदायका ३४ (२%) महिला विभिन्न घटनाबाट हिंसामा परेका छन्।

प्रभावित	प्रतिशत	सङ्ख्या	कैफियत
ब्राह्मण/क्षेत्री पहाडे	१८%	२५०	
ब्राह्मण/क्षेत्री तराई	२%	७२	
पहाडे दलित	१५%	१९३	
तराई दलित	१२%	१२२	
मधेसी	१६%	२२९	
तराई/ आदिवासी जनजाति	१४%	२५५	
पहाडे आदिवासी जनजाति	१७%	१५९	
मुस्लिम	४%	४९	
अन्य	२%	३४	
जम्मा	१००%	१३६३	

३) अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

इन्सेकबाट प्राप्त नोभेम्बर २०२४ देखि अक्टोबर २०२५ सम्मको अभिलेखबारे यहाँ विश्लेषण गरिएको छ। यस अवधिमा भएका ५८८६ घटनाको अभिलेख हामीलाई प्राप्त भयो। जसअनुसार

महिला र बालिकासँग जोडिएका ४८३८ र बालिबालिकासँग सम्बन्धित १०१२ घटना छन्। जसमा घरेलु हिंसाका ३९०५, बलात्कार प्रयासका घटनामा ११८४ (म ४६८, बा ७१४/२ बालक), बलात्कार प्रयासका १३३, बलात्कारपछि हत्या २, यौन दुर्व्यवहार २४७ (म ३०, बा २१२, बालक ५), दाइजो १४४, मावन बेचबिखन ६१ (म २४, बा ३४, बालक ३), परिवारका सदस्यबाटै हत्या ४९ (सबै महिला) लगायत समस्या छन्।

हिंसाका प्रकार	महिला	बालिका	बालक	जम्मा
घरेलु हिंसा	३९०५	—		३९०५
बलात्कार	४६८	७१२	२	११८४
बलात्कारको प्रयास	१३३	—		१३३
बलात्कारपछि हत्या	२			२
यौन दूव्यवहार	३०	२१२	५	२४७
बलपूवर्क विश्यावृत्तिमा लगाउने	२			२
परिवारका सदस्यबाटै हत्या	५९			५९
हत्याको प्रयास		१	२	३
शारिरीक दण्ड		७	७	१४
मानव बेचबिखन	२४	३४	३	६१
बेचबिखनको प्रयास	८			८
विद्युतीय अपराध	३४			३४
नवजात शिशुको हत्या		२	२	४
बालविवाह		१७		१७
शिक्षामा विभेद		१	१	२
दाइजो	१४४			१४४
जातीय भदभाव	१८+ २४		१+१	४४
अन्धविश्वास	२३			२३
जम्मा	**४८७४**	**९८८**	**२४**	**५८८६**

यी कुल घटनामध्ये दलित महिलाको सङ्ख्या ८५३ र बालिकाको सङ्ख्या १८१ गरी १०३४ रहेको छ। यो समग्रमा १७.६७ प्रतिशत हो। जसमा दलित महिलातर्फ घरेलु हिंसा ६८६, बलात्कार ७३, बलात्कारको प्रयास २८, यौन दुर्व्यवहार ५, परिवारका सदस्यबाटै हत्या १०, मानव बेचबिखन ९,

बेचबिखनको प्रयास ३, विद्युतीय अपराध ५, दाइजो २७, अन्धविश्वासका कारण समस्या ६ र धम्की १ रहेका छन्। यसैगरी दलित बालिकातर्फ बलात्कार १३४, यौन दुर्व्यवहार ३५, बालविवाह ४, बेचबिखन ५, शारिरीक दण्ड २ र नवजात शिशुको हत्या १ रहेका छन्।

इन्सेकमा जातीय भेद्भावका ४४ घटना अभिलेख भएको पाइएको छ। जसमा दलित महिला १३, पुरुष २१ र बालक १ गरी ३५ जना रहेका छन्। जसमा महिलातर्फ सार्वजनिक स्थल प्रवेशमा अवरोधमा ५ महिला, १० पुरुष, १ अन्य र प्रत्येक्ष छुवाछूतमा ८ महिला, १० पुरुष रहेका छन्। यस्तै जातकै कारण जागीरबाट हटाइएका १ पुरुष छन्। जातीय भेदभावबाट अन्य समुदायका महिलातर्फ वैश्य १, जनजाती १, मधेशी ३ र पुरुषतर्फ वैश्य १, मधेशी ३ र अन्य १ प्रताडित भएका छन्।

३) प्रविधिमा आधारित हिंसा, अपाङ्गता भएका महिला र बालश्रमका सवाल

यसपटकको अध्ययनमा महिला तथा बालबालिकामाथि हुने हिंसाका नियमित विषयका साथै अनलाइन/प्रविधिमा आधारित हिंसा (Technology-Facilitated GBV), अपाङ्गता भएका महिला र बालश्रमसम्बन्धी सवाल पनि उजागर गरेका छौं। त्यसका लागि यस क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संघसंस्थाका तथ्याङ्क/अध्ययन विवरणलाई यहाँ उल्लेख गरिएका छन्।

क) राष्ट्रिय बालअधिकार परिषद्

परिषद् बलबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्बद्र्धनका लागि स्थापित विशिष्टीकृत निकाय हो। यसले बाल अधिकार संरक्षण र प्रवद्र्धन सुनिश्चित गर्ने दूरदृष्टीसहित काम गरिरहेको छ। यस अध्ययनमा बालबालिकाको अधिकार तथा संरक्षणसम्बन्धी घटना व्यवस्थापन कार्य गर्न सरकारी तथा गैरसरकारी निकायको कार्य र व्यवस्थापन प्रणालीको सञ्चालनमा एकरुपता ल्याउन एकीकृत सूचना संकलन, अध्यावधिक तथा व्यवस्थापनका लागि सञ्चालित बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (Child Rights Information Management System-CRIMS) र यसअन्तर्गत संरक्षण कार्यलाई केन्द्रीत गरी बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली (Child Protection Information Management System-CPIMS) मा भएको विवरणलाई यहाँ विश्लेषण गरिएको छ।



यसमा सन् २०२५ को अगस्ट १० सम्मका ७५८४ घटना विवरण उल्लेख छन्। तीमध्ये ३८०५ अर्थात् ५०.२ प्रतिशत बालक र ३७७५ अर्थात् ४९.८ प्रतिशत बालिका छन्। त्यसमा ५ वर्षसम्मका ६५४ जनामध्ये ३२६ बालिका, ३२८ बालक, ६—११ वर्षका ३८१४ मध्ये १०९० बालिका, १२१६ बालक, १२—१७ उमेर समूहका २३०६ मध्ये १८४४ बालिका, १९६८ बालक र १८ वर्षमाथिका ८१० मध्ये ५१५ बालिका र २९३ बालक रहेका छन्।

यसमा जातीय आधारमा सबैभन्दा बढी २३१२ दलित बालबालिका छन्। जसमा ११४२ बालिका र ११६८ बालक छन्। यसपछि क्रमशः १११२ बालिका र १११४ बालकासहित २२३८ क्षेत्री, ७६९ बालिका र ८१६ बालकसहित १५८५ जनजाती, २९५ बालिका र २३५ बालकसहित ५३० मधेशी तथा २३७ बालिका र २१३ बालकसहित ४५० बाह्मण रहेका छन्।

सुरक्षा सरोकार

समस्यामा परेका र प्रभावित बालिबालिकाको सङ्ख्यालाई प्राथमिक अथवा मुख्य सुरक्षा सरोकार र द्वितीय सुरक्षा सरोकार भनेर विभिन्न विषयहरूमा छुट्याइएको छ। जसमध्ये प्राथमिक सरोकारका विषयमध्ये हराएकाहरूमा ८३३ बालक र ६९६ बालिका, उपेक्षामा पर्नेमा ७५४ बालिका र ७२७ बालिक, प्राकृति विपत्तीबाट प्रभावित ५६२ बालक र ५५७ बालिका, समस्यामा परेका तर वर्गीकरण नगरिएका अन्य सवालमा ६१२ बालिका र ४५७ बालक, समस्यामा परेका अभिभावकविहीनमा ५६२ बालक र २६९ बालिका, यौन हिंसामा पर्नेमा ३०३ बालक र २९० बालिका, बालविवाहमा २९४ बालक र २५३ बालिका, हराएकाहरूमा २१८ बालक र १४१ बालिका, सडकमा बस्ने/काम गर्नेमध्ये २१७ बालक र १७९ बालिका, अनाथमा ७१ बालिका र ६६ बालक, बालश्रममा ८६ बालक र ३२ बालिका छन्। यस्तै, शारिरीक हिंसा भोगेकामध्ये ५५ बालिका र ३८ बालक, जन्मदर्ता नभएका ३४ बालक र २८ बालिका, कानुनी परिबन्ध/समस्यमा परेकामध्ये ४२ बालक र बालिका, मानवबेचबिखनको समस्यामा परेकामा ३२ बालिका र १७ बालक, हेरचाहगृहमा रहेका ५ बालक र ४ बालिका छन्। यसबाहेक उल्लेखित सवालमा द्वितीय सुरक्षा सरोकार भनेर राखिएका छन्।

उल्लेखित विवरणलाई सुरक्षा सरोकार र जोखिमको तहका हिसाबले १७४७ उच्च, ३३२६ मध्यम, न्यून जोखिमयुक्त ८०० रहेका छन्।

ख) नेपाल प्रहरी, साइबार ब्यूरो

सूचना प्रविधिको अभूतपूर्व विकास र प्रयोगसँगै मानिसको जीवनमा धेरै सहज भएको छ। तथापि, यसका दुरुपयोगले अपराधका नयाँ–नयाँ शैली र प्रवृति देखिरहेका छन्। विशेष गरी सामाजिक सञ्जाल र इन्टरनेटमा आधारित प्लेटफर्मको प्रयोगमार्फत अपराध र हिंसाका घटना बढिरहेका छन्। यसले अपराध अनुसन्धान कार्य पनि थप चुनौतीपूर्ण हुँदै गएको छ। यस्ता चुनौतीहरुको सामना गरी वर्तमान र आगामी दिनमा प्रविधिको प्रयोग भई घट्न सक्ने अपराधको रोकथाम तथा सफल अनुसन्धान गर्ने उद्देश्यले साइबर अपराध सचेतना, साइबर सुरक्षा र साइबर अपराध अनुसन्धानसमेतको कार्य गर्नका लागि प्रहरी प्रधान कार्यालयअन्तर्गत, साइबर ब्यूरो क्रियाशील छ। यहाँ ब्यूरोमा आर्थिक वर्ष २०८१/८२ मा दर्ता भएका उजुरीको विश्लेषण गरिएको छ।

निवेदन प्राप्त निकाय	सामाजिक सञ्जाल															जम्मा	प्रतिशत
	FB/MSNGR	Viber	IMO	YOUTUBE	what's app	TWITTER	INSTAGRAM	Wechat	Google	Telegram	TIKTOK	Email	Esewa/Khalti/ Bank Account	Website Hak	Other		
सार्इबर ब्युरो	८१९९	२६	२३	७७	२२९७	१०	१०२४	७	१२	१५०२	२०२३	९१७	४३३	७	२९०	१५९१७	८४.१०५
तालुक कार्यालय	१४७	०	०	४	१७	०	२४	०	०	४	३२	५	४	०	१६	२५०	१.३२५
कोशी	४७६	०	४	४	५	०	१३	०	०	०	१४४	२	०	०	२	६४४	३.४०५
मधेश	४४९	०	१	०	११	०	१५	०	०	१	४५०	०	५	३	१	९३६	४.९४५
बागमती	१०९	०	०	१	४	०	८	०	०	१	१२५	०	५	०	१	२५४	१.३४५
गण्डकी	८२	२	१	१	१७	१	१२	०	०	२	८९	२	०	०	३	२१२	१.१२५
लुम्बिनी	२२३	०	४	१	२०	०	१२	०	०	२	१७६	३	१	०	२	४४४	२.३४५
कर्णाली	१८२	०	०	१	६	०	५	०	०	०	१०	१	१	०	२	२०८	१.०९५
सुदुरपश्चिम	४२	०	०	०	८	०	२	०	०	०	७	०	२	०	०	६१	०.३२५
जम्मा	९८२९	२८	३०	८६	२३०५	११	११९५	७	१२	१५०९	३०८६	१३०	४५१	१०	३१७	१८९२६	
प्रतिशत	५१.९५	०.१४५	०.१५५	०.४५५	१२.१७५	०.०५५	५.९५	०.०३५	०.०६५	७.९७५	१६.३५	०.६८५	२.३८५	०.०५५	१.६७५		

निकाय	पीडितको लिङ्ग र उमेर					निवेदन दर्ता सं।
	१८ बर्ष मुनि		१८ बर्ष माथि		अन्य	
	बालक	बालिका	महिला	पुरुष		
साइबर ब्यूरो	३१२	३२६	६५३९	८५०२	२३८	१५९१७
तालुक कार्यालय	०	१	४५	७६	१२८	२५०
कोशी	८	१८	३११	२९२	१५	६४४
मधेस	२१	३६	३८६	४७२	२१	९३६
बागमती	१	८	१४७	८४	१४	२५४
गण्डकी	१	८	११८	७७	८	२१२
लुम्बिनी	५	१८	२४६	१६७	८	४४४
कर्णाली	२	४	१०७	८८	७	२०८
सुदूरपश्चिम	१	२	२२	२९	७	६१
जम्मा	३५१	४२१	७९२१	९७८७	४४६	१८९२६
प्रतिशत	१.८५	२.२२	४१.८५	५१.७१	२.३५	१००

हिंसाका प्रमुख स्रोत

मथि उल्लेखित विवरणअनुसार नेपाल प्रहरीको साइबर ब्यूरोमा आर्थिक वर्ष २०८१/८२ मा १८९२६ मा दर्ता भएका उजुरी हामीलाई प्राप्त भएका छन्। तीमध्ये फेसबुकबाट सबैभन्दा बढी ९८२९ अर्थात् ५१.९ प्रतिशत हिंसा हुने गरेका छन्। त्यसपछि क्रमशः टिकटक ३०८६ (१६.९%), ह्वाट्सएप २३०५ (१२.१७%), टेलिग्राम १५०९ (७.९७%), इसेवा, खल्ती, बैङ्क खाता ४५१ (२.३८%)र अन्य ३१७ (१.६७%) हिंसाका प्रमुखका रुपमा रहेका पाइयो। अन्य शून्य प्रतिशतभन्दा तल छन्।

ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक दीपकराज अवस्थीका अनुसार हिंसाका समग्रमा स्वरुपमा विभिन्न किसिमका नग्न तस्बीरमा व्यक्तिको मुहार जोडेर प्रचार गर्ने (Photo Mutilation), अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने (Revenge Porn), सम्पुर्ण सूचना आफ्नो नियन्त्रणमा लिई फिरौतिमाग गर्ने (Ransom Ware Attack), सामाजिक संजालमा अन्य व्यक्तिको नाम तथा तस्बीर प्रयोग गरेर, प्रोफाईल पेज खोलेर बेइज्जत गर्ने तथा दुख दिने (Defamation Imposter), सरकारी तथा अन्य संघ संस्थाहरुको वेभसाइट ह्याक गर्ने (Hacking, Unauthorized access, Website defaces) र चिठ्ठा/अपुतालि/बोनसका नाममा ठग्ने (Online Fraud/Scam/Malware etc) जस्ता साइबर अपराधको प्रवृति बढ्दै गएका छन्।

अनलाइन हिंसाः प्रदेशगत अवस्था तथा महिला र बालबालिका

उजुरी सङ्ख्याको प्रदेशगत विवरणको कुरा गर्दा सबैभन्दा बढी १५९१७ अर्थात् करिब ५२ प्रतिशत उजुरी साइबर ब्यूरो केन्द्रीय कार्यालयमा दर्ता भएका छन्। क्रमशः मधेसमा ९३६, कोशीमा ६४४, लुम्बिनीमा ४४४, बागमतीमा २५४, तालुक कार्यालयमा २५०, गण्डकीमा २१२, कर्णाणीमा २०८ र सुदूरपश्चिममा ६१ वटा उजुरी दर्ता भएका छन्।

महिला र बालबालिकाका सन्दर्भमा हिंसामा पर्ने १८ वर्षमुनिका बालबालिकामा ४२१ बालिका र ३५१ बालक रहेका छन्। यस्तै, १८ वर्षमाथिका महिलामा करिब ४२ प्रतिशत अर्थात् ७९२१ हिंसामा परेका छन्। यसमा हिंसामा पर्नेहरुको जातीगत अभिलेख उपलब्ध भएको छैन। जातीगत आधारमा अभिलेख राख्ने अभ्यास सुरु भइनसकेको साइबर ब्यूरोका प्रवक्ता दिपकराज अवस्थीले जानकारी दिनुभएको छ।

उल्लेखित विवरणले डिजिटल पहुँच बढी भएका ठाउँमा साइबर अपराधका जोखिम पनि बढी हुन्छ भन्ने विषयलाई उजागर गरेको छ। ग्रामीण वा दूरदराज क्षेत्रहरूमा उजुरी सङ्ख्या कम हुनुले सम्भवतः डिजिटल साक्षरता र पहुँच दुवै न्यून रहेको अनुमान गर्न सकिन्छ, तथापि यो अध्ययनको विषय हो। तथापि, सहरी र डिजिटल साक्षरता भएका आधारमा हिंसा हुने अवस्थाले शिक्षित वर्ग नै यसको दुरुपयोग गर्न लागिरहेको भन्न सकिन्छ। ब्यूरोले प्राप्त उजुरीलाई जातीय आधारमा वर्गीकरण गर्ने अभ्यास सुरु गरेको छैन। जनशक्तिलगायत स्रोतसाधनको अभावमा तथ्यांकलाई खण्डीकरण गर्न नसकिएको जनाइएको छ।

ग) नेपाल बालमजदूर सरोकार केन्द्र (सिविन), नेपाल

सिविन, नेपाल बाल हेल्पलाइनमा सेप्टेम्बर २०२४ देखि अगष्ट २०२५ सम्म दर्ता भएका ८७३ उजुरी विवरण प्राप्त भएका छन्। बालबालिकामाथि भएका हिंसाका विवरणसम्बन्धी ती तथ्याङ्कको यहाँ विवेचना गरिएको छ।

हिंसाको हिस्सा

क्र.सं	हिंसा	सङ्ख्या	दलित	
			बालक	बालिका
१.	दुर्व्यवहार (Abuse)	२७०	५	२१
२.	जन्मदर्तामा समस्या (Birth Registration)	२१	—	—
३.	धाकधम्की (Bullying)	१०	—	—
४	बालश्रम/श्रम शोषण (Child Labor/Labor Exploitation	११७	३	१
५	बालविवाह (Child Marriage)	१३८	५	१८
६	शारीरिक दण्ड सजाय (Corporal Punishment)	३४	४	१
७	घरेलु हिंसा (Domestic Violence)	३४	२	३
८	पारिवारिक विवाद Family Conflict	४२	४	१
९	मनोसामाजिक समस्या Psycho-social Problem	८६	४	५
१०	लागुऔषध दुरुपयोग Substance Abuse	१८	—	—
११	मानव बेचबिखन (Transportation/Trafficking)	३८	०	४
१२	सुरक्षित आवासका लागि	५७	२०	५
१३	विभेद	२	१	—
१४	अभिभावक जेलमा	६	—	३
	जम्मा	**८७३**	**४८**	**६२**

समग्रमा यहाँ सातै प्रदेशमा गरी ५१० बालिका र ३५६ बालक छन्। जसमा कोशी प्रदेशका ३७ बालक र ८२ बालिका गरी ११९, मधेसका १६ बालक र ३० बालिका गरी ४६, बागमती १७८ बालक र २५७ बालिका गरी ४३५, गण्डकी ३७ बालक र ३७ बालिका गरी ७४, लुम्बिनी ३१ बलक र ३३ बालक गरी ६४, कर्णाली ७ बालक र ८ बालिका गरी सुदूरपश्चिममा १५ केटा, ६३ केटी, LGBTIQA सहित ७९ जना गरी ८६७ वटा उजुरी गुनासो आएको अभिलेख छ।

यसमा दलित समुदायका बालकालिकाको सङ्ख्या १११ छ। तीमध्ये बालिका ६२, बालक ४८ र LGBTIQA १ जना छन्। जातीय आधारमा दलितको सङ्ख्या १२.८० प्रतिशत हुन आउँछ। लैङ्गिक आधारमा कूल ५१० बालिकामध्ये दलित ६२ अर्थात् १२.१५ र बालक ३५६ मध्ये दलित ४८ अर्थात् १३.४८ प्रतिशत रहेका छन्। LGBTIQA १ जना पनि दलित समुदायकै रहेका छन्।

घ) समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका (सिविस)

यस संस्थाले बालबालिकाको क्षेत्रमा काम गर्दै आएको छ। बालश्रमको अवस्था र त्यसबाट बालबालिकाले भोग्नु परिरहेका हिंसाका सवालमा परियोजनामा आधारित विभिन्न क्रियाकलाप, अध्ययन गर्दै आएको छ। उक्त संस्थाले प्रकाशित गरेको 'बाल संरक्षण सवालको वस्तुस्थिति' अध्ययनका निष्कर्षबारे यहाँ चर्चा गरिएको छ।

'बाल संरक्षण सवालको वस्तुस्थिति'

प्राप्त विवरणअनुसार यस अध्ययनमा बलेफी र सुनकोशी गाउँपालिकाका १९ विद्यालयबाट ५८० उत्तरदाताबाट तथ्याङ्क संकलन गरिएको छ। जसमा ३२.२४% दलित, २०.१७% सीमान्तकृत, २९.६६% जनजाति र १७.९३% ब्राह्मण/क्षेत्री उत्तरदाताहरू रहेको उल्लेख छ। यसमा पनि बालविवाह गर्नेको सङ्ख्या ७३ जना र २५ जना (२१ जना बालबालिका र ४ जना वयस्क) अपाङ्गता भएका उत्तरदाता रहेको जनाइएको छ।

स्थितिगत बुझाइ

बालविवाह: ७३ वटा बाल विवाहका घटनामा ९३.२% बालिकाले आफैंले रोजेर वा भागेर बिहे गरेको पाइयो। यस्ता घटना धेरै सीमान्तकृत समुदायमा (४४.५९%) त्यसपछि जनजातिमा (२२.९७%), दलित समुदायमा (१७.५७%) र बाहुन/क्षेत्रीमा (१४.८६%) देखियो। बाल विवाहको घटनामध्ये ६८.९१% बालिकाले पढाई छोडेको अवस्था छ।

यौन हिंसा र दुर्व्यवहार: ५८० जना उत्तरदातामध्ये १२.६% लाई यौन हिंसा र दुर्व्यवहारको विषयमा कुनै जानकारी नभएको पाइयो भने ८१.६४% ले घरमा वा विद्यालयमा वा दुवै स्थानमा यौन हिंसा र दुर्व्यवहार भोगेको जानकारी पाइयो। जातीयताको आधारमा, बाहुन/क्षेत्रीमा (८४.४७%) ले यौन हिंसा र दुर्व्यवहार भोगेको जनाए। त्यसैगरी यस्तो भोगाई भोगेको भनी जानकारी दिने जनजातिमा (८२.५३%), पिछडिएको वर्गमा (८०.३४%) र दलितमा (८०.११%) थिए। यस्ता घटना विद्यालयमा भन्दा प्रायः घर र समुदायमा हुने गरेको जानकारी भएको थियो।

लैङ्गिक भेदभाव: बालबालिकाले लैङ्गिक हिंसा पनि विद्यालयमा भन्दा घर र समुदायमा भोग्ने गरेको पाइयो। यस्ता घटना बलेफी गाउँपालिकामा भन्दा सुनकोशी गाउँपालिकामा २३.७३ प्रतिशत ले बढी रहेको पाइयो भने यस्तो भेदभाव गर्नेमा अभिभावक नै (६६.७%) धेरै भएको पाइयो।

जातीय भेदभाव: ४८.६% उत्तरदाताले कुनै न कुनै स्थानमा जातयि भेदभाव भोग्नुपरेको जानकारी दिनु भएको थियो भने विद्यालयमा भन्दा समुदायमा यो अवस्था धेरै रहेको भनेका। जातीय भेदभाव पनि बलेफी गाउँपालिकामा भन्दा सुनकोशी गाउँपालिकामा धेरै रहेको पाइयो। यस्तो गर्नेमा

समुदायका व्यक्ति पहिलो र साथीहरु दोस्रो रहेको देखियो। जातिय भेदभाव सहनुपर्नेमा सबैभन्दा धेरै दलित ९४.६२% (उत्तरदाता अनुसार) रहेको देखियो भने त्यसपछि क्रमशः सीमान्तकृत समुदाय, जनजाति र बाहुन/क्षेत्रीले यो भोग्नुपरेको देखिएको थियो।

अपाङ्गताको आधारमा भेदभाव: २५ जना अपाङ्गता भएका उत्तरदातामध्ये ८८% ले कुनै न कुनै ठाउँमा अपाङ्गताको आधारमा भेदभाव भोग्नुपरेको बताएका थिए।

जोखिमयुक्त बसाइँसराइ वा बेचबिखन र ओसारपसार: ५२.८% उत्तरदाताले यस्तो कार्य नेपालभित्र बाहेक अरु जुनै देशमा हुनसक्ने बताए। ४५.३% भने नेपालभित्र पनि यस्तो कार्य हुने बताएका थिए। ३९.२% ले भने यस्तो कार्य भारतमा मात्र हुने जनाए। बेचबिखन कसले गर्न सक्छ भन्ने प्रश्नमा ५६.६% उत्तरदाताले अपरिचित व्यक्तिले भन्ने उत्तर दिए भने परिचित व्यक्तिले पनि सो कार्य गर्न सक्छन् भन्ने ४४.४% उत्तरदाता थिए। यस्तै, आफन्त तथा साथीहरु पनि यस्तो कार्यमा संलग्न हुन सक्छन भन्ने धेरै कम थिए।

समग्रमा सो अध्ययनले निम्न प्रकारका हिंसा देखाएको थियो।



हिंसा तथा दुर्व्यवहारबारे उल्लेखित बुझाइ रहे पनि जतिजना उत्तरदाताले यौन दुर्व्यवहार अनुभव गरे तीमध्ये ४४.८% ले घटनाबारे कसैलाई पनि उजुरी गरेनन्। यसको कारणमा १८.३५% ले अभिभावक, समुदाय र शिक्षकको डर बताए भने त्यति नै प्रतिशत उत्तरदाताले कोही भरपर्दो र विश्वासिलो व्यक्ति नभएको कारण देखाए। यसैगरी ७.२४% लाई कहाँ उजुरी गर्ने भन्ने नै थाहा नभएको र केही प्रतिशतले भने उजुरी गर्दा पनि केही नहुने भन्दै नबताएको जनाए। जसले अभिभावकलाई दुर्व्यवहार र भेदभावबारे जानकारी गराए तर, तीमध्ये ५०% घटनामा कि त केही भएन वा अभिभावकले उल्टो आफूहरुलाई नै सम्झाएको जानकारी दिए।

यसैगरी ४ जनाले मात्र प्रहरीमा उजुरी गरेकामा १ जनालाई कारबाही भएको र अर्को एउटा घटनामा प्रहरीले मेलमिलाप गराएको बताए। बाँकी २ वटा उजुरीमा केही भएन। यस कुरामा विद्यालय बढी सहयोगी देखियो, जहाँ शिक्षक वा प्रधानाध्यापकलाई गरेको उजुरीमा ९०% यस्ता घटनामा नराम्रो गर्ने व्यक्तिलाई कि सजाय दिइयो कि त सम्झाइयो। लैङ्गिक र जातीय विभेदमा पनि क्रमशः ४७.५३% र ३३.२१% ले कुनै उजुरी गरेनन्, यस्तो हुनुमा विभेदलाई सामाजिक रुपमा सामान्य मानिएको र सहजै अपनाइनुलाई पनि लिन सकिन्छ।

ङ) एक्सेस प्लानेट संस्था

यस संस्थाले 'किनाराका आवाजहरू: नेपालमा अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचको स्थिति' सम्बन्धी अनुसन्धान÷अध्ययन गरेको छ। सन् २०१४ नोभेम्बरदेखि २०२५ को अप्रिलसम्म नेपालका चारवटा प्रदेशका एक एक जिल्ला कोशीको मोरङ, गण्डकीको कास्की, मधेशको रौतहट र कर्णालीको सुर्खेतलाई आधार मानेर यो अध्ययन गरिएको जनाइएको छ। जसमा तीन वटा अध्ययन विधि प्रयोग गरिएकामा सर्वेक्षणमा २०० जना (सबै प्रदेशबाट ५०/६० जना), प्रमुख सूचनादाता अन्तर्वार्तामा १९ र घटना अध्ययनमा १९ वटा रहेको सार्वजनिक अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। चार प्रदेशमा रहेका अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचसम्बन्धी अनुभवलाई उजागर गर्ने लक्ष्य रहेको सो अध्ययनमा ४४.५% पहाडी जाती समूह (ब्राह्मण, क्षेत्री र ठकुरी), दलित २०% (जसमा १८.५% पहाडी दलित र १.५% तराई दलित), २४% पहाडी जनजाती समूह,०.५% तराई जनजाती, ९.५% मधेसी, १.५% धार्मिक तथा भाषिक समूह (मुस्लिम, बङ्गाली, पञ्जाबी, सिख) रहेका उल्लेख छ।

शैक्षिकस्तर: अधिकांश ३४.५ % उत्तरदाताले माध्यमिक पूरा गरेका र २६ % निरक्षर रहेका, १६ % ले स्नातक, १२.५ % साक्षर, १० % ले प्राथमिक तह र १ % ले मात्र स्नातकोत्तर र सोभन्दा माथिको शिक्षा हासिल गरेको।

रोजगारीको स्थिति: ७७% बेरोजगार, ६% स्वरोजगार, ५.५% सरकारी सेवामा, ५.५%निजी क्षेत्रमा, ५% राष्ट्रिय र अन्तरराष्ट्रिय गैरसरकारी संस्थामा र १% अन्य प्रकारका रोजगारीमा रहेका।

हिंसाको अनुभव: ७९% ले परिवार, समुदाय, काम गर्ने ठाउँ वा सार्वजनिक स्थानमा हिंसा भोगेको बताएकामा त्यसमा हरेक प्रदेशमा ५० जनामध्ये गण्डकीमा ३४, कर्णालीमा ४५, कोशीमा ४७ र मधेसमा ३२ जना रहेका छन्। यसमा पनि ३६.५% ले परिवारमा, ५०%ले समुदायमा, काम गर्नेमध्ये ९.५%ले काम गर्ने ठाउँमा र उत्तरदाता (९३) मध्ये ८७.०९% ले सार्वजनिक स्थानमा हिंसा भोगेको बताएका छन्। यस्ता हिंसामा यौन हिंसा, शारीरिक हिंसा, हिँडडुलमा प्रतिबन्ध, माया र हेरचाहमा कमी, आर्थिक सशक्तीकरणमा अवरोध, अपाङ्गतामा आधारित भेदभावजस्ता हिंसा रहेका छन्।

यसरी हिंसा भोग्नेमा ६४ % (१५८ जना) ले आफूले भोगेको अन्यायका घटनामा न्याय खोज्ने प्रयास नै नगरेको बताएका छन् भने न्याय खोजेको बताउने ३६ % छन्। न्याय प्रणालीका सेवा प्रयोग गर्दा ४२ % ले नकारात्मक अनुभव भएको बताए। हिंसाविरुद्ध न्याय खोज्ने क्रममा सामना गरेका अवरोधसम्बन्धमा अनुभव बताउने १७४ जनामध्ये धेरै जना (७४) अर्थात् ४२.५२ % ले न्याय प्रक्रियाबारे थाहा नै नभएको, ३६.७८% (६४ जना) ले सहयोग गर्ने कोही नभएको, २२.९८ % (४० जना) ले आर्थिक स्रोत नभएको र २७ % (४७ जना) ले न्याय पाइन्छ भन्ने विश्वास नै नरहेको बताएका। कुल २०० उत्तरदातामध्ये ४७.५ % (९५ जना) ले न्यायिक निकायहरू भौतिक रूपमा पहुँचयोग्य हुनुपर्ने, ६२.५% (१२५ जना) ले न्यायिक निकायका कर्मचारीले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्ने, ४१.५ % (८३ जना) ले न्यायिक कार्यविधिसँग सम्बन्धित सञ्चार सामग्री अपाङ्गतामैत्री हुनुपर्ने, ४७.५ % (९५ जना) ले महिलाको अपाङ्गता सम्बन्धित विशेष आवश्यकता सम्बोधन गर्नुपर्ने, ८४ % (१६८) ले अपाङ्गता भएका महिलासम्बन्धी मुद्दालाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन्।

मिडिया विषयवस्तु विश्लेषण

यस अध्ययनमा विगतदेखि नै मिडियाका विषयवस्तुबारे पनि विश्लेषण गर्ने गरिएको छ। मिडियाले जातीय तथा लैङ्गिक आधारमा महिला तथा बालिकामाथि हुने हिंसाका कस्ता विषयवस्तुलाई कसरी, कति प्राथमिकताका साथ उठान गर्छन् भनेर हेर्नु यसको अभिप्राय हो। यसपटक मिडिया विषयवस्तुका सन्दर्भमा समग्र घटनाको अध्ययन गरिएको छैन। यसमा मुख्यगरी तीनवटा सवालः कोठा, कोटा र प्रविधिमार्फत हुने हिंसासम्बन्धी विषयलाई समेटेका छौं।

यसको उद्देश्य विभेदको स्वरुप कसरी बदलिरहेको छ भन्ने देखाउनु हो। त्यसका लागि मूलतः 'गुगल सर्च' गरेर भेटिएका ४६ विषयवस्तुको विश्लेषण गरिएको छ। ती विषयवस्तुमा कस्ता विषय उठाइए र कसरी उठाइए भनेर हेरेका छौं। यी तीन वटै विषयमध्ये दुई वटामा एउटा एउटा गरी 'नमुना स्टोरी' र एउटामा अन्य अध्ययनका निष्कर्षसमेटिका समाचार तथा विचारका 'हाइलाइट्स' लाई तथ्यका रूपमा छुट्टाछुट्टै राखेका छौं।

मिडियामा प्रकाशित विषयवस्तुको विश्लेषण

क्रस	मिडिया	प्रकाशित विषयवस्तु		कैफियत
		समाचार	विचार	
१.	कोठा	१४	६	२०
२.	कोटा	५	५	१०
३.	अनलाइनमार्फत हिंसा	११	५	१५
	जम्मा	**३०**	**१६**	**४६**

यसखण्डमा 'कोठा', 'कोटा', 'अनलाइनबाट हुने हिंसा' शब्द 'गुगल सर्च' गर्दा र अन्य माध्यमबाट जानकारीमा आएका/भेटिएका ४६ विषयवस्तुको विश्लेषण गरिएको छ। यस्ता विषयवस्तुमा ३० समाचार र १६ विचार छन्। जसमा कोठासँग सम्बन्धित १४ समाचार र ६ विचार गरी २० वटा विषय छन्। कोटासँग सम्बन्धित ५ समाचार र ५ विचार गरी १० वटा विषयवस्तु छन् भने अनलाइनमार्फत हुने हिंसासँग सम्बन्धित ११ समाचार र ५ विचार गरी १५ (प्रतिशत) वटा विषय छन्।



विषयवस्तुको विश्लेषण

क) कोठा

पहिले धारा छोयो, मन्दिरमा रोके, छोइछिट्टो गरे भन्ने प्रत्यक्ष विभेद भएका विषयसम्बन्धी समाचार आउँथे। हाल त्यो स्वरुप फेरिएको छ। संविधान निर्माणपछि प्रत्यक्ष रूपमा हुने त्यस्ता विभेदभन्दा अप्रत्यक्ष तवरले मूलतः सहर बजारमा डेराका कारण विभेद भयो भनेर समाचार आउँछन्। गुगलसर्च गर्दा विसं २०७४ देखि ८० को बीचमा यस्ता धेरै समाचार भेटिन्छन्, तर, न्याय पाइँयो वा पाइएन? यसरी विभेद भोग्नेहरूको मनोदशा के छ ? भनेर थप विषयमा त्यत्ति धेरै समाचार आउँदैनन्। आइरहेका छैनन्। यो नेपाली मिडियाको समस्या हो। त्योभन्दा ठूलो समस्या यस्ता समस्या बुझ्न र उठान गर्न दलित पत्रकार नै हुनुपर्ने उल्लेखित समाचारले देखाएका छन्। यहाँ संकलन गरिएका विषयमध्ये विचार लेख्नेमा गैरदलितहरू भए पनि समाचार लेख्नेमा अधिकांश दलित समुदायका भएको कुराले त्यसलाई समर्थन गर्छ। काठमाडौँमा डेरा नपाउने कुरा विद्यार्थीले पढ्न, जागिर गर्नेले जागीर गर्न, समानताको पैरवी गर्नेले त्यसो गर्न बाधा खेप्नु हो। यसले समग्रमा एउटा व्यक्तिको नैसर्गिक अधिकार हनन् भई उसको सम्मानपूर्वक बाच्न पाउनेदेखि आधारभूत अधिकार प्रयोग र वृत्तिविकासमा अवरोध सिर्जना गर्नु हो।

यहाँ थरकै कारण कोठा वा डेरा नपाउने वा पाइहालेमा पनि समस्या भोगेकासम्बन्धी १४ वटा समाचार छन्। तीमध्ये सबै जसो चार/पाँच जना व्यक्तिका वरिपरी केन्द्रीत छन्। हुन त एक दशकमा पाँच जनाले मात्रै औपचारिक उजुरी गरेका विषय समाचार बनेका छन्। सांसद्हरूले पनि विभेद भोगेका छन्, तर विभिन्न कारणले कानुनी प्रतिवादमा जाँदैनन्। किनकि समाजले नै विभेदविरुद्ध बोल्न निरुत्साहित गर्छ, आवाज उठाउँदा अड्डा अदालत धाउँदैमा करिअर र पढाइ बर्बाद हुने डरले मुद्दा मामिलामा लाग्नुभन्दा विभेद सहेर बसेको भन्नेहरु छन्।[१५] यसको कारणमा अधिवक्ता यमकुमारी दलेलले एउटा समाचारका लागि भन्नुहुन्छ,"छुवाछूतलाई सामान्य मानेर वा डर पालेर दलित समुदायकै व्यक्ति उजुरीका लागि तत्पर नहुँदा घटना अदालतसम्म पुग्दैनन्। साहस जुटाएर अदालत पुग्नेहरूले पनि न्याय नपाउँदा निराशाको स्थिति उत्पन्न हुन्छ।"[१६]

छुवाछूतका घटनामा कमै मुद्दा पर्छन् र अदालतमा पुगेका मुद्दामा पनि कसुर ठहरिनेभन्दा सफाइ पाउनेको सङ्ख्या धेरै देखिन्छ। आव २०७१/७२ देखि २०७७/७८ देशभर जातीय भेदभाव तथा छुवाछूतका ३४९ मुद्दा अदालतमा दर्ता भएका छन्। ८ वर्षमा ९७७ प्रतिवादीले विभिन्न रूपमा जातीय विभेद गरेको देखिन्छ। यस अवधिमा ८ वर्षको अन्तरालमा विभिन्न तहका अदालतमा

१५ https://nayapatrikadaily.com/news-details/66060/2021-06-23

१६ https://kathmandupress.com/detail/83669

चलेका ३४९ मध्ये १८५ मुद्दाको फैसला भएको महान्यायाधिवक्ताको कार्यालयको तथ्यांकमा उल्लेख छ। फैसला भएकामध्ये ८२ मुद्दामा प्रतिवपादीहरू कसुरदार ठहरिएका छन्, १०२ मुद्दामा सफाइ दिइएको तथ्यांक छ। उक्त अवधिमा १६४ मुद्दा थन्किएको देखिएको छ।[१७]

यसैगरी यहाँ कोठासम्बन्धी ६ वटा विचारको विश्लेषण गरिएको छ। सबैजसो विचारको केन्द्रमा सहरी समस्याको रुपमा रहेको कोठा र जातीय पहिचानकै आधारमा भोग्नुपरेका हिंसाको कुरा छ। सहरमा हुने प्रायः जातीय विभेदका घटनामा शिक्षित व्यक्तिले नै दलित समुदायमाथि विभेद गरेको लेखकहरुको साझा बुझाई छ। यसैगरी कोठाका कारण काठमाडौँमा धेरैले विभेद भोगिरहेको औपचारिक र अनौपचारिक रुपमा बताए पनि ती घटना कानुनी दायरामा नआएकामा सबैजसोको चासो छ, तर न्यायका लागि आएकाहरुले भोग्नुपरेको थप हिंसा, असहयोगी समाज, राज्य संरचनाका कारण न्याय नपाइने, उल्टै थप हिंसा भोग्ने मनोवैज्ञानिक भयले प्रतिवाद गर्न नसकेकामा सबैजसो लेखकको चिन्ता छ। त्यसैले सहर र अझ शिक्षित भनिएकाहरुबाटै विभेद हुने गरेकाले औपचारिक शिक्षाले विभेद अन्त्य गर्न नसकेको, औपचारिक शिक्षाले दैनिक जीवनयापनमा अर्थ उपार्जन गर्न र राज्यप्रति उत्तरदायी बनाउन खोजेको भए पनि सामाजिक उत्तरदायित्व र सामाजिक न्यायबारे सिकाउन चाहेको छैन भन्नेमा करिब समान मत छ। त्यसैले सबैजसो लेखकको निष्कर्ष छ, राज्यले चाहेमा नहुने केही छैन। उसले धर्म, संस्कार परिवर्तनका लागि प्रभुत्वशाली समूहलाई परिचालन गरेर आफ्नो भूमिका बढाउन सक्छ र सक्नुपर्छ। आफ्ना राज्य संयन्त्रलाई विभेदका सवालमा निर्मम वा शून्य सहनशीलताको मर्मअनुसार कानुनलाई व्यवहारमा उतार्न लाग्नुपर्ने देखिन्छ। यस्ता सवाल समयले उपचार गर्छ (Time Heals) भन्ने सोचेर बस्नुहुँदैन भन्ने अभिप्राय देखिन्छ।

यसर्थ, कोठा नपाउँदा—आत्मसमानमा असर, अवसरमा अवरोध, न्यायको पहुँचमा अवरोध, अनुत्पादक क्षेत्रमा समयको बर्बादी, बहुतहका हिंसा र अस्वीकार्यको स्थिति बन्दै गएको यस्तो हिंसा भोग्ने र त्यसको प्रतिवाद गर्नेहरूको बुझाइ छ।

१७ https://kathmandupress.com/detail/83669

घटना उदाहरण २
'भविष्य बनाउन आएको जात तगाँरो बन्यो'

राजधानी सहर काठमाडौँ आमनेपालीका लागि सपनाको सहर हो। अवसरको सहर। पढ्न, रोजगारी गर्न वा आफ्नो भविष्य बनाउन हजारौं युवाहरू गाउँ-गाउँबाट आउने गन्तव्य सहर। आठ वर्षअघि कैलालीबाट काठमाडौं आउँदा म पनि त्यही सपना पछ्याएर आएकी थिएँ। मलाई लाग्थ्यो— यहाँ सबैका लागि समान अवसर होलान्, जातीय विभेद त गाउँमै छुट्ला नि ! तर, यहाँ आएपछि थाहा पाए, यो सहर त मैले कल्पना गरेको भन्दा भिन्नै रहेछ। अझ भनौं, निकै निर्दयी। यहाँ त मान्छेको थर नै सबैभन्दा ठूलो तगाँरो बन्दो रहेछ। स्नातकोत्तर पढेर भविष्य बनाउन आएको मैले पढ्ने भन्दा जातकै कारण अल्झिनु पर्‌यो। कोठा खोज्न गल्ली–गल्ली भौतारिनु पर्‌यो। आठ वर्षमा आठभन्दा धेरै कोठा बदल्नुपर्‌यो— कतिले थर सुनेपछि कोठा दिएनन्, कतिले बयाना फिर्ता गरे, कतिले बसिसकेपछि विभिन्न बहाना देखाएर निकालिदिए।

सँगैका साथीहरू विश्वविद्यालयका कक्षा र लोकसेवा तयारीमा व्यस्त हुँदा मचाहिँ घरबेटीको अपमानसँग लड्नु पर्‌यो। कोठा खोज्दै, कहिले प्रहरी त कहिले अदालत धाउँदै हिँड्न विवस भए। आत्मसम्मनको लडाइँमा अल्झिए। एउटा केटी मान्छे हुनुको पीडा अर्कै छ। न सडकमा बस्न मिल्ने, न एकाध रात काट्न साथीको कोठामा बस्न मिल्ने। मैले चिनेका दलित केटी साथी पनि धेरै छैनन् नि त !

विभेदविरुद्ध बोलौं। अपमानविरुद्ध लडौं। चर्चा त भयो, तर उल्टै हिंसा भयो। मिडिया र सामाजिक सञ्जालमा चिनिँदै गएपछि सहानुभूतिभन्दा बढी त्यो पहिचानले न्याय भन्दा धेरै समस्या बढायो। पछि त म मात्रै होइन, मेरो थरसँग नाम मिल्नेहरुले पनि समस्या भोग्नुपर्ने अवस्था आयो। न्यायको आवज उठाउँदा सहयोग पाइनुको सट्टा, समाज झन् कठोर बनेको आभास भयो।

कानुनले छुवाछूतलाई अपराध भनेको छ। समाज शिक्षित र सचेत भयो पनि भन्छन्, तर व्यवहारमा 'थर' नै अवसरको ढोका खोल्ने वा बन्द गर्ने चाबी बनिनै रहेको छ। कोठा जस्तो आधारभूत आवश्यकता नै जातले रोकिदिँदा भविष्य निर्माणको बाटो कति गाह्रो हुन्छ, म दिनहुँ भोगिरहेकी छु। जातको यो जाँतोले व्यक्तिगत सपना मात्र होइन, समाजकै प्रगतिलाई रोकिरहेको हामीजस्ता थुप्रै युवाहरूको पीडा एउटै छ। सरकारको मनोदशा पनि उदेकलाग्दो छ। जातीय सवालमा राज्य निर्लज्जतापूर्वक हार्न तयार हुन्छ किनकि त्यहाँ राज्यका प्रतिनिधिभन्दा जातको प्रतिष्ठालाई ठूलो मान्नेहरुको बोलवाला छ। स्थानीय तहले कोठामा बस्न नागरिकता चाहिने भनेपछि विगतमा भन्दा हिंसाको अवस्था झन् कठोर बन्दै गएको आभाष हुन्छ। नागरिकता देखाउँ भन्ने तर त्यहाँ भएको थरले कोठा पाउने वा नपाउने निश्चित हुने। यो भनेको त देखाइदेखाई विभेद गर भनेको पो हो कि ! त्यसैले संरचनागत जातीय विभेद निकै जर्जर छ। त्यसले हामीजस्ता धेरै युवाहरुको सपनालाई पलपलमा मार्न बाध्य बनाइरहेको छ।

दीपा नेपाली

ख) कोटा (आरक्षण)

विषयवस्तु, घटना प्रसाङ्गिक होस् वा नहोस्, कोटा देखाएर होच्याउने चलन बढिरहेको छ। छुवाछूत भयो भनेमा 'कोटा' छोड, समानता चाहियो भनेमा 'कोटा' छोड, छुवाछूत हटाउनुपर्छ भनेमा 'कोटा' छोड। गीत गायो, 'कोटा' छोड, सामाजिक न्यायबारे भाषण गर्‌यो, 'कोटा' छोड, डेरामा विभेद् भयो भनेर आवाज उठायो 'कोटा' छोड। विशेष गरी सामाजिक सञ्जालमा यो हुन्छ। कोटासम्बन्धी यहाँ १० वटा समाचारको विश्लेषण गरिएको छ, जसमा ५/५ वटा विचार र समाचार छन्। यसमा पनि समाचार लेख्रेमा दलित समुदायका पत्रकार बढी छन्। समाचारमा पनि कुनै न कुनै रुपमा कोठाको प्रसङ्ग जोडिएको छ, पीडितले न्यायको कुरा गरिरहेका छन्, तर त्यसमा पनि 'तिमीले कोठा पाएनौं, हामीले कोटा पाएनौं !' भनेर प्रतिरक्षा गरिएको छ। न्यायका लागि आवाज उठाएमा समाज भाडेको कुरा हुन्छ। एउटा समाचारमा उद्धरण छ,"दलित भनिएकै कारण तिमीले कोठा पाएनौ। बाहुन भनिएकै कारण मैले कोटा पाइन। कस्तो विभेदकारी छ यो राज्य। आउ हात मिलाऔ अनि हटाऔ असमानता ! तिमी पैसाको लागि आन्दोलन गर या समाजमा जातिय द्वन्द्व चलाएर समाज तहसनहस पार तर, मेरो घरमा कसलाई भाडामा बस्न दिने कसलाई नदिने म आफैंले निर्धारण गर्ने हो, तिमीलाई बाल मतलब ?"

यसमा लेखिएका कतिपय समाचारले आरक्षणलाई खोरेजी होइन परिस्कृत गरिनुपर्ने मत सहितका विचारमा जोड दिएका छन्। आरक्षण नीति लागू हुनुभन्दा अघि र त्यसपछिको तुलना गर्दै यसको प्रतिरक्षा गर्ने प्रयास गरिएको छ। एउटा समाचारमा भनिएको छ,"यो नीति लागू हुनुभन्दा एक वर्षअघि (२०६४ साल) को लोक सेवा आयोगको सिफारिश अनुसार निजामती सेवामा दलित समुदायको उपस्थिति ०.१३ प्रतिशत थियो। आरक्षण व्यवस्था लागू भएको १७ वर्षपछि २०८० सालको तथ्यांकमा यो सङ्ख्या १.७६ प्रतिशत पुगेको देखिन्छ। त्यसैगरी, त्यसै साल निजामती सेवामा मुस्लिम समुदायको उपस्थिति ०.१३ प्रतिशत थियो भने २०८० मा १.९२ प्रतिशत पुगेको छ। आरक्षण लागू हुनुअघि २०६४ सालमा सरकारी सेवामा ११ जातिका मानिस मात्रै प्रवेश गर्न सकेका थिए भने २०८० सालको तथ्यांक हेर्दा निजामती सेवामा प्रवेश गर्ने जातिको सङ्ख्या ६७ पुगेको देखिन्छ।"[१८]

समाचारमा आरक्षणका सवालमा समावेश उद्धरणमा पनि विज्ञहरूका फरक फरक मत छन्। थरका आधारमा दृष्टिकोण बनेको छनक पाइन्छ, जस्तो गैरदलित समुदायका जुनसुकै पदमा रहेका व्यक्तिले 'आरक्षण' लाई जातीय होइन वर्गीय बनाउनुपर्ने मत राखेको पाइन्छ। जस्तो लोकसेवा आयोगकै अध्यक्षले विभिन्न ११ वटा संसदीय समितिमा आरक्षण जातीय होइन, आर्थिक र वर्गीय आधारमा हुनुपर्ने राय राखेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "समावेशी चाहिँ जातीय आधारमा भन्दा पनि आर्थिक स्थिति र वर्गीय आधारमा दिनुपर्छ भन्ने कुरामा विभिन्न प्राज्ञिक अभ्यासहरू सुरुबाटै

१८ https://www.himalkhabar.com/news/142574

भइरहेकै विषय हुन्।" उहाँ मात्रै होइन सर्वोच्च अदालतले पनि फैसला गर्छ,"आरक्षणसम्बन्धी व्यवस्थालाई वर्गीयता वा जातीयतामा नभई आवश्यकताकेन्द्रित बनाएमा मात्र यसले संविधानको साध्य हासिल गर्न सक्छ। वास्तवमै गरिब, निमुखा र आफ्ना स्रोतसाधनले शिक्षा आर्जन गर्न नसक्ने वर्गलाई नै आरक्षणको छहारीभित्र ल्याउने र संविधानको धारा १८(३) को प्रतिबन्धात्मक वर्गमा पर्ने तर सक्षमलाई बाहेक गरेमा मात्र यसले संविधानको लक्ष्यलाई पछ्याउन सक्छ।"

यसमा नेपाल सरकारका पूर्वसचिव मानबहादुर विक भन्नुहुन्छ,"लक्षित समुदायमा पुग्दै नपुगेको होइन, पुगेको छ। राज्यसंयन्त्रमा जुन समुदायका मानिस ल्याउने भनिएको हो, त्यही समुदायका आएका छन्। सरकारी सेवामा पढेलेखेको नै ल्याउने हो, त्यस कारण पढाउन सक्ने परिवारको आउने भयो। विपन्न वर्गलाई ल्याउन यो गरिबी निवारणको कार्यक्रम होइन।"[१९]

कतिपय समाचारमा आरक्षणका नाममा दलितमाथि भइरहेको अभद्र टिप्पणीको प्रतिरक्षा गरिएको छ। भनिएको छ,"समावेशिताको नीति सबैका लागि लागू भएको हो। यद्यपि सामाजिक सञ्जालमा पछिल्लो समय दलित समुदायलाई 'कोटा लिएको' भन्दै अभद्र टिप्पणी हुने गरेको छ। आरक्षण त दलितले भन्दा धेरै महिला, जनजाति र मधेसीले पाएका छन्। तर विभेद र गाली दुवै दलित समुदायले मात्रै पाइरहेको छ।"२०

यसैगरी यहाँ पाँच वटा विचारलाई नमूनाको रुपमा विश्लेषण गरिएको छ। सबैजसो लेखकको मत आरक्षणलाई सुधारेर लैजानुपर्ने तर जात जोडेर अपमान गर्न नपाइनेमा छ। आरक्षणको लाभ लिने छ वटा समूह छन्, तर दलितले बढी गाली पाइरहेकाबारे लेखकको चिन्ता छ। एउटा विचारमा आरक्षणलाई अझ वैज्ञानिक र लाभकारी बनाउन सोच्नुपर्ने मत छ। "यही दरले महिलाको प्रतिनिधित्व जनसङ्ख्याका आधारमा ५० प्रतिशत पुग्न अझै १ सय ३६ वर्ष लाग्ने देखाएको छ । यसभन्दा लाजमर्दो कुरा अरू के हुन सक्छ !यही दर कायम रहने हो भने जनसङ्ख्याका आधारमा दलित समुदायको १३ प्रतिशत समानुपातिक प्रतिनिधित्व पुग्न १ सय २० वर्ष लाग्ने देखिन्छ", त्यहाँ उल्लेख छ।[२१]

इन्द्रेणीजस्तो विविधतायुक्त नेपाली समाजमा आरक्षणकै कारण महिला, दलित महिलाहरूको उपस्थिति भएको र यदी यो नभएको भए के हुन्थ्यो होला भनेर कतिपय लेखकले चिन्ता जाहेर गरेका छन्। लेखेका छन्, "कहिलेकाहीं सोच्छु, आरक्षण नभएको भए दलित महिलाको हालत कस्तो हुन्थ्यो होला ? सम्भवतः १२ हजार बढी दलित महिला (दुई पटकको चुनावमा गरेर) स्थानीय राजनीतिमा कहिल्यै आउन सक्ने थिएनन्। आउने होइन आउने कल्पनासम्म पनि गर्नसक्ने

१९ https://www.bbc.com/nepali/articles/ce90e8k30lvo

२० https://www.nepalpress.com/2021/07/08/75049/

२१ https://ekantipur.com/opinion/2025/10/14/marginalized-community-always-in-chepuwa-34-32.html?fbclid

थिएनन्। यो १२ हजार दलित महिलाको मात्रै विषय होइन। वर्षौंदेखि समाजमा मात्रै नभएर घरभित्रै दबिएका दलित महिला एकाएक स्थानीय राजनीति, कार्यपालिका/गाउँपालिका सदस्यमा आएका छन्। अझ हिजोआज त सानोतिनो राजनीतिक सपना पनि देख्न थालेका छन्। यो मनोवैज्ञानिक क्रान्ति नै हो।"[२२]

विचार लेख्ने दलित वा गैरदलित जो भए पनि आरक्षणको सकारात्मक पक्षबारे खुलेर प्रसंशा गरेको र गलत टिप्पणीको प्रतिरक्षा गरेका छन्। जस्तै, एउटा विचार आशिष दुलाल लेख्नुहुन्छ, "आरक्षण भनेको वर्षौंदेखि राज्य संयन्त्रले गरेको उपेक्षा र विभेदका कारणले पछाडि पारिएको समुदाय या समूहलाई समानतामा ल्याउन गरिएको समतामूलक रणनीति हो। वास्तवमा भन्ने हो भने आरक्षण विभेदविरुद्धको हर्जाना भनेर पनि मान्न सकिन्छ।"[२३]

मिलन देवकोटा आरक्षण लिने छ वटा समूह भए पनि दलितमाथि नै किन खिसिट्युरी भनेर प्रतिवाद गर्नुहुन्छ,"जम्मा ६ वटा समूहलाई आरक्षण दिइएकोमा अरू समूहप्रति कटाक्ष र विरोध धेरै देखिएको छैन। महिलालाई ३३ प्रतिशत दिइएकोमा धेरैको विरोध छैन किनकि सबैका घरमा महिला छन्। अपांगता भएकाहरू र पिछडिएको क्षेत्रले पाउने कोटामा पनि मानिसको वक्रदृष्टि पर्दैन, किनकि ती समूहले सबैको सहानुभूति पाउँछन् र ती दुई समूहमा प्रतिशत पनि कम नै छुट्याइएको छ। मानिसहरूको ध्यान मधेसी, आदिवासी जनजाति र दलितलाई तोकिएको कोटातर्फ छ। किनकि यो महिला कोटाजस्तो घरमा कसै न कसैले पाइहाल्ने कोटा पनि होइन।"

घटना उदाहरण ३
कोटाको पीडाः उसले त जातैले खायोभन्दा मन चसक्क हुन्छ !

"देशले सकारात्मक विभेदको नीतिअनुसार आरक्षणको व्यवस्था गरेको कति नै भयो र ? अस्ति २०६४ पछि न हो ! तर, शताब्दिऔँसम्म जातकै आधारमा अवसरबाट वञ्चित भएको नदेख्नलाई यसबीचमा राज्यको मूलप्रवाहमा समेटिन थालेको कुरा मन परेको छैन। आरक्षणको व्यवस्था समाजको संरचनागत विभेदका कारण जातीय, लैङ्गिक तथा भौगोलिक हिसाबले पछि परेकाहरूलाई 'समान अवसर' दिलाउने आधार मानिन्छ। फेरि यो अवसर दलितले मात्रै पाएको छैन, तर 'कोटावाला' भनेर हामीले नै सामाजिक विभेद र अपमानको नयाँ रूप भोग्नु परिरहेको छ", भर्खरै सरकारी सेवा प्रवेश गरेका किशोर विश्वकर्माले भने।

संवैधानिक व्यवस्थाअनुसार सरकारी सेवालाई समावेशी बनाउन नेपालमा पहिलो पटक विसं २०६४ मा निजामती सेवा ऐन, २०४९ मा दोस्रो संशोधनमार्फ सेवाको पदपूर्तिमा आरक्षणको

२२ https://www.onlinekhabar.com/2024/01/1425440
२३ https://www.nepalpress.com/2025/03/08/567788/

प्रावधान राखिएको हो। यस व्यवस्थालाई स्पष्ट गर्दै निजामती सेवा ऐनको दफा ७ को उपदफा ७ मा भनिएको छ, ' निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारबीच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।" देहायको भन्ने कुराले महिलालाई ३३ प्रतिशत, आदिवासी/जनजातिलाई २७, मधेसी २२, दलित ९, अपाङ्गता भएकालाई ५ र पिछडिएको क्षेत्रका लागि ४ प्रतिशत आरक्षणको व्यवस्थालाई जनाउँछ। जसको लाभ उठाउँदै विगत १७ वर्षमा सबै समावेशी समूहबाट गरी कुल २५ हजार २१८ उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्।

आरक्षणबाट उल्लेखित विभिन्न समूहले लाभ लिए पनि सबैभन्दा होच्याउने पात्रका रूपमा दलितलाई लिएकोमा खिन्न लाग्ने गरेको बताउनुहुन्छ विश्वकर्मा। केही वर्षअघि उहाँले पनि आफ्नो संघर्ष र अध्ययनप्रतिको लगावका कारण सरकारी सेवामा प्रवेश गर्नुभयो। कार्यालयमा गएको केही दिनमै सहकर्मीले 'तपाईंलाई त जातका कारण कति सजिलो है, नत्र पास गर्न कम्ती गाह्रो छ र !' भनेको कुरा मनस्पटलमा गडेर बसेको छ।

"योग्यता त्योसँग हुन्छ, जसले अवसर पाउँछ, अवसर त्योसँग हुन्छ, जसको पहुँच हुन्छ भन्ने मान्यतालाई आरक्षणले आत्मसात् गरेको हुन्छ। नेपालमा संरचनात्मक विभेदको इतिहास शताब्दिऔँ लामो छ। त्यसले सिर्जना गरेका विभेद र उत्पीडनले एउटा समुदायलाई जातकै आधारमा न्यूनतम मानवअधिकारबाट समेत वञ्चित गर्‍यो। यो कुरा धेरैले सामान्य ठान्दै आए। केही वर्षयता अभ्यास गरिएको कोटा व्यवस्थाले केही उत्पीडित समुदाय राज्यको मूलधारमा उपस्थिति हुने कुरालाई गलत मान्ने प्रवृत्ति डरलाग्दो छ", उहाँ भन्नुहुन्छ,"कोटाका कारण केही दलितहरूको राज्य संयन्त्रमा हुने उपस्थितिलाई अस्विकार गर्ने, नपचाउने, होच्याउने गरिन्छ। यो नयाँ खालको विभेद हो। यसले देखिने गरी हिंसा त भएको छैन, तर नदेखिने गरी मानसिक यातना दिइरहेको छ। फेरि पनि अरुभन्दा सानै देखाउने र होच्याउने प्रवृत्ति मौलाइरहेको छ।"

मान्छेको कार्यक्षमता, इमान्दारिताभन्दा थर सुन्ने र देख्नेवित्तिकै फरक नजरले हेर्ने प्रवृत्तिले मानसिक हिंसाको अनुभूति हुने गरेको उहाँको तितो अनुभव छ। "सेवा प्रवेशका लागि हामीले पनि कम्ती मेहनत गरेका हुँदैनौं। राम्रो स्कुलमा पढ्न पाउँदैनौं, पढ्न पाए पनि स्रोत अभावले थिचिएर बस्ने पीडा छुट्टै छ। राम्रो शिक्षा आर्जन गर्ने बेला विभिन्न प्रकारका जातीय हिंसामै अल्झिनुपर्छ। त्यसलाई चिर्दै, अनेकौं चुनौती सामना गर्दै सेवा प्रवेश गर्दा पनि जातीय विभेद गर्ने प्रवृत्तिले छोइदैन", किशोरले खिन्न हुँदै भन्नुभयो। **बाँकी उहाँकै शब्दमा:**

नेपाल सरकारको शाखा अधिकृतका रूपमा दलित समुदायबाट आरक्षणमार्फत प्रवेश गर्नु मेरो लागि केवल व्यक्तिगत सफलता होइन, ऐतिहासिक न्याय (Historical Justice) र प्रतिनिधित्वको न्याय (Justice of Representation) को व्यवहारिक पुष्टि हो। समावेशी सिद्धान्तको संवैधानिक यात्रा अन्तरिम संविधान, २०६३ बाट सुरु भई नेपालको संविधान २०७२ मा मौलिक हकका रूपमा रूपान्तरित भएको छ। आरक्षणले राज्य संरचनामा परम्परागत रूपमा वञ्चित समुदायलाई सहभागी

गराउने संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा उतारेको छ, जसको प्रत्यक्ष लाभकर्ता म स्वयं बनेको छु। मेरो उपस्थिति लामो समयदेखि पछिपरेका समुदायहरूको प्रतिनिधित्वको क्षतिपूर्ति पनि हो। प्रशासनलाई सम्पूर्ण नागरिकप्रति अझ बढी वैध र जवाफदेही बनाउने आधार पनि हो। यो सकारात्मक दृष्टिकोणले मलाई सामाजिक गतिशीलताको एउटा प्रेरक उदाहरणका रूपमा स्थापित गरेको महशुस गरेको छु। अर्कोतर्फ, मैले आरक्षणसँग जोडिएको योग्यता (Meritocracy) माथिको परम्परागत विमर्श र सामाजिक स्टिग्मा (Social Stigma) को सामना गर्नु परेको छ। केही रूढिवादी धारणा राख्ने व्यक्तिहरूले आरक्षणलाई 'दक्षता' माथिको सम्झौताको रूपमा हेर्ने गरेका छन्, जसले गर्दा कार्यस्थलमा मलाई क्षमतामाथि अप्रत्यक्ष प्रश्न उठ्ने गरेको अनुभुति हुन्छ। मेरो सफलतामा व्यक्तिगत प्रयास मात्र होइन, संरचनागत अवरोधविरुद्धको दीर्घ संघर्ष पनि गाँसिएको छ। क्षमताभन्दा पनि ऐतिहासिक सामाजिक बहिष्करण (Historical Social Exclusion) ले सिर्जित अवरोध र वञ्चितिकरणको सामना गर्नुपर्‍यो। पुस्तागत रुपमा गुणस्तरहीन सार्वजनिक शिक्षामाथिको निर्भरता र र शैक्षिक वातावरणमा पहुँचको अभावका कारण मेरो शैक्षिक जगको सिकाई अवस्था कमजोर थियो। आर्थिक कठिनाइ, सांस्कृतिक–सामाजिक पुँजीको कमी, तथा 'आरक्षणको लाभार्थी' (Reserved Category Beneficiary) भन्ने सामाजिक मानसिकताले तयार गरेको मानसिक दबाब—यी सबैले मेरो प्रतिस्पर्धात्मक यात्रालाई थप चुनौतीपूर्ण बनाएका थिए। यसले लोकसेवाको जटिल पाठ्यक्रमका सैद्धान्तिक तथा विश्लेषणात्मक विषयवस्तुहरू आत्मसात् गर्न मलाई बढी ज्ञानगत श्रम (Cognitive Labor) र समय लाग्यो। मैले परीक्षा उत्तीर्ण गरेर आफ्नो क्षमता प्रमाणित गर्ने व्यक्तिगत दबाबका साथै आरक्षण प्रणालीको वैधता (Legitimacy of Reservation) लाई आफ्नो सफलताबाट पुष्टि गर्ने दोहोरो उत्तरदायित्व बोकेको थिएँ। तसर्थ, लोकसेवा परीक्षामा मैले गैर–दलितको तुलनामा असमान प्रारम्भिक बिन्दुबाट प्रतिस्पर्धा गर्नुपर्‍यो, जसले मेरो सङ्घर्षलाई अधिक जटिल र सघन बनायो। यद्यपि, कठिन सामाजिक पृष्ठभूमिमा विकसित लचकता, आत्म–निर्णय क्षमता र निरन्तर अभ्यासले यी अवरोधहरूलाई पराजित गर्दै फड्को मार्न सकेँ।

आरक्षणप्रति समाजमा रहेको दोहोरो दृष्टिकोण—एकातर्फ ऐतिहासिक अन्यायको उपचारको रूपमा प्रतिनिधित्वको न्याय (Justice of Representation) का रुपमा स्वीकार्यता, अर्कोतर्फ योग्यतामाथि शङ्का—दुवैलाई मैले प्रत्यक्ष अनुभूत गरेको छु। तर आधुनिक सार्वजनिक प्रशासनमा योग्यता केवल परीक्षागत अंकमा सीमित नभई विविध अनुभव, सांस्कृतिक संवेदनशीलता र समावेशी निर्णय क्षमतासँग पनि सम्बन्धित हुन्छ भन्ने मेरो बुझाइ छ। यस अर्थमा, मेरो पृष्ठभूमि स्वयं प्रशासनिक कार्यक्षमता र जवाफदेहिताको अतिरिक्त मूल्य बनिरहेको छ।

यसैले, आरक्षणले ढोका खोलिदिए पनि सेवाभित्र मेरो पहिचान र आरक्षण प्रणालीको वैधता (Legitimacy of Reservation) को अन्तिम आधार उत्कृष्ट कार्यसम्पादन, पेसागत निष्ठा र इमान्दारिता नै हुन्। दलित समुदायको प्रतिनिधित्व गर्दै राज्यको सेवा क्षेत्र अधिक समावेशी बन्ने प्रक्रियामा मेरो उपस्थितिलाई म जिम्मेवारी र अवसर दुवैका रूपमा लिन्छु। मैले खुला प्रतिस्पर्धाबाट आएका सहकर्मीहरूले भन्दा उत्कृष्ट काम गरेर आफ्नो 'प्रोफेसनल अथेन्टिसिटी' (Professional Authenticity) लाई बारम्बार प्रमाणित गरिरहनुपर्ने दबाब महसुस गरेको छु। अतः, मेरो

सफलताले मलाई योग्य अधिकारीको रूपमा स्थापित गरे पनि, मेरो सामाजिक बुझाइ भने समावेशी न्याय र रूढिवादी योग्यता धारणाबीचको निरन्तर संघर्षको एक बिन्दु बनेको छ।

अतः मेरो यात्राले प्रमाणित गर्छ—आरक्षण क्षतिपूर्तिजन्य न्यायको संवैधानिक उपकरण मात्र होइन, सामना गरेका संरचनागत अवरोधहरू र सामाजिक स्टिग्मा विरुद्धको दृढताको संयुक्त प्रतिफल पनि हो। आरक्षण ऐतिहासिक अन्यायको उपचार गर्ने एक संवैधानिक आवश्यकता र आधुनिक प्रशासकीय वैधता सुनिश्चित गर्ने एक अपरिहार्य उपकरण हो, जसको सार्थकता कार्यस्थलमा परिणाममुखी दक्षतामार्फत प्रमाणित गर्नुपर्ने देखिन्छ। अबको मेरो लक्ष्य, प्राप्त अवसरलाई नीतिगत रूपमा अर्थपूर्ण परिणाममा रूपान्तरण गर्दै प्रशासनलाई अझ समावेशी, न्यायपूर्ण र प्रभावकारी बनाउन योगदान पुर्‍याउने हो।

ग) अनलाइनमार्फत हुने हिंसा

यसमा पनि समाचार ११ र विचार ५ गरी १६ वटा सामग्रीको विश्लेषण गरिएको छ। धेरैजसो समाचार नेपाल प्रहरीको साइबर ब्यूरोको तथ्याङ्क र केही संघ संस्थाले गरेका अध्ययन प्रतिवेदनमा आधारित समाचार छन्। जसरी घरेलु हिंसा परिवारकै सदस्यबाट भएका तथ्य छन्, त्यसैगरी अनलाइनबाट हुने हिंसा पनि प्रायः नजिकका साथीबाट हुने गरेका, अनलाइनमै डेटिङ एप हुने र त्यो चलाउनेमध्ये ४ मा १ जना माथि अनलाइन हिंसा हुने गरेको, समाजमा प्रतिष्ठित भनिएका व्यक्तिहरूमाथि नै उनीहरूको लैङ्गिक पहिचानको आधारमा समेत उनीहरूलाई अपमानित गर्नुका साथै उनीहरूको विश्वसनीयतालाई घटाउने र उनीहरूको आवाजलाई दबाउन खोजेको जस्ता विषय समाचारमा समेटिएका छन्।

यस्तै, अहिले इन्टरनेट अर्थात् डिजिटल प्रविधिका कारण दुर्व्यवहार, ब्ल्याकमेलिङ, फेक अकाउन्टद्वारा चरित्र हत्या र बालबालिकासम्बन्धी आपत्तिजनक सामग्रीको फैलावट अत्यासलाग्दो गरी बढेका विषयमा समचारमा सकेटिएका छन्। बागमति प्रदेशको एकमात्रै हेटौडा उपमहानगरपालिकाकी मेयर नै अनलाइन हिंसामा पर्नुभएको सन्दर्भ छ। उहाँले भनेको कुरा समाचारमा उद्धृत गरिएको छ,"महिला भएर जन्मनु गर्वको कुरा हो, तर नेपाली समाजमा महिला भएर बाँच्नु निकै कठिन छ। सामाजिक सञ्जालमार्फत 'बलात्कार गर्ने धम्की' दिइएका सन्देशहरू दैनिकजसो आउँछन्। राति फोन गरेर घटनाबारे भेट्न वा विवाद टुंग्याउन भनिन्छ। यस्तो समाजमा साधारण महिलाहरू कति असुरक्षित होलान् भनेर कल्पना गर्न पनि डर लाग्छ।"

पछिल्लो अध्ययनले १९ वर्षमुनिका किशोरकिशोरीहरु साइबर हिंसाको उच्च जोखिममा रहेको देखाएका विषय पनि समाचारमा उल्लेख छन्। उल्लेखित समाचारले पछिल्लो समय अनलाइनमार्फत मानिसहरूको सामाजिक चरित्र, मानसिक र स्वास्थ्यमै गम्भीर असर पुगिरहेका विषय समेटेका छन्।

उल्लेखित ५ वटा विचारमा सबैजसो लेखकले समाजमा हुने संरचनात्मक भेदभाव र हिंसा 'डिजिटल स्पेस'मा विस्तार भएको, यस्तो हिंसा विशेषगरी लैङ्गिक, जातजाति र समुदाय लक्षित हुने गरेको उल्लेख गरेका छन् । यस्ता हिंसा सामाजिक सञ्जालको विषय निर्माण (कन्टेन्ट क्रिएसन), प्रतिक्रिया र मिममार्फत व्यापक रूपमा हुने गरेका छन् । किशोरकिशोरीमाझ लोकप्रिय रहेका फेसबुक, इन्स्टाग्राम, भाइबरलगायतका सामाजिक सञ्जालका माध्यमबाट हत्या, हिंसा, बलात्कार, यौन दुर्व्यवहार तथा मानव बेचबिखनका घटनासमेत हुने गरेका विषयमा यी विचारमा समेटिएका छन्। साइबर अपराध महिलामाथि हुने हिंसाको एक प्रमुख कारक भनि विभिन्न अध्ययन प्रतिवेदनले निकालेका निष्कर्षलाई कतिपय विचारमा सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएका छन्।

यस्तो अवस्थामा इन्टरनेटको सम्भावित जोखिमबाट जोगाउनका लागि आवश्यक सचेतना अभिवृद्धि गर्नु र आवश्यक सूचना तथा प्रविधि उपलब्ध गराउनु इन्टरनेट सेवा प्रदायकको समेत दायित्व भएको लेखकहरूको मत छ। बालबालिकाको हकमा इन्टरनेटमा उपलब्ध सामग्रीमा उमेर अनुसारको सामग्रीमा मात्रै पहुँच दिने विषयमा अभिभावक सचेत बन्नुपर्ने, महिलाको हकमा महिला स्वयं र पुरुषहरू हानिकारक, गलत अभ्यास र परम्परा सोचविरुद्ध सुसूचित भई पैरवीमा लाग्नुपर्ने सुझाव माथिका विचार र त्यसैअनुसारको सन्देश समाचारमार्फत दिन खोजिएको छ।

तथ्य १: चाइल्ड सेफ नेटले सेक्युअल भ्वाइलेन्स रिसर्च इनिसियटिभसँगको सहकार्यमा गरेको 'रोमान्सदेखि जोखिमसम्म : किशोर किशोरी र युवामाथि अनलाइन अन्तरंग सम्बन्ध हिंसा' विषयक अध्ययनले युवायुवतीहरू 'रोमान्स' बाट सिर्जना हुने जोखिममा पर्ने गरेको निष्कर्ष निकालेको छ। अध्ययनले ४०.५% युवाहरू हाल वा विगतमा अनलाइनको माध्यमबाट अन्तरंग सम्बन्धमा भएको देखाएको छ। अन्तरंग सम्बन्धमा रहेका चारमध्ये एक व्यक्तिले आफूमाथि अनलाइन हिंसा भएको अध्ययन प्रतिवेदनमा छ। ११% ले वयस्क र नाबालिगबीचको सम्बन्ध रहेको जनाएका थिए। लामो सम्बन्धको तुलनामा ६ महिनाभन्दा कम समय सम्बन्धमा रहेकाहरू हिंसाको उच्च जोखिममा रहेको र अध्ययनका ४६% सहभागीले अनलाइन र अफलाइन दुवै प्रकारका हिंसाको सामना गरेको बताए। अध्ययनले नेपालका सातै प्रदेशका दश जिल्लाबाट १६ देखि २४ वर्षका चार हजार ५०१ किशोर किशोरी र युवा व्यक्तिहरूबाट जानकारी सङ्कलन गरिएको थियो।[२४]

तथ्य २: अनलाइन हिंसाबाट कोही पनि अछुतो छैनन्। आमजनताको हितका लागि राजनैतिक वकालत गर्ने अगुवा महिला नेतृत्वदेखि न्यायको पैरवी गर्ने मिडिया क्षेत्रका महिला पत्रकार पनि यसबाट हिंसामा पर्ने गरेका छन्। यसको एउटा उदाहरण हो— ओपन नेपाल इनिसिएटिभ (ओएनआई) ले नेपालमा महिला राजनीतिज्ञहरूलाई लक्षित गरी गरेको अध्ययन। अगस्ट–अक्टोबर २०२४ का तीन महिनामा १२ जना प्रमुख महिला राजनीतिज्ञको सोसल मिडिया अकाउन्टको अनुगमनमा आधारित त्यो अध्ययन प्रतिवेदनले बढ्दो अनलाइन हिंसा र यस मुद्दाले लोकतान्त्रिक सहभागितालाई कमजोर बनाउँदै सार्वजनिक बहसमा महिलाको महत्त्वपूर्ण आवाजलाई दबाउने गरेको देखाएको छ। जसमा अगस्टमा जम्मा २४ घटनाहरूमध्ये ६७%, सेप्टेम्बरमा कूल ३५ घटनाहरूमध्ये ७४.३% र अक्टोबरमा कूल ४४ घटनाहरूमध्ये सबभन्दा बढी ७०.५% अपमानजनक तथा घृणास्पद अभिव्यक्तिहरू रहेका छन्। यससँगै भौतिक धम्की र यौनजन्य आक्षेपहरू पनि समावेश छन्। यस्ता अनलाइन हिंसाका घटनाले महिलाको राजनीतिक अडानलाई मात्र नभई लैङ्गिक पहिचानको आधारमा अपमान गर्दै तिनीहरूको विश्वसनीयता घटाउने उद्देश्य राखेको देखिन्छ।[२५]

२४ https://aarthiknews.com/news/99090/attempts-to-risk-violence-from-the--romance/?fbclid

२५ https://www.onlinekhabar.com/2024/12/1586501/online-violence-against-women-in-nepali-politics-is-alarming

यसको अर्को उदाहरण हो— मिडिया एड्भोकेसी ग्रुप (म्याग) ले 'महिला पत्रकारमाथि अनलाइन हिंसाको अवस्था' विषयक अनुसन्धान। १ मे २०२२ देखि ३१ अगस्ट २०२२ सम्म गरिएको अध्ययनमा छापा, विद्युतीय तथा अनलाइन मिडियामा कार्यरत २८१ जना महिला पत्रकारलाई आधार मानेर मानिएको थियो। सहभागी ८८.६% महिला पत्रकारले आफूले जीवनकालमा अनलाइन हिंसा भोगेको बताएका छन्। सहभागीमध्ये ५३% ले आफूले भोगेको अनलाइन हिंसा पत्रकारिता पेसास"ग सम्बन्धित रहेको बताएका छन्। सहभागीमध्ये २१.४% ले अनलाइनबाट सुरु भएको हिंसा पछि गएर धम्की र भौतिक आक्रमणसम्म पुगेको बताएका छन्। अनलाइन हिंसामा परेकामध्ये ४०.२% महिला पत्रकारले पेसामा असर परेको बताएका छन्। अनलाइन हिंसामा परेकामध्ये ३१% ले पारिवारिक जीवनमा असर परेको बताएका छन्। अनलाइन हिंसामा परेकामध्ये ६२.३% ले मानसिक स्वास्थ्यमा असर परेको बताएका छन्। मानसिक असर परेकामध्ये २६.३% ले मनोसामाजिक परामर्शको सेवा लिनुपरेको बताएका छन्।[२६]

२६ https://mag.org.np/wp-content/uploads/2022/12/Online-Violence-and-Harassment-Against-Women-Journalist.pdf

अध्याय ५ (पाँच)

प्राप्त नतिजा, निष्कर्ष र सुझाव

५. अध्ययनको नतिजा विश्लेषण, निष्कर्ष र सिफारिस

यस खण्डमा निष्कर्षहरूको संक्षिप्त सारांश, सरकार र मुख्य सरोकार भएकाहरूलाई सुझाव तथा केही सिफारिस समेटिएका छन्। यो अध्ययनको समयभित्रै नेपालमा 'जेनजी' अन्दोलनका कारण भएको उथलपुथललगायत कारणले खोजेअनुसारका तथ्याङ्क सङ्कलन र बढीभन्दा बढी सरोकार भएकाहरूसँग पुग्न केही चुनौती भयो। यसका साथै तथ्याङ्क लिइएका धेरैजसो कार्यालयले लैङ्गिक आधारमा सोलोडोलोमा अभिलेख राखे पनि त्यसको जातीय पहिचानअनुसार छुट्टाछुट्टै अभिलेख नराख्दा धेरै समय एउटै विषयमा अल्झिनुपर्ने र त्यसलाई एकीकृत गरी अध्ययनको मूल विषयसँग मेल खाने गरी खण्डीकृत गर्दा केही समस्या भयो। तथापि, प्राप्त अभिलेख र तथ्यअनुसार यहाँ नतिजाको निम्नानुसार विश्लेषण गरिएको छः

५.१. अध्ययनको नतिजा विश्लेषण

क) सरकारी कार्यालय र संवैधानिक निकायका विवरण

नेपाल प्रहरी

नेपालमा महिला तथा बालबालिकामाथि हुने हिंसाका घटनामा घरेलु हिंसा सबैभन्दा ठूलो र गम्भीर समस्याका रूपमा देखिएको छ। नेपाल प्रहरीको अभिलेखअनुसार कुल घटनामध्ये ८१.५६% घरेलु हिंसा रहेका छन्, यही समस्याका कारण ४१ ज्ञाले ज्यानसमेत गुमाएका छन्। यसपछि बलात्कार र यौनजन्य हिंसा निकै चुनौतीका रूपमा देखिन्छन्, जहाँ बलात्कारमा परी १०.५३% (२२६२) महिला तथा बालिका पीडित भएका छन्। बलात्कारको प्रयास (४६१), अपहरणपछि बलात्कार (५५), मानवबेचबिखनसँगै बलात्कार (१५), बलात्कार गरी हत्या (४) जस्ता जटिल तथा क्रूरतापूर्ण घटनासमेत त्यत्तिकै चुनौतीका रूपमा दर्ता भएका छन्।

१६ प्रकारका हिंसामध्ये ११ प्रकारका घटना न्यून रहे पनि समग्रमा ती घटनाका कारण २९८ जना प्रभावित भएका छन्, जसले संरचनागत सामाजिक भेदभाव—जस्तै जातीय छुवाछूत (३६), बोक्सी आरोप (३१), दाइजो (१२, यसमा दुईको ज्यान गएको), बालविवाह (३७), ज्येष्ठ नागरिकमाथि दुर्व्यवहार (४१) र विभिन्न नाममा सार्वजनिक स्थलमा दुर्व्यवहार (२३) जस्ता समस्या अझै पनि समाजमा गहिरो गरी जरा गाडेर बसेका देखियो।

प्रदेशगत रूपमा मधेस प्रदेश सबैभन्दा प्रभावित ७५४९ (३५.१६%) छ, जहाँ घरेलु हिंसाको हिस्सा अत्यधिक ६९५० (९२%) छ। यस्तै, गण्डकी प्रदेशमा सबैभन्दा कम ११३२ (५.२७%) घटना दर्ता भएका छन्। अधिकांश प्रदेशमा घरेलु हिंसा नै प्रमुख समस्या बनेको छ, जब कि बलात्कार, बहुविवाह, बाल यौन दुरुपयोगजस्ता घटनाहरू सबै प्रदेशमा व्यापक रूपमा देखिन्छन्।

उपलब्ध तथ्याङ्कले देखाउँछ कि आर्थिक वर्ष २०८१/८२ मा महिलामात्र होइन, बालिका हिंसाबाट धेरै प्रताडित भएका छन्। विशेषतः यौनजन्य हिंसामा बालिका बढी समस्यामा छन्, किनकि समग्र २२६२ बलात्कार घटनामध्ये बालिकामाथिको हिस्सा १४३७ (६३.५२%) महिलाभन्दा दोब्बर बढी छ। यसले नेपालमा बालिका सुरक्षा अत्यन्त कमजोर रहेको गम्भीर संकेत दिन्छ। बलात्कारपछि हत्या गरिएका चारै जना पीडित बालिका हुनु तथ्याङ्कको सबैभन्दा कठोर पक्ष हो। यौनजन्य हिंसासँगै अपहरण, मानव बेचबिखन र बालयौन दुरुपयोगका घटनामा पनि बालिकाहरू अत्यधिक जोखिममा छन्। बहुविवाह, बालविवाह, सार्वजनिक स्थलमा दुर्व्यवहार र अवैध गर्भपतनजस्ता घटनामा महिलाहरू उल्लेख्य रूपमा प्रभावित छन्, जसले लैङ्गिक–आधारित संरचनागत भेदभाव अझै गहिरो रहेको देखाउँछ।

जातिगत आधारमा, महिलामध्ये सबैभन्दा धेरै हिंसा (३५.२७%) मधेशी महिलाले भोगेका छन् र बालिकामध्ये सबैभन्दा धेरै आदिवासी जनजाति समुदायका बालिका (३४.४६%) हिंसामा परेका छन्। घरेलु हिंसा सबै समूहमा प्रमुख समस्या रहे पनि, यौनजन्य हिंसा आदिवासी, दलित र क्षेत्री समुदायका महिलामाथि तथा बालिकामाथि तुलनात्मक रूपमा बढी देखिन्छ। जातीय छुवाछुत, बोक्सीको आरोप र दाइजोसम्बन्धी हिंसा जस्ता परम्परागत भेदभाव पनि अझै विभिन्न रूपले अस्तित्वमा छन्।

संवैधानिक निकाय

राष्ट्रिय मानव अधिकार आयोगमा आर्थिक वर्ष २०८१/८२ र चालु आवको भदौ मसान्तसम्म दर्ता भएका २४७ उजुरीले देखाउँछ कि हिंसा र भेदभावका मुद्दा अझै पनि जातीय र लैङ्गिक रूपमा गहिरो रूपमा फैलिएका छन्। महिलासम्बन्धी उजुरी (२२१) अत्यधिक रहे पनि, बालिकासम्बन्धी

उजुरी (२६) पनि सरोकारवालाको ध्यानाकर्षण गर्ने खालकै छन्। जातीय रूपमा हेर्दा, क्षेत्री र आदिवासी जनजाति महिलाबाट समान रूपमा बढी उजुरी (२८.०५%–२८.०५%) हुनु र बालिकातर्फ ब्राह्मण, दलित र जनजाति समुदायको उच्च उपस्थिति देखिनु, हिंसाको स्वरूप सामाजिक संरचना र पहिचानसँग गहिरो रूपमा जोडिएको संकेत हो।

हिंसाका प्रकारमध्ये घरेलु हिंसा सबैभन्दा बढी (७३) छ, त्यसपछि मानसिक, शारीरिक अत्याचार, धम्की र दुर्व्यवहारजस्ता बहुआयामिक हिंसा (७०) प्रमुख रूपमा देखिन्छन्। यौनजन्य हिंसामा २६, सामाजिक–आर्थिक र शिक्षा/स्वास्थ्यमा आधारित हिंसा ३२, तथा हत्या, आत्महत्या दुरुत्साहन, जातीय विभेद र नागरिकतासम्बन्धी अवरोधजस्ता गम्भीर मुद्दाहरू पनि उल्लेख्य सङ्ख्यामा दर्ता छन्।

यसैगरी **राष्ट्रिय महिला आयोगमा** दर्ता गरिएका १२०२ उजुरीमध्ये ३९८ उजुरी आफ्नो क्षेत्राधिकारभित्र पर्दा, ३६५ उजुरी मेलमिलापमार्फत समाधान भएको देखिन्छ, जुन संस्थागत मध्यस्थता प्रभावकारी भएको सूचक हो। उजुरी दोहोरिने मुख्य कारणहरू—विवाहेत्तर सम्बन्ध, वैदेशिक रोजगारका कारण सम्पर्क विच्छेद, नागरिकता तथा दर्ता नपाउने समस्या, आर्थिक बेवास्ता र सम्बन्ध विच्छेद/मानाचामलका विवाद—संरचनागत सामाजिक चुनौतीका मुख्य रूप हुन्।

आयोगमा आएका उजुरीको जातीय विश्लेषण गर्दा जनजाति महिलामाथिको हिंसा सबैभन्दा बढी (४१.८२%) रहेकाले, सामाजिक स्थिति, आर्थिक अवस्था र पहाड/पहाडी भूगोलमा रहने समुदायहरू बढी जोखिममा रहेको देखिन्छ। गैरदलित (ब्राह्मण–क्षेत्री) महिलासँग सम्बन्धित उजुरी (४०.९४%) पनि उच्च रहेकाले हिंसा व्यापक रूपमा सबै समुदायमा विद्यमान छ।

राष्ट्रिय दलित आयोगका दस्ताबेजअनुसार आर्थिक वर्ष २०८१/८२ मा दलित समुदायसँग सम्बन्धित ६४ वटा उजुरी दर्ता भएका छन्, जसमा प्रायः सबै घटनामा महिला र बालिका प्रत्यक्ष वा परोक्ष रूपमा पीडित भएका देखिन्छन्। उजुरीका प्रकार हेर्दा जातीय छुवाछुत, गालीगलौज र कुटपिटका घटना (३६) सबैभन्दा धेरै छन्। त्यसपछि अन्तरजातीय प्रेम/विवाहपछि हिंसा (९), हत्या/मृत्यु (७) तथा अन्य मिलाएर ९ घटना रहेका छन्। यी घटनाले मुख्यतया दलितको संवैधानिक र कानुनी हक कार्यान्वयनमै गम्भीर चुनौती रहेको, जातीय पहिचानका आधारमा गालीगलौज, धम्की, कुटपिट र सामाजिक बहिष्कार अझै सामान्यजस्तै, अन्तरजातीय सम्बन्धमा धोका, अस्वीकार, विवाहमा नपुग्ने, जन्मदर्ता–नागरिकता नदिने समस्या विद्यमान छन्। न्यायका लागि जाँदा प्रहरीबाट सहयोग नपाउने, उजुरी दर्ता नगर्ने प्रवृत्ति अझै कायम छ। केही मामिलामा सामाजिक सञ्जालमार्फत दुर्व्यवहार र हिंसा पनि बढ्दो छ। यसले दलित समुदायविरुद्ध हुने हिंसा

संरचनागत रूपमा जरा गाडेर बसेको, राज्य संयन्त्रबाट पर्याप्त सुरक्षा, न्याय र प्रत्याभूति नपाइने स्थिति यथावत् रहेको देखिन्छ।

सरकारी कार्यालय र संवैधानिक निकायका विवरणबाट समग्रमा के निष्कर्ष देखिन्छ भने नेपालको लैङ्गिक तथा सामाजिक संरचना अझै गम्भीर रूपले असमान रहेको, बालिकाको सुरक्षा अवस्था कमजोर भएको र जात व्यवस्थामा आधारित जोखिम र हिंसाको सम्भावना फरक–फरक रूपमा प्रबल रहेको स्पष्ट देखाउँछ। प्रदेशगत मात्र होइन, जाति र उमेरगत रूपमा पनि हिंसाको स्वरूप अत्यन्त असमान तर गहिरो रूपमा जरा गाडेको स्थिति देखिन्छ। बृहत्त रूपमा राखिएको नेपाल प्रहरीको घटना अभिलेखलाई हेर्दा, हिंसाको स्वरूप घर–परिवारमै केन्द्रित, समाजमा जरा गाडेका लैङ्गिक असमानता, सामाजिक कुसंस्कार र कानुन कार्यान्वयनका कमजोरीहरू हिंसा न्यूनीकरणका लागि प्रमुख चुनौतीका रूपमा देखापरेका छन्। प्रदेशगत फरकले सामाजिक संरचना, जनघनत्व, चेतनास्तर र सेवा–सुविधाको उपलब्धताले हिंसाको दरमा ठूलो प्रभाव पार्ने गरेको सहज अनुमान गर्न सकिन्छ।

ख) गैरसरकारी संघसंस्थाका विवरण

फेडो, ओरेक र इन्सेकका तथ्याङ्कले दलित महिला तथा बालिकाविरुद्ध हुने हिंसा राष्ट्रव्यापी रूपमै गम्भीर र संरचनागत रहेको स्पष्ट देखाउँछन्। गैरसरकारी संस्थाको अभिलेखमा पनि घरेलु हिंसा सबैभन्दा बढी दर्ता भएको हिंसाको प्रकार हो, जसले महिला तथा बालिकाको जीवनमा दैनन्दिन सुरक्षाको अवस्था अत्यन्त कमजोर छ भन्ने देखाउँछ।

फेडोका अभिलेखमा रहेका ४३९ घटनामा पनि दलित महिला तथा बालिकामाथि हुने हिंसामा घरेलु हिंसा अत्यधिक हावी (२१२ घटना) रहेको देखिन्छ। त्यसपछि बालविवाह (६५), जातीय विभेद (५१), बहुविवाह (२४) र यौनजन्य हिंसा (२० बलात्कार, २ हत्या) जस्ता समस्याहरू उल्लेखनीय छन्। प्रदेशगत रूपमा सुदूरपश्चिम (१६९ घटना) सबैभन्दा प्रभावित छ, जबकि बागमतीमा केवल ४ घटना रिपोर्ट भएका छन्, जसले रिपोर्टिङ क्षमतामा प्रदेशगत असमानतासमेत देखाउँछ।

इन्सेकका ५८८६ घटना अभिलेखले राष्ट्रिय स्तरमा हिंसा बहुआयामिक र उग्र रहेको देखाउँछ। समग्रमा महिला/बालिकासँग जोडिएका घटनामध्ये दलित महिला तथा बालिका १०३४ (१७.६७%) छन्, यो उच्च अनुपात हो। इन्सेकमा जातीय भेदभावका ४४ घटना पनि दर्ता छन्, जसमा दलित महिला १३ र पुरुष २१ छन्। यसको मुख्य प्रकृतिमा सार्वजनिक स्थल प्रवेशमा रोक, प्रत्यक्ष छुवाछुत र जागिरबाट हटाइनेजस्ता समस्या छन्।

यस्तै, ओरेकको अभिलेखबाट पनि के थाहा हुन्छ भने महिलामाथिको हिंसामा घरभित्रै हुने हिंसा नै प्रमुख स्रोत रहेको छ। हिंसा जातीय र सामाजिक बहिष्करणसँग प्रत्यक्ष सम्बन्धित देखिन्छ, किनकि दलित (२३.११%), जनजाति (३०.३७%) र मधेशी महिला (१६%) को जोखिम दर बढी देखियो। यस्तै, ब्राह्मण/क्षेत्री समुदायका महिला (२३.६२%) पनि उत्तिकै सङ्ख्यामा जोखिममा रहेकाले लैङ्गिक आधारमा हुने हिंसा समाजमा जुनसुकै समुदायमा पनि उत्तिकै रहेको देखिन्छ।

एक्सेस प्लानेट संस्थाको अध्ययनले अपाङ्गता भएका महिलामध्ये बहुसङ्ख्यकले जीवनमा कुनै न कुनै रुपका हिंसा भोग्ने गरेका तर न्यायका लागि नजाने गरेको तथ्य उजागर गरेको छ। उनीहरुमध्ये धेरैले न्यायिक पहुँचका लागि कर्मचारीको व्यवहार सुध्रिनु पर्ने र अपाङ्गता भएका महिलाका मुद्दा प्राथमिकता पर्नुपर्ने मत राखेका छन्।

ग) प्रविधिमा आधारित हिंसा र बालश्रम

समग्र तथ्याङ्कले देखाउँछ कि प्रविधिमा आधारित हिंसा र बालश्रमसम्बन्धी समस्या द्रूतगतिमा बढ्दै गइरहेका छन् र यस समस्याले महिला तथा बालबालिकालाई प्रत्यक्ष रूपमा प्रभावित गर्दैछ। राष्ट्रिय बालअधिकार परिषद्को अभिलेखमा ७५८४ घटनामध्ये जातीय आधारमा सबैभन्दा बढी ३०.४८ प्रतिशत दलित बालबालिका (२३१२) प्रभावित हुनु, कूल घटनामध्ये १७ वर्षसम्मका ६७७४ अर्थात् ८९.३१ प्रतिशत बालबालिका हुनु र समग्रमा ३७७५ अर्थात् ४९.८ प्रतिशत बालिका समस्यामा परेको देखिनु चिन्ताको विषय छ। यस्तै, बालविवाह, यौनहिंसा, बेवास्ता, हराउने, बालश्रम, अभिभावकविहीनता जस्ता मुद्दाहरू उच्च प्राथमिक सुरक्षा सरोकारका रूपमा निरन्तर देखिनु, बालबालिकाको संरक्षण व्यवस्था अझै कमजोर र पहुँच–अधारित असमानता गहिरो रहेको संकेत गर्छ।

साइबर ब्यूरोका १८९२६ उजुरीले प्रविधि–आधारित हिंसा सामाजिक रूपले व्यापक फैलिँदो र विविध स्वरूप लिँदै गएको प्रष्ट देखाउँछ। सबैभन्दा बढी हिंसा फेसबुक (५१.९५), टिकटक (६.३५) र ह्वाट्सएप (१२.१७५) मार्फत हुने, व्यक्तिको तस्बिर–मुहार जोडेर अश्लील सामग्री बनाउने, चरित्र हत्या, आर्थिक ठगी, नक्कली प्रोफाइलमार्फत अपमान गर्ने, अनधिकृत पहुँच र ह्याकिङजस्ता अपराध तीव्र रूपमा बढेका छन्। प्रदेशगत रूपमा डिजिटल पहुँच धेरै भएका ठाउँमा उजुरी बढी दर्ता हुनु, समस्या मात्र नभई रिपोर्टिङ क्षमताको भिन्नता पनि देखाउँछ।

महिला र बालिकाहरू प्रविधि–आधारित हिंसामा बढी जोखिम (४४.०७७५) मा छन्। यसमा १८ वर्षमुनिका बालिकाको सङ्ख्या ७७२ छ। जातीय आधारमा साइबर हिंसाको अभिलेख नहुँदा दलित वा अन्य समुदायको अवस्थालाई सटीक रूपमा विश्लेषण गर्न अझै चुनौती रहेको देखिन्छ।

यी सबै विवरणले भौतिक हिंसाजस्तै अनलाइन हिंसा पनि महिला र बालबालिकाको लागि मुख्य सुरक्षा जोखिमको नयाँ आयाम बनेको छ। प्रविधिको पहुँच बढेसँगै डिजिटल दुरुपयोग र प्रताडना बढ्दै गइरहेको छ भने राज्य–स्तरमा अभिलेख, जनशक्ति र स्रोतसाधन अभावका कारण जोखिमको सही पहिचान तथा वर्गीकरण अझै कमजोर छ।

नेपाल बालमजदूर सरोकार केन्द्रको बाल हेल्पलाइनमा एक वर्षभित्र ८७३ उजुरी दर्ता हुँदा बागमती प्रदेशमा सबैभन्दा धेरै (४३५) र कर्णालीमा सबैभन्दा कम उजुरी दर्ता भए। उजुरीमध्ये ५१० बालिका र ३५६ बालक रहे, जसले बालिकामाथि हुने हिंसा र जोखिम बढी रहेको संकेत गर्छ। त्यसमा १२.८% दलित बालबालिका छन्। बालिकामा १२.१५% र बालकमा १३.४८% दलित छन्। यसले जातीय रूपमा दलित बालबालिका अझै उच्च जोखिममा रहेको प्रस्ट पार्छ।

सिविसले गरेको अध्ययनले ८१.६% ले घर वा विद्यालयमा यौन हिंसा/दुर्व्यवहार भोगेको र त्यसमा जातीय रूपमा बाहुन/क्षेत्री (८४.४%), जनजाति (८२.५%), सीमान्तकृत (८०.३%) र दलित (८०.११%) मा यस्तो भोगाइ उच्च देखियो। यस्ता घटनामध्ये ४४.८% ले कसैलाई उजुरी नगरेको र उजुरी नपर्नुको प्रमुख कारण डर, कसैप्रति भरोसा नभएको भावना, तथा "केही हुँदैन" भन्ने धारणा रहेको देखिएको र प्रहरीसमक्ष पुगेका उजुरीमध्ये पनि धेरैमा कारबाही नभएकोले हाम्रो प्रणालीमाथि नै अविस्वास रहेको देखाउँछ। लैङ्गिक, जातीय तथा अपाङ्गता–आधारित भेदभावको कुरा गर्दा लैङ्गिक भेदभाव विद्यालयभन्दा घर/समुदायमा बढी थियो, जसमा अभिभावक नै प्रमुख कारक (६६.७%) देखिए। जातीय भेदभाव ४८.६% उत्तरदाताले अनुभव गरेका थिए, सबैभन्दा बढी (९४.६%) दलितहरूले। अपाङ्गता भएका ८८% बालबालिकाले भेदभाव भोगे। यसले संरचनागत असमानता अझै बलियो रूपमा रहेको देखाउँछ।

संक्षेपमा उजुरी, सर्वेक्षण र बालबालिकाका अनुभवले देखाउँछ कि बालिका, दलित, सीमान्तकृत, तथा अपाङ्गता भएका बालबालिका बहुआयामिक जोखिममा छन्। यौन हिंसा, भेदभाव, बालविवाह, घरमा आधारित हिंसा र उजुरी नपर्ने संस्कृतिले उनीहरूको सुरक्षा कमजोर बनाइरहेको छ। विद्यालय संस्थागत सहयोगी देखिए पनि प्रहरीगत र सामुदायिक समर्थन कमजोर रहनु र भेदभावलाई सामान्य रूपमा लिनु प्रमुख चुनौतीको रूपमा रहेका छन्।

घ) मिडिया विषयवस्तुको विवरण

महिला तथा बालिकामाथि हुने हिंसाको अवस्था चिन्ताजनक रहे पनि आवाजविहीनको आवाज भनेर चिनिने आमसञ्चार माध्यममा त्यस्ता विषयको उठान पनि सन्तोषजन छैन। गुगल सर्चबाट भेटिएका ४६ सामग्री (३० समाचार, १६ विचार) ले जातीय विभेदका नयाँ स्वरुप — डेरा/कोठा

नपाइने, कोटामा हुने विवाद, र अनलाइनबाट हुने हिंसाबारे मिडियाको ध्यान त गएको छ, तर गहिराइमा पुगेर पीडितको अवस्था उजागर गर्ने र न्यायका लागि सशक्त पैरवी गर्ने सामग्री धेरै छैनन्। धेरै सामग्री घटनाको औपचारिक सूचनामा सीमित छन्, समस्या समाधान, न्याय वा पीडितको मनोदशाबारे समाचार कम छन्।

पहिले आमसञ्चार माध्यममा धारा छोएकामा विभेद, कुटपीट, मन्दिरमा रोक जस्ता प्रत्यक्ष छुवाछूतका समाचार बढी देखिन्थे। पछिल्लो समय विभेद अप्रत्यक्ष, सहर–केन्द्रित र कोठा/डेरा नदिने स्वरुपमा बदलिएको देखिन्छ। पहिले ग्रामीण क्षेत्रका समाचार आउँथे, अचेल सहरकेन्द्रीत विभेदका घटना आइरहेका छन्। कानुनी प्रतिवाद अत्यन्त कम र न्याय/कारबाही दर झन् कमजोर बन्दै गएको विषयमा समाचारमा छन्। २०७१/७२–२०७७/७८ बीच ३४९ मुद्दामध्ये १०२ मा सफाइ र ८२ मा मात्र दोषी ठहर भएको विवरणले सफाइ पाउने दर बढिरहेको। धेरै व्यक्तिले सामाजिक दबाब, करिअर/पढाइ बर्बाद हुने डर र न्याय मिल्दैन भन्ने मनोदशाले उजुरी नै गर्दैनन् भन्ने कुरा समाचारमा उजागर गरिएका छन्।

यस्तै, कोटा वा आरक्षणको सवाल र कोठालाई अन्योन्याश्रित रुपमा चित्रण गर्ने प्रवृत्ति बढिरहेको छ। सामाजिक सञ्जाल होस्, या अन्य फोरममा घटना जे–जसो भए पनि दलितलाई 'कोटा–कोटा' भनेर होच्याउने प्रवृत्ति बढ्दो छ। छुवाछूत भयो भने पनि 'कोटा छोड', न्याय माग्दा पनि 'कोटा छोड' अर्थात् 'तिमीले कोटा पाएनौं, हामीले कोटा पाएनौ बराबर त भयो नि!' भनेर प्रतिकार गर्ने प्रवृत्ति डरलाग्दो छ। यस्ता कथनमार्फत विभेदलाई सामान्य र पीडितलाई अपराधी बनाइने प्रवृत्तिले सामाचार र विचारमा स्थान पाएका छन्।

सरकारका निकाय र सञ्चारमाध्यममा बेलाबखत आउने समाचार र विचारले आरक्षणका बारेमा फैलाइने धारणा झुटो छन् भन्ने देखाउँछन् किनकि दलितको निजामती सेवामा उपस्थिति ०.१३% बाट १.७६%, सरकारी सेवामा प्रवेश गर्ने जातिको दायरा ११ बाट ६७ पुग्नुले आरक्षणले विविधता बिस्तार गरिरहेको सशक्त प्रमाण प्रस्तुत गर्छ। आरक्षण लिने ६ समूह भए पनि तर सामाजिक गाली बढी दलितले मात्रै सहनुपरेको कुरा समाचारमा छन्। यसमा समावेशी समूह बाहिरकाले आरक्षण 'वर्गीय बनाऊ' भन्ने माग गरेका, यसमा कतिपय पदाधिकारी वा विज्ञले आरक्षणलाई जातीयभन्दा वर्गीय बनाउने सुझाव दिएका विषय छन्, तर पक्षधरहरुले लक्षित समुदायमै आरक्षण पुगेको छ, तर सरकारी सेवा पढेलेखेकै मानिसले उपयोग गरिरहेको भन्दै यो 'गरिबी निवारणको कार्यक्रम होइन' भनेर प्रतिरक्षा गरेका छन्। विचार लेख्नेहरूले आरक्षण सुधार होस्, अपमान बन्दहोस्, आरक्षण आवश्यक छ, तर अझ वैज्ञानिक, लक्षित र प्रभावकारी बनाउनुपर्छ भनेर जोड दिएका छन्।

अनलाइन (प्रविधि) मार्फत हुने हिंसासम्बन्धी ११ समाचार र ५ विचार गरी १६ सामग्री छन्। अधिकांश समाचार नेपाल प्रहरी साइबर ब्यूरोका तथ्याङ्क र केही संस्थागत अध्ययनमा आधारित छन्। अनलाइन हिंसाका प्रमुख प्रवृत्तिहरूमा नजिकका साथी वा परिचितबाट हुने हिंसा बढी, घरेलु हिंसामा परिवारकै सदस्य दोषी हुने तथ्य झैं, अनलाइन हिंसा पनि नजिकका साथी वा चिनजान भएकाकै तर्फबाट हुने समाचारमा उल्लेख छन्। हिजोआज प्रविधिको प्रयोगमार्फत सम्बन्ध स्थापना गर्ने प्रवृत्ति बढेको छ, तर डेटिङ एप चलाउने ५ मध्ये १ जना अनलाइन हिंसामा पर्ने तथ्य समाचारमा उजागर गरिएको छ। यस्तै, प्रतिष्ठित व्यक्तिमाथि लैङ्गिक पहिचान आधारमा आक्रमण हुने क्रम बढ्दो छ। समाचारमा १९ वर्षमुनिका युवाहरू सबैभन्दा बढी साइबर हिंसा जोखिम समूह परेका, अनलाइन हिंसाले मानसिक स्वास्थ्य, सामाजिक प्रतिष्ठा, व्यक्तिगत सुरक्षामा गम्भीर प्रभाव पारिरहेको निष्कर्ष निकालिएको पाइएको छ भने ५ विचारहरूमा लगभग सबै लेखकले संरचनात्मक भेदभाव 'डिजिटल स्पेस'मा सर्दै गरेको र लैङ्गिक, जातीय, समुदाय आधारित विभेद अनलाइनमा झन् व्यापक बन्न थालेको, सामाजिक सञ्जाल हत्या–हिंसा–दुर्व्यवहारको माध्यम बन्दै गएको, महिलामाथि हुने हिंसामा साइबर अपराध प्रमुख कारक बन्न थालेको कयौं अध्ययन प्रतिवेदनले निकालेका निष्कर्षबारे विमर्श गरिएको छ।

समग्रमा कोठा/डेराका नाममा हुने विभेदबारे १४ समाचारमध्ये अधिकांश दलित पत्रकारले लेखेका छन्, जबकि विचार लेख्नेहरू धेरैजसो गैरदलित छन्। आरक्षणको विषयमा १० मध्ये ५ समाचार र ५ विचार भए पनि, समाचार लेख्नेहरू मध्ये अधिकांश दलित पत्रकार छन्। अनलाइन हिंसाका बारेमा भने अन्य समुदायका पत्रकारको पनि उत्तिकै सरोकार छ। यसले मिडियामा दलित मुद्दा उठाउन दलित पत्रकारको उपस्थिति महत्त्वपूर्ण रहेको र यो जिम्मेवारी उठाउने दलित पत्रकारको पनि सशक्तीकरणको आवश्यकतालाई पनि देखाउछ। यसकारण मिडियामा समावेशी विषयवस्तुको उठानका लागि समाचार कक्षमा समानुपातिक प्रतिनिधित्व (Inclusive News Room), खोजमूलक समाचार सामग्रीमा लगानी र विषयवस्तुमा विविधता (Content Diversity) को खाँचो देखिएको छ।

५.२ अध्ययनको निष्कर्ष

माथि उल्लेखित सबै निकायका दस्ताबेज समीक्षा, मिडिया विषयवस्तुको विश्लेषण तथा विज्ञ सरोकारवालासँगको परामर्शले लैङ्गिकि तथा जातीय आधारमा हुने हिंसा न्यूनीकरणका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा थुप्रै प्रतिबद्धता र प्रयास गरे पनि त्यसको परिणाम भने सन्तोषजनक पाइएन। समाज शिक्षित, सचेत बन्दै गएको, जातीय र लैङ्गिक आधारमा समानता, सशक्तीकरण, स्वतन्त्रता र सम्मानमा धेरै परिवर्तन आएको दाबी गरिए पनि

आशातित उपलब्धि हासिल भएको देखिँदैन। घरेलु हिंसा सबैभन्दा व्यापक र पुनरावृत्तिगत समस्याः सबैजसो निकायका दस्ताबेज विश्लेषण गर्दा घरपरिवार नै हिंसाको मुख्यस्रोतका रुपमा देखिन्छ। यौनजन्य हिंसा र बालिकामाथि लक्षित आक्रमणको उच्च जोखिम छ। जातीय विभेद संरचनागत रूपमा बालविवाह, बहुविवाह र दाइजो—परम्परागत सामाजिक हिंसा कायमै छ। प्रदेशगत तथ्यले असमानताको खाडल रहेको र राज्य सेवामा पहुँच नहुँदा समस्या झनै गहिरो बनिरहेको देखिन्छ। दलित महिला तथा बालिकाविरुद्धको हिंसा बहुआयामिक र संरचनागत सबै तथ्यलाई एकीकृत विश्लेषण गर्दा निम्न नतिजा देखिन्छः

- सरकारी निकायका दस्ताबेजमध्ये प्रहरीको विवरणमा महिलामध्ये दलित महिलाको हिस्सा कुल हिंसाका घटनाको ११.९३ प्रतिशत, बालिकाको १८.८० प्रतिशत, मानव अधिकार आयोगका अभिलेखमा दलिततर्फ १४.०२ महिला र २६.९२ बालिका रहेका छन्। यस्तै, राष्ट्रिय महिला आयोगमा ११.३४ प्रतिशत घटना दलित महिलासँग सम्बन्धित छन् भने **राष्ट्रिय दलित आयोग**का ६४ वटा उजुरीमा महिला र बालिका कुनै न कुनै रुपमा जोडिएका छन्। राष्ट्रिय बालअधिकार परिषद्को अभिलेखमा ७५८४ घटनामध्ये जातीय आधारमा सबैभन्दा बढी ३०.४८ प्रतिशत दलित बालबालिका प्रभावित छन्। नेपाल प्रहरीको साइबर ब्यूरोको अनलाइन हिंसासम्बन्धी उजुरीको जातीय विश्लेषण गरिएको छैन, तर प्रवृत्तिगत आधारमा 'डिजिटल डिभाइडका कारण साक्षरता कम भएकाहरू हिंसामा परिरहेको कुराले दलित महिला तथा बालिका जोखिममा रहेको अनुमान गर्न सकिन्छ, यद्यपि यो अध्ययनकै विषय हो।
- गैरसरकारी संस्थाका अभिलेखमा फेडोमा ४३९ घटना, इन्सेकका कूल ५८८६ उजुरी विवरणमा १७.६७ %, ओरेकको अभिलेखमा २३.११%, सिविन, नेपालको अभिलेखमा हिंसामा पर्ने दलित बालबालिकाको सङ्ख्या १२.८०%, सिविसको अध्ययनमा बालविवाहका कारण पढाई छोड्नेमा दलित समुदायका १७.५७%, यौन हिंसा र दुर्व्यवहार भोग्नेमा अध्ययनमा समेटिएका दलितमध्ये ८०.११%, उत्तरदातामध्ये ४८.६% ले कुनै न कुनै स्थानमा जातयि भेदभाव भोग्नुपरेको र त्यसमा दलित ९४.६२% रहेको पाइयो।
- एक्सेस प्लानेट संस्थाले अपाङ्गता भएका महिलासम्बन्धी अध्ययनमा (दलित २०%) अपाङ्गता भएका ७९% महिलाले जीवनमा कुनै न कुनै हिंसा भोगेको, तीमध्ये ६४% ले हिंसाविरुद्ध न्याय नखोजेको बताएका छन्। यसले न्याय प्रणालीमा अझै पनि ठूलो दूरी छ भन्ने देखाउँछ। त्यसैले न्यायका अवरोध पहिचान गरी न्यायिक पहुँचका लागि प्रयत्न गर्नुपर्ने देखिन्छ।

- जातीय छुवाछूतका घटनामा नेपाल प्रहरीमा ३६, मानव अधिकार आयोगमा ९, इन्सेकमा ४४ रहेको देखिनुले सरकारी निकायको संस्थागत उपस्थिति कमजोर रहेको वा ती निकायप्रति भरोसा नहुँदा धेरैजसो न्यायका लागि नगएको जस्ता समस्या देखाउँछ।
- दलित महिला तथा बालिका बहु–आयामिक हिंसाका केन्द्रमा छन्। घरभित्र, समुदायमा, विद्यालय/कार्य क्षेत्रमा, डिजिटल स्पेसमा र राज्य निकायसँगको अन्तक्रियामा समेत हिंसा छ।
- हिंसाको स्वरूप शारीरिक, मनोवैज्ञानिक, सांस्कृतिक, आर्थिक, संरचनागत सबै तहमा फैलिएको छ। जातीय पहिचान र लैंगिक पहिचान एकआपसमा जोडिँदा दोहोरो तेहेरो उत्पीडन उत्पन्न हुन्छ।
- न्याय, सेवाप्रवाह र राज्य संरचनाबाट पाउने संरक्षण कमजोर हुँदा दण्डहीनता बलियो छ, जसले हिंसाको पुनरावृत्ति भइरहेको छ।
- प्रदेशगत असमानता, सामाजिक चेतना, राज्यको पहुँच, गरिबी र स्थानीय संरचनाले हिंसाको तिव्रता फरक–फरक देखिएको छ।
- विषयवस्तुको उठानपछि त्यसको उपचार कसरी भयो वा भएन भन्ने सवाल उठान गरेको पाइएन। बदलिँदो विश्वमा 'Media is not only mirror of society but idea shaper too' भनिए पनि उल्लेखित सवालमा सकारात्मक धारणा निर्माण गर्ने विषयवस्तुमा त्यति धेरै ध्यान दिएको पाइएन।
- अन्ततः दलित महिला तथा बालिकाको सुरक्षा, न्यायमा पहुँच र मानवअधिकार सुनिश्चितताका लागि संरचनागत सुधार, लैंगिक–जातीय न्यायका नीतिगत हस्तक्षेप, दण्डहीनताको अन्त्य र समुदाय–राज्य सहकार्य आवश्यक रहेको स्पष्ट सन्देश देखिन्छ।

उल्लेखित विवरणबाट के थाहा हुन्छ भने नेपाली महिला र बालिकाहरू घरभित्र र घरबाहिर दुवै स्थानमा सुरक्षित छैनन्। बलात्कार, बलात्कार प्रयास र हत्या जस्ता जघन्य अपराध बढ्दै गएकाले सुरक्षाको अवस्था झन् गम्भीर बनेको छ। यसमा पनि दलित महिला तथा बालिकाको अवस्था झनै जोखिमपूर्ण छ, जसले जातीय, लैङ्गिक, आर्थिक, सामाजिक–सांस्कृतिक गरी बहुपक्षीय उत्पीडन सहनुपरेको छ। त्योभन्दा ठूलो समस्या घटना भए पनि न्यायिक तथा सुरक्षा निकायसम्म पुग्ने मार्ग नै अवरुद्ध हुने गरेको छ—डर, त्रास, सामाजिक दबाब, पहुँच अभाव, भेदभाव र अतिरिक्त जोखिमका कारण। महिला, विशेषगरी दलित महिला तथा बालिकाले हिंसा भोग्दा प्रतिकार वा न्याय खोज्ने क्रममा पनि थप हिंसाको जोखिम व्यहोर्नु परिरहेको छ, जसले संरचनागत असुरक्षा र दण्डहीनता अझ प्रष्ट देखाएको छ।

अध्ययनबाट देखिएका मुख्य समस्या

- धेरैजसो संस्थाले जातीय, लैङ्गिक, अपाङ्गता र सामाजिक विविधताअनुसार छुट्टै अभिलेख राखेका छैनन्। त्यसैले तथ्याङ्कमा विविधता नहुँदा वास्तविकता थप प्रस्ट हुनसकेको छैन।
- नेपाल प्रहरीले मात्र अरुभन्दा व्यवस्थित र विस्तृत अभिलेख राखेको देखियो, तर हिंसाका अन्य घटनाको विवरण व्यवस्थित भए पनि प्रविधिमार्फत (अनलाइन) हुने हिंसाको विवरण जातीय पहिचानअनुसार राखेको पाइएन।
- मिडियामा हिंसासम्बन्धी अध्ययन र अभिलेखको अभाव पाइयो। महिला तथा बालिकामाथिका हिंसाका घटनामा मिडियाले गहिरो अनुसन्धान वा तथ्यमा आधारित अभिलेख राख्ने चलन विगत वर्षभन्दा फरक छैन। धेरै सामग्री तथ्य र तथ्याङ्कका आधारमा भन्दा रिपोर्टरको तजबिजका आधारमा बन्ने गरेको देखियो।
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका हिंसालाई छुट्टै श्रेणीमा दस्ताबेजीकरण गरेको पाइएन। 'अन्य' भनेर पन्छाइएका कारण उनीहरूको वास्तविक अवस्था बुझ्न सकिएन।
- बालश्रमका विषयमा पनि व्यवस्थित तथ्याङ्क पाइएन, पाइएका तथ्याङ्क पनि केही संस्थाले परियोजनामा आधारित काम र कार्यक्षेत्रमा सीमित हुन पुगेकाले समग्र अवस्था विश्लेषण गर्ने अवस्था बनेन।
- विगतको सुझावअनुसार अपाङ्गता भएका महिला तथा बालिकाको अवस्था विश्लेषणका लागि विभिन्न निकायसँग समन्वय भए पनि त्यसको व्यवस्थित अभिलेख पाइएन। सरकारका निकायसँग अभिलेख नभएको र पहल गरिएका गैरसरकारी संस्थाबाट दस्ताबेज उपलब्ध नभएका कारण यो विषयलाई अध्ययनमा समेट्न सकिएन।

५.३ सुझाव तथा सिफारिसहरू

दस्ताबेज समीक्षा तथा मिडियाका विषयवस्तुको विश्लेषणबाट प्राप्त तथ्य र सरोकारवाला निकायका प्रतिनिधिहरूसँगको कुराकानीका आधारमा निम्न सुझाव र सिफारिस प्रस्तुत गरिएका छन्:

१. अभिलेखीकरण र तथ्याङ्क व्यवस्थापन सुधार

- सबै सरकारी/गैरसरकारी निकायले जातीय, लैङ्गिक, अपाङ्गताको अवस्था, भौगोलिक तथा पहिचानमा आधारित एकीकृत अभिलेख प्रणाली संस्थागत गर्ने।
- जातीय विभेद र हिंसाको बदलिँदो स्वरूप विश्लेषण गरी प्रतिवेदनमा समेट्ने र त्यसको कार्यान्वयनको स्पष्ट नीति बनाउने।

२. न्यायमा पहुँच र सुधार

- दलित महिला/बालिकाले भोग्ने दोहोरो–तेहेरो हिंसा सम्बोधनका लागि विशेष कानुनी सहायता, सुरक्षित सेवा केन्द्र र 'फास्ट–ट्«याक' मा सेवा प्रवाहको संस्थागत प्रणाली बिस्तार गर्ने।
- गोप्य उजुरी प्रणाली र पीडितमैत्री न्याय संयन्त्र बलियो बनाउने।
- पीडितको सुरक्षा सुनिश्चित गर्ने।

३. डिजिटल तथा अनलाइन हिंसा रोकथाम

- साइबर ब्यूरोमा महिला/बालिका–मैत्री युनिट विस्तार गर्ने।
- डेटिङ एप, सामाजिक सञ्जालमा सुरक्षा मानक, रिपोर्टिङ टुल र प्रतिक्रिया समय अनिवार्य गर्ने।
- अनलाइन 'ब्ल्याकमेल, फेक अकाउन्ट, धम्की, हेट–स्पीच' विरुद्ध कडा कारबाही सुनिश्चित गर्ने।
- उमेरअनुसार सामग्री फिल्टर गर्ने, अभिभावक निगरानी र सचेतना सामग्री उपलब्ध गराउने दायित्व स्पष्ट तोक्ने।
- साइबर सुरक्षा सुदृढीकरण र प्रहरीमा प्राविधिक दक्षता बढाउने।

४. मिडिया तथा पत्रकारिताको भूमिका सबल बनाउने

- हिंसासम्बन्धी विषयमा तथ्यमा आधारित विषयवस्तुको उजागर र पीडितमैत्री मिडिया वातावरण निर्माण गर्न आचारसंहिता अनिर्वाय गर्ने।
- मिडिया हाउसले विषयगत अभिलेख राख्ने र हानिकारक सामग्री रोक्न स्वनियमन तथा नियमन प्रणाली बलियो बनाउने।
- हिंसाका घटनाको 'मिडिया कभरेज' विश्लेषण गरी समानुपातिक रूपमा विषयवस्तुलाई प्राथमिकतामा राख्ने नीति विकास गर्ने।
- विषयवस्तुमा विविधता (Content Diversity) र समाचार कक्षमा समानुपातिक प्रतिनिधित्व (Inclusive News Room) लाई प्रोत्साहन गर्ने।
- प्रेस काउन्सिल वा सम्बन्धित निकायले अभिलेख प्रणाली तयार गरी हिंसाका घटनाको 'मिडिया कभरेज'को प्रवृत्तिगत विश्लेषण गरी सामावेशी मिडियालाई प्रोत्साहन गर्ने।

५. संरचनागत तथा प्रणालीगत भेदभाव अन्त्यका लागि उपाय

- दलित महिला/बालिका, अपाङ्गता भएका तथा अल्पसङ्ख्यकलाई लक्षित दीर्घकालीन संरचनागत सुधार योजना बनाउने।
- अन्तरजातीय प्रेम/विवाहका कारण हुने हिंसा रोक्न मध्यस्थता, सुरक्षित आवास र परामर्श उपलब्ध गराउने।
- बालश्रम अन्त्य, सुरक्षित कार्यस्थल, सीप तथा रोजगारीका लागि नीति हस्तक्षेप गर्ने।

६. बालबालिकाका लागि सुरक्षित डिजिटल वातावरण

- विद्यालय, अभिभावक र स्थानीय तहबीच डिजिटल साक्षरता कार्यक्रम अभियानकै रूपमा सञ्चालन गर्ने।
- किशोरकिशोरीका लागि अनलाइन जोखिम पहिचान, रिपोर्टिङ र आत्म–सुरक्षा सामग्री विकास तथा प्रसार गर्ने।
- अश्लील सामग्रीको कठोर नियन्त्रण, अनुगमन र तत्काल हटाउने व्यवस्था कडाइका साथ लागू गर्ने।

७. नीति, कानून र कार्यान्वयन सबल पार्ने

- तथ्यमा आधारित नीति निर्माणका लागि अभिलेख प्रणाली विकासको नीति लिने।
- साइबर हिंसा, अनलाइन शोषणलगायत अपराधका स्पष्ट परिभाषा र दण्ड बनाउने।
- अनुसन्धान/उजुरी प्रक्रिया राजनीतिक वा सामाजिक प्रभावबाट निष्पक्ष राख्ने सुनिश्चिता गर्ने।
- अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार नीति, कानुन र संयन्त्र सुधार गर्ने।
- स्थानीय तहले हिंसा रोकथाम योजना अनिवार्य रूपमा तयार गरी कार्यान्वयन गर्ने।
- सबै सरोकारवाला निकायबीच एकीकृत डाटाबेस (integrated data system) विकासका लागि नीतिगत पहलकदमी लिने।

सन्दर्भ समग्री

नेपालको संविधान
राष्ट्रिय मानव अधिकार आयोगका दस्ताबेज/प्रतिवेदन
राष्ट्रिय दलित आयोगको पाँचौ वार्षिक प्रतिवेदन
राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन/दस्तावेज
नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका प्रतिवेदन
विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुका अध्ययन प्रतिवेदन
मिडियामा प्रकाशित समाचार तथा विचार सामग्रीहरू

प्रकाशक

FEDO

दलित महिला संघ (फेडो)

कुपण्डोल, ललितपुर

+९७७-१-५५२०९८२

dms.fedo@gmail.com

http://www.fedonepal.org

सहयोग

DCA actalliance

FOUNDATION FOR A JUST SOCIETY

KIOS Foundation

FOLLOW US

Feminist Dalit Organization

Feminist Dalit Organization - FEDO Nepal

Feminist Dalit Organization

Feminist Dalit Organization

Scan me for more details